# मध्यमकालीन खर्च संरचना

## आ.व. २०८०/८१-२०८२/८३

# Medium Term Expenditure Framework

## 2023/24-2025/26

त्रिबर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रु हजारमा)




# पूर्वखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पूर्वखोला, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

२०८०

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत क्षेत्रको लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासत्रन प्राप्त गर्न सार्वजनिक खर्च व्यवस्थापन आवश्यक हुन्छ। मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र बजेट बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यस संरचनाले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ।

नेपालमा मध्यमकालीन खर्च संरचनाको औपचारिक सुरुवात आर्थिक वर्ष २०५९/६० देखि गरिएको हो। यसको प्रमुख उद्देश्य सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको अपेक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत प्रचलित कानूनी व्यवस्थाले संघ, प्रदेश र स्थानीय सरकारले मध्यमकालीन खर्च संरचना तयार गरी सो बमोजिम बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस पृष्ठभूमिमा पूर्वखोला गाउँकार्यपालिका, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र विषयगत समितिहरु, विषयगत शाखा, इकाई समेतको सहभागितामा आवधिक योजना तयार गरी चालु आर्थिक बर्षको बार्षिक कार्यक्रमको आधारमा आगामी तीन वर्षको खर्चको प्रक्षेपण सहित पहिलो पटक मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएका छन्।

मध्यमकालीन खर्च संरचनामा चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) तयार गरिएको छ। स्थानीय सरकारलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषय क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ। स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ।

मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व तथा अनुदान र ऋण समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनुपर्ने हुन्छ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

यस मध्यमकालीन खर्च संरचना यस गाउँपालिकाको पहिलो प्रयास हो । यस संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यक्रमहरुमा लगानी, निरन्तरता र कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच **"समृद्ध पूर्वखोला; खुसी जनता"** र प्रदेश तथा राष्ट्रिय लक्ष्य र दीगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । मध्यमकालीन खर्च संरचना तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना र विषयगत क्षेत्र रणनीतिक/गुरुयोजना र दिगो विकास लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- नेपाल सरकार तथा प्रदेश सरकारको दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१६-२०३०)
- अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८०/८१)
- लुम्विनी प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकार तथा गाउँपालिकाको नीति तथा कार्यक्रम (आ.व.२०७९/८० र २०८०/८१)
- गाउँपालिकाबाट उपलब्ध तथ्यांक तथा राष्ट्रिय जनगणना २०७८ को तथ्यांक

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट परिमार्जित दिग्दर्शन, २०७८ मा समावेश अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहायबमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरी व्यवस्थित एवं सहभागितामूलक रुपमा तर्जुमा गरिएको छ :

### चरण - १: तयारी चरण

***प्रक्रिया १: परामर्शदाताको नियुक्त तथा परिचालन***

पूर्वखोला गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्शदाता नियुक्त गरी परिचालन गरिएको छ । यस प्रक्रियामा मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरिएको छ ।

***प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज तथा दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा***

गाउँपालिकाको मार्ग निर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरिएको थियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदाइत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि र नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण
- नेपाल सरकार, प्रदेश सरकार एवं गाउँपालिकाका आर्थिक, विनियोजन र राजस्व सम्बन्धी ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- नेपाल सरकारको दीर्घकालीन सोच २१००, पन्ध्रौं राष्ट्रिय योजना तथा लुम्विनी प्रदेशको आवधिक योजना
- नेपाल सरकार तथा लुम्बिनि प्रदेश सरकारको सान्दर्भिक नीति, कानून तथा अभ्ययन प्रतिवेदनहरु,
- पूर्वखोला गाउँपालिकाका सान्दर्भिक नीति, कानून र अध्ययन तथा सर्भेक्षण प्रतिवेदन आदि ।

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तथा मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लिखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । यस प्रारम्भिक छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरिएको छ । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

### चरण - २: लेखाजोखा चरण

***प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा साझा बुझाइ कायम गर्ने उद्देश्यले २०८० आषाढ ६ गते एक दिवसीय अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा गाउँ कार्यपालिकाका पदाधिकारी तथा कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया र यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत महाशाखा/शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरिएको थियो ।

***प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना***

चालु आवधिक योजना, वार्षिक कार्यक्रमको उपलब्धि समीक्षाका लागि विषयगत समिति/इकाईसँग परामर्श तथा छलफल गरिएको थियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु, वहुवर्षिय अध्ययन तथा विस्तृत आयोजना

प्रतिवेदनभई लागत यकिन भएका, संभाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार लागत यकिन भएका आयोजना तथा कार्यक्रम विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको सम्बन्धित उप-क्षेत्रगत रुपमा आवश्यकत स्रोत समेत निर्धारण गरियो ।

**प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

आन्तरिक श्रोतलाई राजश्व सुधार कार्ययोजनाका आधारमा र राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरिएको छ । विगत आर्थिक वर्षहरुको खर्च सहित स्थानीय गौरवका आयोजना, विषयगत क्षेत्र अर्न्तगतका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ ।

**चरण - ३: तयारी चरण**

**प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा कार्यशालाको आयोजना**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखा/इकाईसँग आवश्यक छलफल गरी प्रत्येक उपक्षेत्रका आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान यकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरिएको छ ।

**प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/इकाईसंग आवश्यक छलफल गरी तयार गरिएको छ । विषयगत शाखा/इकाई सम्वन्धीत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्रको मध्यमकालीन संरचना तयार गरिएको छ ।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा विषयगत क्षेत्रहरुको मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरिएको छ । मस्यौदा तयार गर्दा आवधिक योजनाका परिमाणात्मक लक्ष्यलाई आधार लिइएको छ । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेटखाका समावेश गरिएको छ ।

**प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको मस्यौदामा छलफल**

मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्धेश्यले गाउँपालिकामा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा पालिकाका अधयक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदन प्रस्तुत गरी आवश्यक सुझावहरु संकलन गरिएको थियो ।

**प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुतिमा प्राप्त सुझावहरु समेटी मस्यौदा दस्ताबेजलाई आवश्यक परिमार्जन गरिएको हो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरि यस परिमार्जित मस्यौदामा समेटीएको छ ।

***प्रक्रिया १५: मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत पश्चात् अनुमोदनको निमित्त वार्षिक बजेट तथा कार्यक्रमको साथमा गाउँ सभामा पेश गरिएको छ ।

# परिच्छेद दुई : स्थानीय मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

आर्थिक-सामाजिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि सार्वजनिक वित्त व्यवस्थापनका तिनै पक्ष विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन उत्तिकै प्रभावकारी हुन आवश्यक छ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने साधन तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको अभ्यास गरिदै आइएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनु पर्ने व्यवस्था छ। पूर्वखोला गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच **"समृद्ध पूवखीला; खुसी जनता"** सहितको आवधिक योजनाका प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। गाउँपालिकाको आवधिक योजनाले नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपाल; सुखी नेपालीको** दीर्घकालीन सोच अनुरुप तयार चालु पन्धौं योजना र लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकतालाई आत्मसात गर्ने प्रयास गरेको छ।

आर्थिक वर्ष (२०८०/८१-२०८२/८३) का लागि तुर्जमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दीगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ अवसर तथा चूनौति

संवैधानिक व्यवस्था अनुसार संघीय संरचना तथा शासन प्रणाली अनुरुप निर्वाचित पदाधिकारीहरुको पहिलो कार्यकालमा नीति, कानून, कार्यविधि, मापदण्ड र योजना तर्जुमाको आधार तयार भई गाउँपालिका जनमुखी सेवा प्रवाह, नतिजामुखी विकास र सुशासनको प्रक्रिया पदार्पण गरेको छ। संवैधानिक तथा कानूनी व्यवस्थाले स्थानीय सरकारले गर्ने कार्य प्रणालीमा स्पष्टता र निखरता आएको छ भने वित्तीय संघीयतामा आधारित भई स्थानीय सरकारले पाउने स्रोत र साधनमा स्पष्टता आएको र बढोत्तरी समेत भएको अवस्था छ। परिवर्तित सन्दर्भमा गाउँबासीहरुमा पनि सृजनसिल हिसाबले राजनैतिक, सामाजिक र आर्थिक समृद्धि पहलका लागि वहस शुरु भएको छ। गाउँबासीहरुमा क्रमशः उद्यमशिलता र व्यवसायिकता बढोत्तरी हुँदै गएको छ।

यसैगरी पूर्वखोलाबासीहरुमा गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा गुणस्तरीय पूर्वाधार निर्माणका आवश्यकताको महशुस भएको छ। प्रविधिको विकास सँगै गाउँपालिकामा विभिन्न साना तथा घरेलु उद्योग, व्यवसाय तथा सेवा क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगमा विस्तार हुँदै गएको छ। संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दीगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन्। यस गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्। बढ्दो बसाइसराईले निम्त्याएको अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने चुनौति समेत रहेको छ।

पूर्वखोला गाउँपालिका केही हद सम्म व्यापारिक र सेवा क्षेत्रको पनि केन्द्र भएको हुँदा यसबाट प्रत्यक्ष, दिगो र समतामूलक लाभ लिन दक्ष मानविय पूँजी निर्माणको लागि शिक्षा र स्वास्थ्यको क्षेत्रमा थप लगानी आकर्षित तथा परिचालन गर्नु पर्ने देखिएको छ । यस गाउँपालिकामा थुप्रै खोला नाला भएको हुँदा तिनको संरक्षण र उपयोग गरी सुरक्षित र वातावरणीयमैत्री पालिका बनाउनु ठूलो चूनौति रहेको छ । यसका साथै वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चूनौतिको रुपमा रहेको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

यस मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । उक्त आवधिक योजनामा उल्लिखित पूर्वखोलाको समष्टिगत सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस मध्यमकालिन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण गाउँपालिकाको विगत बर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, लुम्विनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं राष्ट्रिय, प्रदेश र गाउँपालिकाकोे वषयगत नीति तथा कार्यक्रमको आधारमा तयार गरिएको छ । सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### *२.३.१ पूर्वखोला विकासको दीर्घकालीन सोच*

पूर्वखोला गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**“समृद्ध पूर्वखोला, खुसी जनता”**

### *२.३.२ गाउँ विकासको लक्ष्य*

गाउँपालिकाको दीर्घकालीन सोचको आधारका रुपमा रहेको आवधिक विकास योजनाको लक्ष्य देहायअनुसार रहेको छः

**“रोजगारी र आयमा वृद्धि गरी पूर्वखोलावासीको जीवनस्तरमा दीगो तथा गुणात्मक परिवर्तन ल्याउने“** प्रमुख लक्ष्य यस योजनाको रहेको छ । यो लक्ष्यले योजनाका उद्देश्य, प्राथमिकता, रणनीति, कार्यनीति र कार्यक्रमहरुलाई निर्देश गर्दछ ।

### *२.३.३ गाउँ विकासको उद्देश्य*

माथि उल्लेखित प्रमुख लक्ष्य प्राप्तीका लागि आवधिक योजनामा देहाय अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

- कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।
- समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।
- गुणस्तरिय भौतिक पूर्वाधारहरुको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।
- वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।
- सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत पूर्वखोलावासीलाई सुशासनको प्रत्याभूति गराउने ।

## २.४ समष्टिगत आर्थिक खाका

“समृद्ध नेपाल र सुखी नेपाली” को राष्ट्रिय सोच तथा संकल्प, लुम्बिनी प्रदेश सरकारको सोच र गाउँपालिकाको विकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा

सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.१: प्रमुख समष्टिगत तथा विषयगत सूचक तथा लक्ष्य***

| क्र.स | सूचक विवरण | इकाई | आधार वर्ष | मध्यकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | आर्थिक वृद्धि दर | प्रतिशत | ५.८* | ६.० | ६.२ | ६.५ |
| २ | प्रति व्यक्ति कूल आय | अमेरिकी डलर | १३६२* | १३८० | १४२५ | १४५० |
| ३ | गरिबीको रेखा मुनीको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १७* | १६.५ | १६.० | १५ |
| ४ | बेरोजगारीको दर | प्रतिशत | ११.२** | १०.०० | ९.५० | ९.० |
| ५ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट/प्रति हे. | ३.२० | ३.५ | ३.८ | ४.० |
| ६ | कृषि भूमिमा सिंचाई सुविधा उपलब्धता | प्रतिशत | ३६.५ | ३८ | ४० | ४२ |
| ७ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८१.०० | ८४ | ८७ | ९० |
| ८ | बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना | प्रतिशत | ९९ | १०० | १०० | १०० |
| ९ | बिद्यालय छाड्ने दर (कक्षा ९-१२) | प्रतिशत | | | | |
| १० | ५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० |
| ११ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भबती | प्रतिशत | १०० | १०० | १०० | १०० |
| १२ | मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० |
| १३ | औषत आयु | वर्ष | ६९.३०** | ७० | ७१ | ७२ |
| १४ | शुद्ध खानेपानीको उपलब्धता | प्रतिशत | ९६.००. | ९७ | ९८ | ९८ |
| १५ | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको परिवार संख्ण | प्रतिशत | ४५ | ५० | ५५ | ६० |
| १६ | नाली सहितको कालोपत्रे सडक | कि.मी. | १६.५० | १६.५ | १६.५ | २५.०० |
| १७ | विद्युत उपलब्धता | प्रतिशत | ९८.८६ | ९९ | ९९ | ९९ |
| १८ | मोवाइल प्रयोगकर्ता (परिवार) | प्रतिशत | ७३.६७ | ७६ | ८२ | ९२ |
| १९ | इन्टरनेट सेवामा पहुँच (परिवार) | प्रतिशत | ५१.५२ | ५३ | ५४ | ५५ |
| २० | खरको छाना भएका परिवार | प्रतिशत | ४.७० | ०० | ० | ० |
| २१ | सामुदायिक वन | संख्या | ३८ | ३८ | ३९ | ४० |
| २२ | पक्की शौचालय भएका घर | प्रतिशत | ९२.८७ | ९३ | ९३.५ | ९४ |
| २३ | खाना पकाउने इन्धन-दाउराको प्रयोग | प्रतिशत | ८३.४३ | ८२ | ८१ | ८० |
| २४ | बेरुजु फछर्यौट | प्रतिशत | | | | |
| २५ | कुल बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १.०० | ०.९५ | १.५ | १.८ |
| २६ | संस्थागत स्वमूल्यांकनमा पालिकाको अंक | प्रतिशत | ४१.२५ | ६० | ७० | ७५.०० |

* * लुम्बिनी प्रदेशको आवधिक योजना, * पन्धौं योजना

*स्रोत: आवधिक योजना, २०८०*

## २.५ प्रमुख नतिजा सूचक तथा समष्टिगत मध्यमकालीन नतिजा खाका

पन्धौं योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको आवधिक विकास योजना लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक बर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक विकास योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका माथी तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

## २.६ समष्टिगत मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा आवधिक विकास योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता र गाउँपालिकाका बार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा

विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी श्रृजना, सामाजिक तथा आर्थिक विकास, हरित, उत्थानशिल र समावेशी विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा क्षेत्रगत नतिजा प्राप्त हुने गरी खर्च तथा स्रोतको अनुमान गरिएको छ।

गाउँपालिकाका गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति एवं संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण हुने अनुदानहरुलाई मध्यनजर गरी अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम, र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम तथा सोको प्रक्षेपणको आधारमा अनुमान गरिएको छ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ७१ करोड ४४लाख ८३ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु. १ अर्ब ०५ करोड ५२ लाख, १९ हजार ( ६१.५५ प्रतिशत) र पुँजीगत खर्च रु. ६५ करोड ९२ लाख ६४ हजार (३८.४५प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. २ करोड ६४ लाख ७२ हजार (१.५४ प्रतिशत), राजस्व बाँडफाटबाट रु. ३२ करोड ३० लाख २७ हजार (१८.८९ प्रतिशत), नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब २० करोड ५५ लाख  ७१ हजार (७०.३२ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. १२ करोड २४ लाख १४ हजार (७.१४ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ।

**तालिका २.३ : त्रिबर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रु हजारमा)**

| क.सं | शिर्षक | आधार बर्ष | आगामी ३ आर्थिक बर्षको आय प्रक्षेपण रु हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | कूल आय |
| **१.** | **कूल आय तथा लगानी** | **५०३३७४.००** | **४९६४९९.००** | **५७९७७५.००** | **६३८२०९.००** | **१७१४४८३.००** |
| **१.१** | **राजश्व र नगद मौज्दात** | **४२०५०** | **७४३२.७** | **८८००.९२** | **१०२३८.०८** | **२६४७१.७०** |
| १.१.१ | आन्तरिक राजश्व | ८०००.०० | ७४३२.७० | ८८००.९२ | १०२३८.०८ | २६४७१.७० |
| १.१.२ | गत वर्षको नगद मौज्दात | ३४०५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **१.२** | **राजश्व बाँडफाँड** | **९११०३.००** | **९०८१३.१०** | **१११००७.००** | **१२२१०७.००** | **३२३९२७.१०** |
| १.२.१ | मुल्य अभिबृद्धि कर | ५०४५२.०० | ४५३९५.१० | ६१०४७.०० | ६७१५१.०० | १७३५९३.१० |
| १.२.२ | अन्त:शुल्क | ३३६३६.०० | ३७०००.०९ | ४०७००.०० | ४४७७०.०० | १२२४७०.०० |
| १.२.३ | सवारी साधन कर | ७०१५.०० | ८४१८.०० | ९२६०.०० | १०१८६.०० | २७८६४.०० |
| **१.३** | **अन्तर सरकारी बित्तिय हस्तान्तरण** | **३७०२२१.००** | **३८७२५३.००** | **४४७९६७.३०** | **४९२७६४.०३** | **१३२७९८४.३३** |
| १.३.१ | **संघीय सरकारबाट प्राप्त** | **३३६६००.००** | **३५०२७०.००** | **४०७२८६.००** | **४४८०१४.६०** | **१२०५५७०.६०** |

| क्र.सं | शिर्षक | आधार बर्ष | आगामी ३ आर्थिक बर्षको आय प्रक्षेपण रु हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | कूल आय |
| | **अनुदान** | | | | | |
| | समानीकरण अनुदान | ९९५००.०० | ८७८००.०० | १२०३९५.०० | १३२४३४.५० | ३४०६२९.५० |
| | शसर्त अनुदान चालु | १९९४००.०० | २२२०००.०० | २४१२७४.०० | २६५४०१.४० | ७२८६७५.४० |
| | शसर्त अनुदान पुजीगत | १७७००.०० | १९४७०.०० | २१४१७.०० | २३५५८.७० | ६४४४५.७० |
| | विशेष अनुदान | ७०००.०० | १६०००.०० | ८४७०.०० | ९३१७.०० | ३३७८७.०० |
| | समपुरक अनुदान | १३०००.०० | ५०००.०० | १५७३०.०० | १७३०३.०० | ३८०३३.०० |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **३३६२१.००** | **३६९८३.००** | **४०६८१.३०** | **४४७४९.४३** | **१२२४१३.७३** |
| | समानीकरण अनुदान | ५२७१.०० | ५७९८.०० | ६३७७.८० | ७०१५.५८ | १९१९१.३८ |
| | शसर्त अनुदान चालु | ८०००.०० | ८८००.०० | ९६८०.०० | १०६४८ | २९१२८.०० |
| | विशेष अनुदान चालु | ६०००.०० | ६६००.०० | ७२६०.०० | ७९८६ | २१८४६.०० |
| १.३.२ | समपुरक अनुदान चालु | १४३५०.०० | १५७८५.०० | १७३६३.५० | १९०९९.८५ | ५२२४८.३५ |
| **१.४** | **जनसहभागीता** | ०.०० | **५०००.००** | **५५००.००** | **६०५०.००** | **१६५५०.००** |
| १.४.१ | नगद | ०.०० | १०००.०० | ११००.०० | १२१०.०० | ३३१०.०० |
| १.४.२ | श्रम तथा बस्तुगत | ०.०० | ४०००.०० | ४४००.०० | ४८४०.०० | १३२४०.०० |
| **१.५** | **गै.स.स परिचालन** | ०.०० | **५०००.००** | **५५००.००** | **६०५०.००** | **१६५५०.००** |
| **१.६** | **निजी, सार्वजनिक तथा सहकारी क्षेत्रको लगानी** | ०.०० | १०००.०० | १०००.०० | १०००.०० | ३०००.०० |
| **कुल खर्च** | | | ४९६४९९.०० | ५७९७७५.०० | ६३८२०९.०० | १७१४४८३.०० |
| **चालु खर्च** | | | | | | |
| **पूजिंगत खर्च** | | | | | | |

*स्रोत: आवधिक योजना र विषयगत विवरण*

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन बर्षको अनुमान र प्रक्षेपण (रु. लाखमा)**

| क्र.सं. | रणनीतिक स्तम्भ | संख्या | २०८०/८१ को अनुमान | | २०८०/८१ को प्रक्षेपक्ष | | २०८१/८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | % | रकम | % | रकम | % |
| १ | कृर्षि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि आर्थिक वृद्धि | | ३७५.०० | ७.७१ | ४३४.६४ | ७.५० | ४१५.२० | ६.५१ |
| २ | गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानविय पूँजी निर्माण | | २५८०.०० | ५३.०३ | २७९०.६० | ४८.१३ | ३०६६.३१ | ४८.०५ |
| ३ | भौतिक पूर्वाधार निर्माण तथा विस्तार | | १०९५.७७ | २२.५२ | १६३५.६२ | २८.२१ | १८५२.६५ | २९.०३ |
| ४ | वन, जलाधार तथा संरक्षित क्षेत्रको एकीकृत व्यवस्थापन मार्फत प्राकृतिक स्रोतको दिगो संरक्षण उपयोग गर्ने | | ७०.०० | १.४४ | ६८.०० | १.१७ | ८६.०० | १.३५ |

| क.सं. | रणनीतिक स्तम्भ | संख्या | २०८०/८१ को अनुमान | | २०८०/८१ को प्रक्षेपक्ष | | २०८१/८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | % | रकम | % | रकम | % |
| ५ | स्थानीय शासन, सेवा प्रवाह तथा विकास उपलब्धिलाई जनमुखी, समावेशी, उत्तरदायी र पारदर्शी बनाउने | | १५७.५० | ३.२४ | ११३.५० | १.९६ | १३१.०० | २.०५ |
| ६ | कार्यालय संचालन तथा प्रशासननिक कार्य व्यवस्थापन । | | ६८६.७२ | १४.१२ | ७५५.३९ | १३.०३ | ८३०.९३ | १३.०२ |
| | **जम्मा** | | ४९६४.९९ | १०० | ५७९७.७५ | १०० | ६३८२.०९ | |

**ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँड**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रक्षेपक्ष | | २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | | | | | | | |
| प्राथमिकता दोश्रो (P2) | | | | | | | |
| **जम्मा** | | | | | | | |

**ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रक्षेपक्ष | | २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | | | | | | |
| २ | शुन्य भोकमरी | | | | | | | |
| ३ | स्वस्थ्य जीवन | | | | | | | |
| ४ | गुणस्तरीय शिक्षा | | | | | | | |
| ५ | लैंगिक समानता | | | | | | | |
| ६ | सफा पानी र स्वच्छता | | | | | | | |
| ७ | आधुनिक उर्जामा पहुँच | | | | | | | |
| ८ | आर्थिक बृद्धि र मर्यादित काम | | | | | | | |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | | | | | | | |
| १० | असमानता न्यूनीकरण | | | | | | | |
| ११ | दीगो शहर र समुदाय | | | | | | | |
| १२ | दीगो उपभोग र उत्पादन | | | | | | | |
| १३ | जलबायु परिवर्तन अनुकुलन | | | | | | | |
| १४ | पानी मुनीको जीवन | | | | | | | |
| १५ | जमीन माथिको जीवन | | | | | | | |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | | | | | | | |
| १७ | दीगो विकासका लागि साझेदारी | | | | | | | |
| | जम्मा | | | | | | | |

### घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

*तालिका २.७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रक्षेपक्ष | | २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | | | | | | | |
| सहयोगी | | | | | | | |
| तटस्थ | | | | | | | |
| **जम्मा** | | | | | | | |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ।

*तालिका २.८ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रक्षेपक्ष | | २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | | | | | | | |
| अप्रत्यक्ष लाभ | | | | | | | |
| तटस्थ | | | | | | | |
| **जम्मा** | | | | | | | |

### च. गाउँपालिकाका गौरवका आयोजना

गाउँपालिकाको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई पूर्वखोला गाउँपालिकाले गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । गाउँपालिकाका गौरवका आयोजनाहरुको बिबरण निंनासार रहेको छ। गौरवका आयोजनाहरुका केन्द्र तथा प्रदेश सरकारको लगानी रहने गरी प्रस्ताव गरिएको छ।

- १५ शैयाको अस्पताल निर्माण तथा संचालन- बिरकोट (संघिय सरकार)
- आर्यभञ्जयाङ-रामपुर सडक -आलोक मार्ग. (प्रदेश सरकार)।
- हुमिन-खिर्ल्हा भन्ज्याङ्ग-बिर्ता बजार-ज्यामिरे सडक-नाली सहित १६.६२ कि.मी (प्रदेश सरकार)।
- वडा नं २ को जल्पाडांडामा अवस्थित खेलकुद मैदानको निर्माण र आवश्यक भौतिक पुर्वाधार व्यवस्थापन।
- हात्तिलेकको काखमा रहेको सपाह सोला, मंगला र वाम्दी खोलामा ड्राम निर्माण गरी वहुउद्धेश्यीय जलासय निर्माण।

### छ. गाउँपालिकाका रुपान्तरणकारी आयोजना

गाउँपालिकाको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने बिषेश महत्वका आयोजनालाई पूर्वखोला गाउँपालिकाले रुपान्तरणकारी आयोजनाको रुपमा प्रस्ताव गरेको छ । गाउँपालिकाका रुपान्तरणकारी आयोजनाहरुको बिबरण निंनानुसार रहेको छ।

- बिर्ताबजार - खल्लु भन्ज्याङ्ग सडक
- हुमिन-खिर्ल्हा भन्ज्याङ्ग -देबिनगर-जल्पा-बहादुरपुर सडक
- दार्सि भन्ज्याङ्ग- ढाकेवास-रिङ्नेरह सडक ७.९८ कि.मी वडा नं १
- ब्यवसायीक बाख्रापालन कार्यक्रम।
- अमिलो जातको फलफुल खेती कार्यक्रम।
- अभियानमुखी अम्रिसो रोपण कार्यक्रम।

## २.८ विषय क्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण अनुसूची १ र २ मा उल्लेख गरिएको छ।

तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. लाखमा)

| क्र.स. | विषय क्षेत्र | २०८०/८१ को अनुमान | | | ०८१/८२ को प्रक्षेपक्ष | | | ०८२/८३ को प्रक्षेपक्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| क | आर्थिक बिकास | | | | | | | | | |
| १ | कृषि बिकास | १८४००.०० | ९९००.०० | ८५००.०० | २२२३४.०० | ९२१४.०० | १३०२०.०० | १८७२०.०० | १०१२०.०० | ८६००.०० |
| २ | पशुपंछि विकास | १०३००.०० | ५५००.०० | ४८००.०० | ११३३०.०० | ६०५०.०० | ५२८०.०० | १२६००.०० | ६५००.०० | ६१००.०० |
| ३ | घरेलु तथा साना उद्योग | १८००.०० | ४००.०० | १४००.०० | १६००.०० | ५००.०० | ११००.०० | १५००.०० | ४००.०० | ११००.०० |
| ४ | वन पैदावार तथा खनिज सम्पदा | ४००.०० | ०.०० | ४००.०० | ४००.०० | ०.०० | ४००.०० | १४००.०० | १०००.०० | ४००.०० |
| ५ | पर्यटन | ३७००.०० | ३००.०० | ३४००.०० | ५४००.०० | १३००.०० | ४१००.०० | ४५००.०० | ३००.०० | ४२००.०० |
| ६ | सहकारी बिकास | ८००.०० | २००.०० | ६००.०० | ८००.०० | २००.०० | ६००.०० | ११००.०० | २००.०० | ९००.०० |
| ७ | बायिज्य तथा आपुर्ति | ७००.०० | ७००.०० | ०.०० | ५००.०० | ५००.०० | ०.०० | ५००.०० | ५००.०० | ०.०० |
| ८ | श्रम तथा रोजगार र गरिबी निवारण | १४००.०० | ६००.०० | ८००.०० | १२००.०० | ४००.०० | ८००.०० | १२००.०० | ४००.०० | ८००.०० |
| | आर्थिक बिकास तर्फको जम्मा | ३७५००.०० | १७६००.०० | १९९००.०० | ४३४६४.०० | १८१६४.०० | २५३००.०० | ४१५२०.०० | १९४२०.०० | २२१००.०० |
| ख | सामाजिक बिकास | | | | | | | | | |
| १ | शिक्षा | १७४२००.०० | १६३५००.०० | १०७००.०० | १९०१५०.०० | १७९८५०.०० | १०३००.०० | २०९६८१.०० | १९९०८१.०० | १०६००.०० |
| २ | स्वास्थ्य सेवा | ६०५००.०० | ५४१००.०० | ६४००.०० | ६६३१०.०० | ५९२१०.०० | ७१००.०० | ७२६५०.०० | ६५१००.०० | ७५५०.०० |
| ३ | महिला, जेष्ठ नागरिक तथा फरक क्षमता | ४७००.०० | २१००.०० | २६००.०० | २९००.०० | २१००.०० | ८००.०० | ३२००.०० | २२००.०० | १०००.०० |
| ४ | आदिवासी तथा दलित वर्ग उत्थान | २०००.०० | १२००.०० | ८००.०० | २०००.०० | ९००.०० | ११००.०० | २१००.०० | १०००.०० | ११००.०० |
| ५ | बालबालिका तथा बाल संरक्षण | १९००.०० | ६००.०० | १३००.०० | २४००.०० | ६००.०० | १८००.०० | २५००.०० | ७००.०० | १८००.०० |
| ६ | युवा, खेलकुद तथा संस्कृती | ६९००.०० | ३१००.०० | ३८००.०० | ७८००.०० | २८००.०० | ५०००.०० | ९५००.०० | ३५००.०० | ६०००.०० |
| ७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ६००.०० | ६००.०० | ०.०० | ३००.०० | ३००.०० | ०.०० | ३००.०० | ३००.०० | ०.०० |
| ८ | खानेपानी र सरसफाई | ७२००.०० | २००.०० | ७०००.०० | ७२००.०० | २००.०० | ७०००.०० | ६७००.०० | २००.०० | ६५००.०० |

| क्र.स. | विषय क्षेत्र | २०८०/८१ को अनुमान | | | ०८१/८२ को प्रक्षेपक्ष | | | ०८२/८३ को प्रक्षेपक्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत |
| | सामाजिक बिकास तर्फको जम्मा | २५८०००.०० | २२५४००.०० | ३२६००.०० | २७९०६०.०० | २४५९६०.०० | ३३१००.०० | ३०६६३१.०० | २७२०८१.०० | ३४५५०.०० |
| ग | पूर्वाधार बिकास | | | | | | | | | |
| १ | सडक तथा यातायात | ९०७७७.०० | ९००.०० | ८९८७७.०० | १५०२६२.०० | ३००.०० | १४९९६२.०० | १७०१६५.०० | ११००.०० | १६९०६५.०० |
| २ | सूचना तथा सञ्चार | ७००.०० | ०.०० | ७००.०० | ०.०० | ०.०० | ०.०० | ३००.०० | ०.०० | ३००.०० |
| ३ | विद्युत तथा उर्जा | २१००.०० | ०.०० | २१००.०० | १९००.०० | ०.०० | १९००.०० | १७००.०० | ०.०० | १७००.०० |
| ४ | भवन तथा आवास | ७३००.०० | ०.०० | ७३००.०० | ३५००.०० | ०.०० | ३५००.०० | ४९००.०० | ०.०० | ४९००.०० |
| ५ | सिंचाई | ४५००.०० | ०.०० | ४५००.०० | ४०००.०० | ०.०० | ४०००.०० | ४५००.०० | ०.०० | ४५००.०० |
| ६ | नदी तथा पहिरो नियन्त्रण | ४२००.०० | ०.०० | ४२००.०० | ३९००.०० | ०.०० | ३९००.०० | ३७००.०० | ०.०० | ३७००.०० |
| | पूर्वाधार बिकास तर्फको | १०९५७७.०० | ९००.०० | १०८६७७.०० | १६३५६२.०० | ३००.०० | १६३२६२.०० | १८५२६५.०० | ११००.०० | १८४१६५.०० |
| घ | वन, वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | |
| १ | वन विकास | १७५०.०० | ३५०.०० | १४००.०० | १२५०.०० | ३५०.०० | ९००.०० | २३५०.०० | ३५०.०० | २०००.०० |
| २ | वातावरण संरक्षण | ६५०.०० | ६५०.०० | ०.०० | ८५०.०० | ६५०.०० | २००.०० | १३५०.०० | ११५०.०० | २००.०० |
| ३ | जैबिक बिबिधता | ६००.०० | १००.०० | ५००.०० | १३००.०० | ३००.०० | १०००.०० | १३००.०० | २००.०० | ११००.०० |
| ४ | पार्क तथा खुल्ला क्षेत्र | १६००.०० | ०.०० | १६००.०० | १६००.०० | ०.०० | १६००.०० | १५००.०० | ०.०० | १५००.०० |
| ५ | सीमसार तथा जलाधार क्षेत्र | ४००.०० | ०.०० | ४००.०० | ४००.०० | ०.०० | ४००.०० | ४००.०० | ०.०० | ४००.०० |
| ६ | जलवायु परिवर्तन तथा अनुकूलन रणनीति | ६००.०० | ३००.०० | ३००.०० | ४००.०० | १००.०० | ३००.०० | ४००.०० | १००.०० | ३००.०० |
| ७ | बिपद व्यवस्थापन | १४००.०० | ३००.०० | ११००.०० | १०००.०० | ३००.०० | ७००.०० | १३००.०० | ६००.०० | ७००.०० |
| | वन, वातावरण तथा विपद व्यवस्थापन तर्फको | ७०००.०० | १७००.०० | ५३००.०० | ६८००.०० | १७००.०० | ५१००.०० | ८६००.०० | २४००.०० | ६२००.०० |
| | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | | | | | | | | | |
| १ | संस्थागत बिकास | ८६००.०० | ५१००.०० | ३५००.०० | ५९००.०० | ४४००.०० | १५००.०० | ६४००.०० | ४९००.०० | १५००.०० |
| २ | वित्तीय सुशासन | ६००.०० | ६००.०० | ०.०० | ६००.०० | ६००.०० | ०.०० | ७००.०० | ७००.०० | ०.०० |
| ३ | न्याय प्रणाली | ५००.०० | ५००.०० | ०.०० | ५००.०० | ५००.०० | ०.०० | ७००.०० | ७००.०० | ०.०० |

| क्र.स. | विषय क्षेत्र | २०८०/८१ को अनुमान | | | ०८१/८२ को प्रक्षेपक्ष | | | ०८२/८३ को प्रक्षेपक्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत |
| ४ | नबिनतम प्रबिधि | १२००.०० | ३००.०० | ९००.०० | १०००.०० | ०.०० | १०००.०० | १४००.०० | ०.०० | १४००.०० |
| ५ | शान्ति सुरक्षा | ८००.०० | ५००.०० | ३००.०० | ७००.०० | ५००.०० | २००.०० | ८००.०० | ६००.०० | २००.०० |
| ६ | अनुगमन तथा मूल्यांकन | १०००.०० | १०००.०० | ०.०० | ५००.०० | ५००.०० | ०.०० | ६००.०० | ६००.०० | ०.०० |
| ७ | तथ्यांक प्रणाली | १४५०.०० | १४५०.०० | ०.०० | ६५०.०० | ६५०.०० | ०.०० | ७००.०० | ७००.०० | ०.०० |
| ८ | सामुदायिक-गैसस साझेदारी | १६००.०० | १६००.०० | ०.०० | १५००.०० | १५००.०० | ०.०० | १८००.०० | १८००.०० | ०.०० |
| | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | १५७५०.०० | ११०५०.०० | ४७००.०० | ११३५०.०० | ८६५०.०० | २७००.०० | १३१००.०० | १००००.०० | ३१००.०० |
| १ | कार्यालय संचालन तथा प्रशासनिक | ६८७२०.०० | ६७७२०.०० | १०००.०० | ७५५३९.०० | ७४४३९.०० | ११००.०० | ८३०९३.०० | ८१८८३.०० | १२१०.०० |
| | कार्यालय संचालन तथा प्रशासनिक तर्फको | ६८७२०.०० | ६७७२०.०० | १०००.०० | ७५५३९.०० | ७४४३९.०० | ११००.०० | ८३०९३.०० | ८१८८३.०० | १२१०.०० |
| | कूल जम्मा | ४९६५४७.०० | ३२४३७०.०० | १७२१७७.०० | ५७९७७५.०० | ३४९२१३.०० | २३०५६२.०० | ६३८२०९.०० | ३८६८८४.०० | २५१३२५.०० |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद ३: आर्थिक क्षेत्र

आर्थिक विकास क्षेत्र अत्तर्गत कृषि, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि

### ३.१.१ पष्ठभूमि

कुल क्षेत्रफल मध्ये ४४.०७ प्रतिशत अर्थात् ६०८८ व.कि.मी. क्षेत्रफल कृषियोग्य भूमि रहेको देखिन्छ । गाउँपालिकाका कुल घरपरिवार मध्ये ८२ प्रतिशत घरपरिवार कृषि तथा पशुपालनमा क्षेत्रमा संलग्न रहेको देखिन्छ । यहाँका अधिकांश घरपरिवारको आयस्रोतको मुख्य माध्यम कृषि तथा पशुपालन रहेको छ । गाउँपालिकाको क्षेत्र भएर बग्ने खोलाहरुबाट केही मात्रामा सिंचाई सुविधा उपलब्ध रहेको भएता पनि गाउँपालिका क्षेत्रमा सिंचाईको सुविधा न्यून रहेको तथ्याङ्कले देखाउँछ । उपलब्ध जमिनमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिमा टेवा पुऱ्याउने लक्ष्यका साथ योजना तर्जुमा गरिएको छ । तुलनात्मक रुपमा प्रयाप्त कृषि योग्य जग्गा उपलब्ध भएता पनि बजारसको सहज पहुँच नहुनु, गाउँपालिकामा पर्याप्त सरकारी तथा गैरसरकारी निकायहरुले कृषि तथा प्रविधि विकासमा कार्यक्रम संचालन नहुन, कृषिजन्य पदार्थमा आधारित उद्योगहरु स्थपाना हुन नसक्नु यहाँका समस्याको रुपमा छने भने शहरीकरणको साथसाथै बजार क्षेत्रमा खाद्यान्न तथा तरकारीको माग बढ्दै जानु, वेमौसमी तरकारी खेतिको वजार पर्याप्त हुनु, प्रांगारिक उत्पादन तर्फ उपभोक्ताको आकर्षण वढदै जानु, पालिका क्षेत्रमा खुलेका होटल, रेष्टुरन्ट तथा नगिचको बजार तानसेन तथा बुटवल आदीमा खाद्यान्न तथा तरकारीको माग बढदै जानु यस विषगत उपक्षेत्रको अवसर रुपमा लिएको छ ।

### ३.१.२ अवसर तथा चूनौति

**अवसर**

- हावापानी, माटो र भू-बनोटको अवस्था अनुसार विभिन्न बाली तथा बस्तुका सुपरजोन, ब्लक तथा पकेट क्षेत्रको निर्धारण गरी उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- सडक पूर्वाधारको विकाससँगै निर्यातमूखी कृषि उत्पादन बृद्धि र बजारीकरण गर्न सकिने ।
- कामको खोजीमा रहेका र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि पेशा तर्फ आकर्षित गरी युवा पलायनलाई रोक्न सकिने ।
- प्राङ्गारिक मलको प्रयोग र अर्गानिक उपज प्रति चासो बढ्दै गएकोले पर्या-पर्यटन र कृषि पर्यटनमा लाभ लिन सकिने ।
- परम्परागत कृषि प्रणाली लाई यन्त्रिकरण तथा व्यवसायिक रुपमा रुपान्तरण गर्न सकिने ।
- बाझो जमिन तथा बन्य जन्तुको समस्या भएका क्षेत्रमा अदुवा तथा वेसार खेति क्षेत्र विस्तार गर्न सकिने ।
- कृषि पर्यटन संगै आय आर्जन तथा स्वरोजगारीमा बृद्धि गर्न सकिने ।
- सामुहिक कृषि खेति तर्फ बढ्दै गएको मोहलाई व्यवस्थापन गर्न सकिने ।

**चुनौती**

- वन्यजन्तुबाट हुने कृषि बाली क्षतीलाई न्यूनीकरण गर्ने ।
- समयमा मल, बिउ र प्रविधि आवश्यक मात्रामा उपलब्ध गराउन ।
- कृषिकर्मीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण कर्जामा पहुँच पुऱ्याउन ।
- कृषि पेशालाई सम्मानित तथा मर्यादित बनाई आर्थिक रुपमा क्रियाशील जनशक्तिलाई त्यस तर्फ आकर्षण गर्ने ।
- जग्गाको खण्डीकरण र जग्गा बाझो राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने ।
- कृषकहरुमा आधुनिक कृषि ज्ञानको प्रवर्द्धन गर्ने र बिकट भौगोलिक अवस्थितिमा यान्त्रीकरणको प्रयोग गर्ने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्न ।
- श्रमशक्तीको उपलब्धता कम हुदै गैरहेको अवस्थामा वढ्दो स्थायी/अस्थायी वसाइसराईलाई रोक्ने ।
- आवश्यकता अनुसारको कृषि प्राविधिक सेवा उपलब्ध गराउने ।

### ३.१.३ सोच

- सुदृढ अर्थतन्त्रको आधार; कृषिमा स्वरोजगार तथा जीवन स्तरमा सुधार

### ३.१.४ लक्ष्य

- कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य सुरक्षाको सुनिश्चितता सहित निर्यात प्रवर्द्धन गर्ने ।

### ३.१.५ उद्देश्य

- कृषि उत्पादनमा आत्मनिर्भर हुँदै आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने ।

### ३.१.६ रणनीति तथा कार्यनीतिहरु

- प्रतिस्पर्धी क्षमता विकास गरी व्यवसायिकीकरणको माध्यमवाट खाद्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
  - भूमिको वर्गिकरण र भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ
  - कृषि क्षेत्रको विशिष्टिकरणका लागि माटो तथा हावापानी सुहाउँदो बाली पकेट क्षेत्र बनाई उत्पादकत्व वृद्धि गरिनेछ ।
  - प्राङ्गारिक मलको प्रयोगद्वारा अर्गानिक तरकारी र फलफूल उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।
  - कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिवाट बढी भन्दा बढी लाभान्वित गराउन कृषकहरुलाई सहयोग उपलब्ध गराइनेछ ।
  - कृषि उपजको बजारीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा पालिकाबाट सहयोग उपलब्ध गराइनेछ ।
  - निर्वाहमुखी कृषि प्रणालीलाई अन्त्य गरी एक गाउँ एक उत्पादन मार्फत कृषिको व्यवसायीकरण र विस्तार गरिनेछ ।
  - कृषि उत्पादनमा निजी तथा सहकारी क्षेत्रलाई उत्प्रेरित गरिनेछ । सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
  - वित्तीय संस्था र सहकारीबाट कृषकहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन सहजिकरण गरिने छ ।
  - व्यवसायिक फर्म सञ्चालन गर्न चाहने व्यक्ति वा समूहलाई पूर्वाधार निर्माण लगायत प्रविधि र प्राविधिक सहयोगमा सहुलियत दिइनेछ ।
  - कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषि सहकारीलाई  विविधिकरणको आधारमा वर्गीकरण गरिनेछ ।

### ३.१.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक विवरण | इकाई | आधार बर्ष (२०७९/८०) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| कुल खाद्यान्न उत्पादन | मे.ट. | १३४५५.५ | १४००० | १४८०० | १५५०० |
| दलहन उत्पादन | मे.ट | १७.५ | १९ | २० | २१ |
| तेलहन | मे.ट. | ६.१ | ७.५ | ९ | १० |
| धान पकेट क्षेत्र | संख्या | २ | ३ | ३ | ३ |
| मकै उत्पादन पकेट क्षेत्र | संख्या | ३ | ३ | ३ | ४ |
| तरकारी पकेट क्षेत्र | संख्या | २ | ४ | ५ | ६ |
| फलफुल पकेट क्षेत्र (वडाहरु) | संख्या | ४ | ४ | ४ | ४ |
| खाद्यान्न वाली वीउ उत्पादन | हे. | ५०८ | ६०० | ७०० | ७५० |
| आलु उत्पादन | मे. टन | १००.५ | १२० | १२५ | १३० |
| फलपूल उत्पादन | मे. टन | ९८ | १२५ | १८५ | २३५ |
| फलफूल वालीको क्षेत्रफल | हे. | १३ | १५ | १८ | २० |
| नगदेवालीको क्षेत्रफल | हे. | ६० | ७० | ८० | ९० |
| खाद्यान्न वाली वीउ उत्पादन | हे. | ५०८ | ६०० | ७०० | ७५० |
| माटो परिक्षण शिविर | संख्या | १ | २ | ३ | ४ |
| तरकारीको व्यवसायिक उत्पादन क्षेत्र | प्रतिशत | ०.३ | ०.५ | ०.७ | ०.९ |
| कृषि उपज संकलन केन्द्र | संख्या | २ | २ | ३ | ४ |
| कृषि टनेल संख्या | संख्या | ४७५ | ४८० | ५०० | ५४० |
| व्यावसायिक कृषि तथा पशुपालन फर्म | संख्या | ७७ | ८५ | १०० | ११० |
| फलफुल तथा तरकारी चिस्यान केन्द्र निर्माण | संख्या | ० | ० | ० | ० |

### ३.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८४००.०० | ९९००.०० | ८५००.०० | | | | | |
| २०८१/८२ | २२२३४.०० | ९२१४.०० | १३०२०.०० | | | | | |
| २०८३/८४ | १८७२०.०० | १०१२०.०० | ८६००.०० | | | | | |

### ३.१.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमिको वर्गिकरण तथा भू-उपयोग योजना तर्जुमा | भूमिको वर्गिकरण सहितको भू-उपयोग योजना तर्जुमा गर्ने । | २०८०/८१ | १०००.०० | भूमि वर्गिकरण सहितको भू-उपयोग योजना तर्जुमा गर्ने भएको हुनेछ । |
| २ | कृषि तथा पशुपंक्षी सम्वन्धी तथ्यांङ्क अद्यावधिक कार्यक्रम | तथ्यांङ्क अद्यावधिक गर्ने | २०८१/८२ | २००.०० | कृषि तथा पशुपंक्षी सम्वन्धी तथ्यांङ्क अद्यावधिक भई योजना तर्जुमामा प्रयोग भएको हुनेछ । |
| ३ | कृषक बर्गिकरण तथा परिचय पत्र वितरण कार्यक्रम | कृषकहरुलाई परिचय पत्र वितरण गर्ने । | २०८०/८१ २०८१/८२ | ४००.०० | कृषकको बर्गिकरण गरी परिचय पत्र वितरण भएको हुनेछ । |
| ४ | माटो परीक्षणका लागि मिनि ल्याब (प्रयोगशाला) स्थापना कार्यक्रम | कृषि सम्वन्धी मिनि ल्याब (प्रयोगशाला) स्थापना गर्ने । | ०८१/८२ | ५००.०० | माटो परीक्षणका लागि मिनि ल्याब (प्रयोगशाला) स्थापना भई कार्यान्वयनमा आएको हुनेछ । |
| ५ | अमिलो जातका फलफूल क्षेत्र बिस्तार | अमिलो जातका फलफूल क्षेत्र बिस्तार गर्ने । | सालबसाली | १८००.०० | अमिलो जातका फलफूल क्षेत्र बिस्तार भएको हुनेछ । |
| ६ | अदुवा तथा बेसार खेति बिस्तार | अदुवा तथा बेसार खेति बिस्तार गर्ने । | सालबसाली | ६००.०० | अदुवा तथा बेसार खेति क्षेत्र बिस्तार भएको हुनेछ । |
| ७ | सामुहिक कृषि खेति बिस्तार कार्यक्रम | सामुहिक कृषि खेतिलाई बिस्तार गर्ने । | सालबसाली | १२००.०० | सामुहिक कृषि खेतिगर्ने लाई प्रबृतिको बिकास तथा बिस्तार भएको हुनेछ । |
| ८ | तरकारी क्षेत्र बिस्तार कार्यक्रम | तरकारी क्षेत्र बिस्तार गर्ने । | सालबसाली | ७००.०० | तरकारी क्षेत्रको बिस्तार भएको हुनेछ । |
| ९ | खुर्सानी खेति प्रवर्द्धन तथा प्रशोधन | तरकारी क्षेत्र बिस्तार गर्ने । | सालबसाली | ३००.०० | खुर्सानी खेति प्रवर्द्धन तथा प्रशोधन सम्वन्धी कार्य संचालनमा आएको हुनेछन् । |
| १० | शित भण्डार निर्माण ( निजि तथा साझेदारीमा)एको हुने । | सार्वजनिक, निजि तथा साझेदारीमा शित भण्डार निर्माण गर्ने । | सालबसाली | ६५००.०० | सार्वजनिक, निजि तथा साझेदारीमा शित भण्डार निर्माण भई कृषकहरुले फाइदा लिएका हुनेछन् । |
| ११ | किवी खेती बिस्तार कार्यक्रम | किवी खेतीको बिस्तार गर्ने । | सालबसाली | ६००.०० | किवी खेतीको बिस्तार भएको हुनेछ । |
| १२ | च्याउ खेति बिस्तार कार्यकम | च्याउ खेति बिस्तार | सालबसाली | ७००.०० | च्याउ खेतीको बिस्तार भएको हुनेछ । |

| क.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १३ | टिमुर उत्पादन कार्यक्रम (सामुदायिक बनहरुमा) | सामुदायिक बनहरुमा टिमुर खेती उत्पादन गरिनेछ । | सालबसाली | ३००.०० | सामुदायिक बनहरुमा टिमुर उत्पादन भएको हुनेछ । |
| १४ | एक वडा एक कृषि संकलन केन्दको स्थापना । | कृषि संकलन केन्द्र स्थापना गरिने । | सालबसाली | ४५००.०० | एक वडा एक कृषि संकलन केन्द्र स्थापना भएको हुनेछ । |
| १५ | उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम | कृषकहरुलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने । | सालबसाली | २१००.०० | कृषकहरुलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराईनेछ ॥ |
| १६ | कृषि एम्वुलेन्स तथा कृषि स्मार्ट कार्यक्रमको निरन्तरता | कृषि एम्वुलेन्सको लागि सहयोग गर्ने । | सालबसाली | १५००.०० | कृषि एम्वुलेन्स तथा कृषि स्मार्ट कार्यक्रमको लागि निरन्तरता दिइनेछ । |
| १७ | अभियानमुखी अम्रिसो रोपण कार्यक्रम (बारीको ढीक काल्नामां) | अम्रिसो रोपण कार्यक्रम संचालन गर्ने । | सालबसाली | ९००.०० | अभियानको रुपमा बारीको ढीक काल्नामा अम्रिसो रोपण गरी आय आर्जन बृद्धि गरिनेछ । |
| १८ | बीउ उत्पादन कार्यक्रम ( रायो, मुला, मकै,, सिमी, केराउ) | रायो, मुला, मकै,, सिमी, केराउ जस्ता बिउको उत्पादन गर्ने । | सालबसाली | ६००.०० | रायो, मुला, मकै,, सिमी, केराउ जस्ता बिउको उत्पादनमा बृद्धि भएको हुनेछ ॥ |
| १९ | धान खेती प्रवर्द्धन कार्यक्रम | धान खेती प्रवर्द्धन सम्वन्त्री कार्यक्रम संचालन गर्ने । | सालबसाली | ३००.०० | धान खेती प्रवर्द्धन सम्वन्त्री कार्यक्रम संचालन भई धान खेतीमा बृद्धि भएको हुनेछ । |
| २० | उन्नत बिउ बिजन बितरण कार्यक्रम | कृषकलाई उन्नत बिउबिजन बितरण गर्ने । | सालबसाली | ६००.०० | उन्नत बिउ बिजन बितरण मार्फत उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुनेछ । |
| २१ | कृषि प्रबिधि हस्तान्तरण कार्यक्रम | कृषि सम्वन्धी बिबिध प्रबिधि हस्तान्तरण गर्ने । | सालबसाली | ३०००.०० | कृषि सम्वन्धी बिबिध प्रबिधि हस्तान्तरण गरी उत्पादनमा बृद्धि गरिनेछ । |
| २२ | प्राङ्गारिक मल उत्पादन तथा विषादी नियमन कार्यक्रम | बिषदीको नियमन गर्ने । | सालबसाली | ६००.०० | प्राङ्गारिक मल उत्पादन तथा विषादी नियमन सम्वन्धी कार्यक्रम संचालन गरिनेछ । |
| २३ | वन्यजन्तुबाट वाली संरक्षण कार्यक्रम | वन्यजन्तुबाट वाली संरक्षण गर्ने । | सालबसाली | ६००.०० | वन्यजन्तुबाट वाली संरक्षणका लागि कार्यक्रम संचालन गरिनेछ । |
| २४ | उत्कृष्ट कृषक तथा समुह सम्मान कार्यक्रम | उत्कृष्ट कृषक तथा समुहलाई सम्मान गर्ने । | सालबसाली | ६००.०० | उत्कृष्ट कृषक तथा समुहलाई सम्मान गरी हौसला प्रदान गरिनेछ । |
| २५ | विउ विरुवा श्रोत केन्द्र स्थापना | विउ विरुवा श्रोत केन्द्र स्थापना गर्ने । | सालबसाली | ३००.०० | श्रोत केन्द्र मार्फत कृषकहरुलाई विउ विरुवा उपलब्ध गराइनेछ । |
| २६ | कृषकहरुको क्षमता विकास कार्यक्रम | कृषकहरुको क्षमता विकास गर्ने । | सालबसाली | १२००.०० | बिबिध बिषयहरुमा कृषकहरुको क्षमता विकास गरिनेछ । |
| २७ | मौरीपालन कार्यक्रम | मौरीपालन कार्यक्रम संचालन गर्ने । | सालबसाली | १२००.०० | मौरीपालन कार्यक्रम संचालन गरी कृषकहरुलाई हौसला प्रदान गरिनेछ । |
| २८ | कृषि बिमा कार्यक्रम | कृषि बिमा संचालन गर्ने | सालबसाली | १२००.०० | कृषि बिमा मार्फत बालिनालीमा हुने बिभिन्न प्रकारका प्रकोपहरु बाट हुने नोक्सानीको क्षतिपुर्तिको ब्यवस्था गरिएको हुनेछ । |
| २९ | आलु उत्पादन कार्यक्रम | आलु उत्पादन कार्यक्रम संचालन गर्ने । | सालबसाली | ६००.०० | आलु उत्पादन कार्यक्रम संचालन गरी कृषकहरुलाई हौसला प्रदान गरिनेछ । |
| ३० | कृषि प्रसार, संचार, प्रविधि | आधुनिक प्रविधि तथा | | | मोवाइल तथा अन्य प्रविधि |

| क.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | हस्तान्तरण र नियमन कार्यक्रम | सूचनामा कृषकको पहुँच वृद्धि गर्नु । | सालबसाली | २४१५४.०० | मार्फत कृषि प्रसार र विभिन्न प्रकारका प्रविधि प्रदर्शन हुनेछन् । |

### ३.१.१० जोखिम पक्ष तथा अनुमान

तीन तह बीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । पालिका तहमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ । बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असर अधिक रहन सक्दछ ।

## ३.२ पशु पंक्षि विकास

### ३.२.१ पृष्ठभूमि

लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले **आधुनिक र व्यवसायिक पशुपंक्षीपालनबाट प्रदेशको आर्थिक समृद्धि** भन्ने सोँच सहित स्वच्छ र गुणस्तरीय पशुपंक्षीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । नेपाल कृषि प्रधान देश भए पनि वर्तमान अवस्थामा दक्षिण एशियाको सबभन्दा कम कृषि उपज हुने देश भएको छ । राष्ट्रिय आंकडामा औसतमा ५.८ वटा पशुपंक्षी प्रति घर पालिएको भएपनि प्रयाप्त पशु आहाराको कमी, उत्पादनशिल नश्लको कमी, समय समयमा पशुपंक्षी लाई लाग्ने संक्रामक रोगहरुको नियन्त्रण तथा सुरक्षित सेड र खोरहरुको कमीले गर्दा पशु सुरक्षामा चुनौती भएको अध्ययनहरुले देखाएका छन् । लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाको तथ्यांक अनुसार दुध ६४ लिटर प्रतिव्यक्ति प्रति वर्ष, मासु १२ किलो प्रति व्यक्ति प्रतिवर्ष र अण्डा ३१ गोटा प्रति व्यक्ति प्रति वर्ष पुग्न सकेको देखिन्छ । राष्ट्रिय तथ्यांक बमोजिम मासु १४ किलो प्रतिवर्ष प्रतिव्यक्ति, दुध ७२ लिटर प्रतिवर्ष प्रतिव्यक्ति र अण्डा ५५ गोटा प्रतिवर्ष प्रतिव्यक्ति उत्पादन भएको देखिन्छ । कुपोषण हटाउन र सन्तुलित आहाराको लागि मासु १८ किलो प्रतिवर्ष प्रतिव्यक्ति, दुध ९१ लिटर प्रतिवर्ष प्रतिव्यक्ति र अण्डा न्यूनतम ४८ गोटा प्रतिवर्ष प्रति व्यक्ति उपभोग गर्नु जरुरी हुन्छ । यस तथ्यांकले देशमा दुध र मासुको आयात अझै विस्थापित गर्न नसकिएको देखाउँछ ।

पूर्वखोला गाउँपालिकामा परम्परागत पशुपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी उत्पादनमा बृद्धि गर्न उन्नत जातका पशुपालन, पशुको नश्ल सुधारका लागि राँगा, बोका वितरण, आधुनिक गोठ तथा खोर सुधार, पशु औषधी उपचारको व्यवस्था, डाले घाँस तथा अन्य पोषिला घाँसहरुको व्यवस्थापन तथा बिरुवा बितरण, पशु स्वास्थ्य शिविर सञ्चालन, उत्पादनका आधारमा अनुदान वितरण जस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु सालवसाली रुपमा सञ्चालन गरिएका छन् । यस पालिकाको वडा नं १, २ , ४ र ५ वाखापालनको लागि प्रसिद्ध छन् । यहांका खसि वाखाहरु पोखरा तथा वुटवल बजार सम्म विकी वितरण गर्ने गरिन्छ । कुखराको मासुको हकमा भने वाहिरवाट मासु नभिकाई चल्ला भिकाइ स्थानीय स्तरमै हुर्काइ बिक्री बितरण गर्ने गरिएको पाइन्छ । यस गाउँपालिकामा व्यवसायिक कृषि तथा पशुपालन फर्मको संख्या ७७ रहेको छ । यसमध्ये भैसिको फर्मको संख्या ४ वटा, वाखा फर्म ४८, कुखुरा फर्म ६, र वंगुर फर्मको संख्या १९ रहेको छ । दुधको वार्षिक उत्पादन २६६४५० लिटर रहेको छ जुन आवश्यकता भन्दा धेरै कम देखिन्छ । दुध डेरीको संख्या २ रहेको छ । यसैगरी गाउँपालिका भित्र मासुको वार्षिक उत्पादन ४२ मे.टन छ ।

### ३.२.२ अवसर तथा चूनौति

**अवसर**

- हावापानीको विविधताको कारण विभिन्न प्रकारका पशुपंक्षीपालन गर्न सकिने ।
- पशुपंक्षीजन्य उत्पादनको विविधिकरण र बजारीकरण गर्न सकिने ।
- बारीका ढीक काल्ना एवं सामुदायिक वन तथा चरण क्षेत्रमा घाँस खेतिको विकास गरी व्यवसायिक पशुपालन गर्न सकिने ।

- विदेशबाट फर्किएका युवाहरुको ज्ञान, सीप र प्रविधि तथा आर्थिक पूँजीको प्रयोग गरी व्यवसायिक पशुपालन गर्न सकिने ।

**चुनौती**

- पशुपालनलाई मर्यादित पेशाको रुपमा ग्रहण गर्ने ।
- उन्नत जातको पशु नश्लको सहज पहूँच र सन्तुलित पशुपंक्षी आहाराको व्यवस्थापन गर्ने ।
- जलवायु परिवर्तन र संक्रामक रोगबाट हुने क्षती न्यूनीकरण गर्ने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्ने ।
- श्रमशक्तीको उपलब्धता कम हुदै गैरहेको अवस्थामा वढ्दो स्थायी/अस्थायी वसाइसराईलाई रोक्ने ।
- आवश्यकता अनुसारको प्राविधिक सेवा उपलब्ध गराउने ।

### ३.२.३ सोच

"स्वच्छ र गुणस्तरीय पशुपंक्षी उत्पादन, सुदृढ अर्थतन्त्रका लागि आत्मनिर्भर अभियान"

### ३.२.४ लक्ष्य

"पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य सुरक्षा सुनिश्चित गर्ने" ।

### ३.२.५ उद्देश्य

"पशुपंक्षी उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने" .

### ३.२.६ रणनीति तथा कार्यनीतिहरु

- पशुपालन व्यवसायमा प्रतिस्पर्धी क्षमताको विकास गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै निर्यात प्रवर्द्धन गर्ने
- पशुपालन व्यवसायमा निजी तथा सार्वजनिक क्षेत्रको लगानी अभिवृद्धि गरी उत्पादनमा विविधिकरण र विशिष्टिकृत गर्ने ।
  - उन्नत प्रविधि र प्राविधिकको सहज पहुँच सुनिश्चित गरिनेछ ।
  - पशुपालन व्यवसायको विशिष्टिकरणका लागि हावापानी सुहाउँदो पकेट क्षेत्र बनाई उत्पादकत्व वृद्धि गरिनेछ ।
  - कम लागतमा पशुपंक्षीजन्य वस्तुको उत्पादन गर्न प्रोत्साहन गरिनेछ
  - पशुपंक्षीजन्य पदार्थको बजारीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमा पालिकाबाट सहयोग उपलब्ध गराइनेछ ।
  - पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।
  - पशुपंक्षीको नश्ल सुधार, आहारको व्यवस्था तथा स्वास्थ्य सेवा एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
  - पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न शुलभ कर्जा तथा पशुपंक्षी बीमाको व्यवस्थालाई प्रभावकारी बनाइनेछ
  - लगानी सुनिश्चितताका लागि जोखिम न्यूनीकरण गर्न विशेष ध्यान पुऱ्याइनेछ ।
  - पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
  - व्यवसायिक फर्म सञ्चालन गर्न चाहने व्यक्ति वा समूहलाई पूर्वाधार निर्माण लगायत प्रविधि र प्राविधिक सेवा उपलब्ध गराइने छ ।
  - पशुपंक्षीपालन व्यवसायलाई नमूना व्यवसायको रुपमा सञ्चालन गरी अवलोकन योग्य बनाइनेछ ।

### ३.२.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

पशु सेवा विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३.२१ : पशु सेवा क्षेत्र विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक विवरण | इकाई | आधार बर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | (२०७९/८०) | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| मासु उत्पादन | मे.ट. | ४२ | ५० | ६५ | ७५ |
| दूध उत्पादन (वार्षिक लिटर हजारमा) | लिटर | २६६ | २७५ | २८५ | ३०० |
| अण्डा उत्पादन (वार्षिक) | क्यारेट | ४८१५ | ५००० | ५१०० | ५२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| सुधारिएको गोठ र खोरहरु | संख्या | ८०९ | ८५० | ८७५ | ९०० |
| दुग्ध संकलन केन्द्र | संख्या | ० | ० | ० | १ |
| व्यावसायिक कृषि तथा पशुपालन फर्म | संख्या | ७७ | ८५ | १०० | ११० |
| अण्डामा आत्मनिर्भर | प्रतिशत | २.६ | ३ | ३.५ | ४ |
| डालेघांस उत्पादन | रोपनी | १२ | १५ | १७ | २० |

### ३.२.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंक्षी विकास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०३००.०० | ५५००.०० | ४८००.०० | | | | | |
| २०८१/८२ | ११३३०.०० | ६०५०.०० | ५२८०.०० | | | | | |
| २०८३/८४ | १२६००.०० | ६५००.०० | ६१००.०० | | | | | |

### ३.२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उत्पादनमा आधारित अनुदान कार्यक्रम | पशुपंक्षि उत्पादनमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने | सालबसाली | ४५००.०० | उत्पादनमा आधारित अनुदानले कृषकहरु पशुपालन व्यवसायमा आकर्षित भएका हुनेछन् । |
| २ | पशुपंक्षी बीमा कार्यक्रम । | कृषकलाई बीमाको लागि उत्प्रेरित गर्ने । | सालबसाली | ९००.०० | सबै कृषकहरुले आफ्नो बशुपंक्षीको बिमा गरेका हुनेछन् |
| ३ | पशु शिविर सञ्चालन ( निशुल्क औषधी वितरण समेत) । | निशुल्क पशु शिविर सञ्चालन गर्ने । | सालबसाली | २७००.०० | निशुल्क पशु शिविर सञ्चालन मार्फत पशु उपचारमा सहजता भएको हुनेछ । |
| ४ | उन्नत घाँसको विउ वितरण कार्यक्रम (एक बर्षे र बहु वर्षे) । | कृषकलाई उन्नत घाँसको विउ वितरण गर्ने । | सालबसाली | ३००.०० | उन्नत घाँसको विउ वितरण मार्फत घासको उत्पादनमा बृद्धि भएको हुनेछ । |
| ५ | डाले तथा पोषिलो घाँस श्रोत केन्द्र स्थापना । | घाँस श्रोत केन्द्र स्थापना गर्ने । | सालबसाली | ६००.०० | डाले तथा पोषिलो घाँस श्रोत केन्द्र स्थापना भएको हुनेछ । |
| ६ | पशु रोग प्रयोगशाला स्थापना । | प्रयोगशाला स्थापना गर्ने । | २०८१/८२ | १०००.०० | पालिका केन्द्रमा पशु रोग प्रयोगशाला स्थापना भई कार्यान्वयनमा आएको हुनेछ । |
| ७ | बाखा पालन पकेट क्षेत्र कार्यक्रम । | बाखा पालन क्षेत्र बिस्तार गर्ने । | सालबसाली | १५००.०० | व्यवसायिक बाखा पालन क्षेत्र बिस्तार गरिएको हुनेछ । |
| ८ | भैंसी पालन पकेट तथा दुधमा आत्मर्भिर कार्यक्रम । | भैंसी पालन व्यवसायको बिस्तार गर्ने । | सालबसाली | २४००.०० | भैंसी पालन क्षेत्र बिस्तारका साथै पूर्वखोला भविष्यमा दुधमा आत्मर्भिर भएको हुनेछ । |
| ९ | सामुहिक साइलेज उद्योग स्थापनामा अनुदान सहयोग । | समुह वा सहकारी मार्फत लागत सहभागितामा साइलेज उद्योग स्थापना गर्ने । | २०८०/८१<br>२०८१/८२ | २३००.०० | समुह वा सहकारी मार्फत लागत सहभागितामा साइलेज उद्योग स्थापना भई कृषक लाभान्वीत भएका हुनेछन् । |
| १० | व्यवसायिक कुखुरापालन कार्यक्रम । | कुखुरापालनलाई व्यवसायिकरण गर्ने । | सालबसाली | ९००.०० | कृषकहरु कुखुरापालन तर्फ आकर्षित भएका हुनेछन् । |

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ११ | माछापालन कार्यक्रम | माछापालनलार्ई व्यवसायिकरण गर्ने । | २०८०/८१ २०८१/८२ | ६००.०० | कृषकहरु माछापालन व्यवसायतर्फ आकर्षित भएका हुनेछन् । |
| १२ | मासु पसल सुधार कार्यक्रम | मासु पसलहरुको सुधार गर्ने । | सालबसाली | ३००.०० | हाल संचालनमा रहेका मासु पसलहरुको सुधार भएको हुनेछ |
| १३ | दुध संकलन तथन बितरणमा प्रौत्साहन कार्यक्रम | दुध संकलन तथा बितरणमा सहयोग गर्ने । | सालबसाली | ६००.०० | दुध संकलन तथन बितरणमा प्रौत्साहन मार्फत दुधको आपुर्तिमा सहज भएको हुनेछ । |
| १४ | अनुगमन र नियमन कार्यक्रम | कार्यक्रमको नियमित अनुगमन र नियमन गर्ने | सालबसाली | ३००.०० | कार्यक्रमको नियमित अनुगमन र नियमनभएको हुनेछ । |
| १५ | उत्कृष्ट पशुपालक कृषक तथा समुह सम्मान कार्यक्रम | उत्कृष्ट पशुपालक कृषक तथा समुह लाई सम्मान गर्ने । | सालबसाली | ३००.०० | सम्मान कार्यक्रम मार्फत पशुपालन व्यवसायमा आकर्षित भएका हुनेछन् । |
| १६ | पशुपालक कृषकहरुको क्षमता विकास कार्यक्रम | पशुपालक कृषकहरुको क्षमता विकास गर्ने । | सालबसाली | १२००.०० | पशुपालक कृषकहरुको क्षमता बिकास भई आत्मनिर्भरता तर्फ उन्मुख भएका हुनेछन् । |
| १७ | पशु रोग नियन्त्रण कार्यक्रम | पशु रोग नियन्त्रणका लागि कार्यक्रम संचालन गर्ने । | सालबसाली | ३५०.०० | पशु रोग नियन्त्रणका लागि आवश्यक औषधि लगायतको व्यवस्था भएको हुनेछ । |
| १८ | पशु नश्ल सुधार कार्यक्रम | पशु नश्ल सुधार गर्ने । | सालबसाली | १२००.०० | पशु नश्ल सुधार मार्फत पशुजन्य उत्पादनमा बृद्धि भएको हुनेछ । |
| १९ | पशुपंक्षी सेवा प्रसार, संचार, प्रविधि विकास, हस्तान्तरण र नियमन कार्यक्रम | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु । | सालबसाली | १२३३०.०० | मोवाइल तथा अन्य प्रविधि मार्फत प्रचार प्रसार तथा प्रबिधि बिस्तार र विभिन्न प्रकारका प्रविधि प्रदर्शन हुनेछन् । |

### ३.२.१० जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार प्रविधि तथा सीप हस्तान्तरण हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई तुलनात्मक लाभका पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । पशुपंक्षी पालन तथा उत्पादन सम्बन्धी प्रविधि, चरण क्षेत्र , पशुआहार र पशुपंक्षी उपचारको एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ घरेलु तथा साना उद्योग

### ३.३.१ पष्ठभूमि

आर्थिक विकासको प्रमुख आधार स्तम्भको रुपमा रहेको उद्योग क्षेत्रलाई संरक्षण र प्रवर्द्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिन आवश्यक छ । **आर्थिक समृद्धिका लागि दीगो, रोजगारमूलक र प्रतिफलयुक्त औद्योगिक विकास** भन्ने सोँच सहित औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने लक्ष्य १५ औं योजनाले निर्दिष्ट गरेको छ । लुम्बिनी प्रदेशको आवधिक योजनामा स्थानीय तहको समन्वयमा स्थानीय स्तरमा औद्योगिक ग्राम स्थापना गर्ने, पर्यटकीय वस्तु उत्पादन गर्ने, घरेलु उद्योगको विकास र प्रवर्द्धन गर्ने, वन्यजन्य तथा कृषिजन्य उद्योगहरु स्थापना गरी त्यस्ता उद्योगहरुलाई सहुलियत प्रदान गर्ने कार्यनीति अङ्गिकार गरिएको छ ।

नेपाल जस्ता विकासशील देशहरुको आर्थिक विकासको लागि साना तथा घरेलु उद्योगहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ । यस्ता उद्योगहरुले रोजगारी सिर्जना गर्न, स्थानीय क्षेत्रमा पाइने श्रोत साधनको उपयोग गर्न, ठूला उद्योग

स्थापना गर्ने पूर्वाधार तयार गर्न, वेदेशी मुद्रा आर्जन गर्न तथा स्थानीय कला र संस्कृतिको संरक्षण गर्न मद्दत पुऱ्याउँछन् । नेपालमा रहेका कूल उद्योग मध्ये साना तथा घरेलु उद्योगहरुले ९८.१७% स्थान ओगटेका छन् र उद्योगमा काम गर्ने कूल कामदारको संख्या मध्ये ८१.७५% लाई रोजगारी दिएका छन् । थोरै पूँजी, कमजोर प्रविधि र निर्यात क्षमता कमजोर भएको मुलुकमा यस्ता उद्योगहरुको महत्व हुन्छ । नेपालको कूल ग्राहस्थ उत्पादनमा घरेलु तथा साना उद्योगको योगदान १५% रहेको छ । पन्ध्रौ योजना र लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले पनि उद्योग क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रको विकास विस्तार गर्ने लक्ष्य निर्धारण गरेको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार यस गाउँपालिकाको व्यापार व्यवसाय, उद्यम र अन्य पेशामा संलग्न जनसंख्या २.१ प्रतिशत, सेवा क्षेत्रमा संलग्न जनसंख्या २.१ प्रतिशत, अन्य प्रोफेसनल क्षेत्रमा संलग्न ३.३ प्रतिशत जनसंख्या रहेको छ । स्वही तथ्यांको आधारमा पालिकामा रहेका साना घरेलु उद्योग, यातायात र सेवा क्षेत्र गरी जम्मा २७३ उद्योगहरु दर्ता भएको देखिन्छ । यस क्षेत्रमा महिला र पुरुष गरी जम्मा २७३ जनाले रोजगार प्राप्त गरेका छन् । वन तथा काठमा अधारित उद्योगको संख्या ११ रहेको छ । स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई पूर्वखोला गाउँपालिकामा घरेलु तथा साना उद्योगहरु स्थापना गर्न आवश्यक छ । पालिकामा धैरै सामुदायिक वन क्षेत्र भएकोले वन्यजन्य वस्तुबाट तुलनात्मक लाभ दिने घरेलु तथा साना उद्योग मार्फत वस्तु उत्पादन र प्रवर्द्धन गरी रोजगारी सिर्जना र आयआर्जन गर्ने सम्भावना प्रवल छ । स्थानीय सरकारले कृषि तथा वन्यजन्य श्रोतमा आधारित घरेलु तथा साना उद्योगलाई सहुलियत प्रदान गर्ने कार्यनीति लिई श्रम बजारमा प्रवेश गर्न चाहने तथा वैदेशिक रोजगारीबाट फर्केका युवा/श्रमिकलाई काम र रोजगारीको सुनिश्चितता गरेमा पालिकाले उत्थानशील अर्थतन्त्र निर्माण गर्न सक्दछ ।

### ३.३.२ अवसर तथा चूनौति

**अवसर**

- घरेलु तथा साना उद्योगमैत्री नीति तर्जुमा गरी कार्यान्वयन गर्न सकिने ।
- वनजन्य वस्तुहरुको प्रयोग गरी उद्योग सञ्चालन गरी लाभ लिन सकिने ।
- पालिकाको ठूलो जनसंख्या कृषिमा आधारित भएकोले कृषिजन्य उद्योगहरु सञ्चालन गर्न सकिने ।
- उद्यमशील महिला समूह गठन गरी विभिन्न खालका सामाग्री उत्पादन गरी उद्योग सञ्चालन गर्न सकिने ।
- उद्योगहरुको वर्गीकरण, विविधिकरण र ब्राण्डिङ गरी बाह्य निर्यातबाट आय आर्जन गर्न सकिने ।
- युवा जनशक्तिलाई औद्योगिक उत्पादनमा आकर्षण र परिचालन गर्न सकिने ।
- परम्परागत सीपहरुको जगेर्ना र विस्तार गर्न सकिने ।

**चुनौती**

- उद्योग सञ्चालनका लागि आवश्यक पूँजी र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने ।
- उद्योग स्थापनामा निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।
- नवीनतम प्रविधिको प्रयोगमा सहज पहूँच पुऱ्याउने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्ने ।
- श्रमशक्तीको उपलव्धता कम हुदै गैरहेको अवस्थामा वढ्दो स्थायी/अस्थायी वसाइसराईलाई रोक्ने ।
- स्थानिय उत्पादित कच्चा पदार्थको उचित प्रयोग गर्ने तर्फ सम्वन्धित निकायको ध्यान जान नसक्नु ।

**३.३.३ दीर्घकालीन सौंच :- गैरकृषि क्षेत्रमा उत्पादन अभियान, स्थानीय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान**

**३.३.४ लक्ष्य :-** कृषि पेशामा रहेको अत्यधिक निर्भरतालाई उद्योग क्षेत्रमा रुपान्तरण गर्ने ।

**३.३.५ उद्देश्य :-** उपभोग्य वस्तुमा आत्मनिर्भर बनी रोजगारी तथा निर्यात मार्फत आय आर्जन गर्ने

### ३.३.६ रणनीति तथा कार्यनीतिहरु

- स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोग गर्दै पर्यटन, कृषि, वन्यजन्य तथा खनिजमा आधारित उद्योग सञ्चालन र प्रवर्द्धन गरी रोजगारी तथा आयआर्जनमा वृद्धि गर्ने ।
  - पर्यटन, वन र खानीजन्य उद्योग सञ्चालन गर्न उद्योगीमैत्री नीति बनाई निजी क्षेत्रलाई आकर्षित गरिनेछ
  - सुविधायुक्त होटल, रिसोर्ट र रेष्टुरेण्ट निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
  - पुर्खौली सीप र ज्ञानलाई संरक्षण गरी वनजन्य वस्तुबाट विशिष्टिकृत वस्तुहरुको उत्पादनमा जोड दिइनेछ
  - उद्योगहरुको वर्गीकरण गरी प्रतिस्पर्धाका आधारमा उत्कृष्ट उद्योगीलाई सम्मान गरिनेछ ।

- स्थानीय स्तरमा उपलब्ध साधन, श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरु संचालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।
- उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको व्यवसायिक बिकासका लागि आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको निर्माण सहित उद्योग ग्रामको स्थापना गरिनेछ ।
- गाउँपालिकाको वजार क्षेत्रमा विक्री कक्ष/प्रदर्शनी कक्ष स्थापना गरी स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

### ३.३.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक विवरण | इकाई | आधार बर्ष (२०७९/८०) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट | संख्या | ० | ० | १ | २ |
| होमस्टे संचालन | संख्या | १ | ० | १ | २ |
| घरेलु तथा साना उद्यममा संलग्न परिवार | संख्या | २३८ | २५० | २६० | २७५ |
| ६ महिना भन्दा बढी रोजगार प्राप्त जनशक्ति | संख्या | ३९३१ | ४००० | ४१०० | ४२०० |
| आयआर्जनमा संलग्न (कृषि पशुपंक्षी लगायत विभिन्न उद्यम समूह) | संख्या | २५२ | २६० | २७० | २७५ |
| कृषि तथा पशुपालन महिला उद्यमी सहकारी | संख्या | ५ | ६ | ८ | १० |

### ३.३.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **घरेलु तथा साना उद्योग** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८००.०० | ४००.०० | १४००.०० | ०/०० | | | | |
| २०८१/८२ | १६००.०० | ५००.०० | ११००.०० | ०/०० | | | | |
| २०८३/८४ | १५००.०० | ४००.०० | ११००.०० | ०/०० | | | | |

### ३.३.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय औद्योगिक नीति तर्जुमा | स्थानीय औद्योगिक नीति तर्जुम गर्ने । | २०८१/८२ | १००.०० | स्थानीय औद्योगिक नीति तर्जुमा भएको हुनेछ । |
| २ | उद्यमशीलता विकास तालिम संचालन गर्ने । | उद्यमशीलता विकास तालिम संचालन गर्ने । | सालबसाली | ९००.०० | उद्यमशीलता विकास तालिम संचालन गरी उद्यमीहरु उत्पादन गरिएको हुनेछ । |
| ३ | युवाहरुलाई उद्योग स्थापनाका लागि उत्प्रेरणा कार्यक्रम | युवाहरुलाई उद्योग स्थापनाका लागि उत्प्रेरणा गर्ने । | सालबसाली | १५००.०० | स्थानीय युवाहरुलाई घरेलु तथा साना उद्यम स्थापनामा सहयोग गरिउको हुनेछ । |
| ४ | सिस्नुबाट उत्पादित बस्तुहरुको प्रवर्द्धन कार्यक्रम | सिस्नुबाट उत्पादित बस्तुहरुको प्रवर्द्धन गर्ने । | सालबसाली | ३००.०० | सिस्नुबाट उत्पादित बस्तुहरुको उत्पादन तथा बजारीकरण भएको हुनेछ । |
| ५ | परम्परागत सिप तथा | परम्परागत सिपको | सालबसाली | ३००.०० | परम्परागत सिप तथा ज्ञान |

| क्र.सं. | आयोजना तथा कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | ज्ञान प्रवर्द्धन कार्यक्रम | जगेर्ना गर्ने । | | | सम्वन्धी कार्यहरुले निरन्तरता पाएको हुनेछ । |
| ६ | स्थानीय उत्पादन प्रवर्द्धनका लागि कोसेली कर्नर स्थापनामा सहयोग | कोसेली कर्नर स्थापना गर्ने । | २०८०/८१ | ३००.०० | कोसेली कर्नर स्थापना भएको हुनेछ । |
| ७ | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम । | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने । | सालबसाली | १२००.०० | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन भएको हुनेछ । |
| ८ | उद्योगी व्यवसायी सम्मान कार्यक्रम । | उद्योगी व्यवसायी हरुलाई सम्मान गने । | सालबसाली | ३००.०० | उद्योगी व्यवसायीहरु सम्मानित भएका हुनेछन् । |

### ३.३.१० जोखिम पक्ष तथा अनुमान

तीन तह बीच नीति, कार्यक्रममा सामाञ्जस्यता, समन्वय र सहकार्य हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.४ वन पैदावार तथा खनिज सम्पदा

### ३.४.१ पष्ठभूमि

खनिज सम्पदाहरु नविकरण गर्न नपर्ने लुकेका प्राकृतिक सम्पदा हुन् । मानवजातीले आफ्ना आवश्यकताहरु पूरा गर्न प्राचिनकाल देखि यस्तो सम्पदाको उपयोग गर्दै आएको छ । हिमाल, मध्य पहाड र तराई जस्तो भौगोलिक बनौट भएको हाम्रो देशमा मूल्यवान रुख, वृक्ष र जडिबुटीहरु छन् । पूँजी, प्रविधि, सीप, यातायातको पहूँच र नीतिगत अठोट एवं संकल्पको कमीले यस्ता महत्वपूर्ण खनिज, वन पैदावर तथा जडिबुटीहरु उत्खनन् र उपयोग गर्न सकिएको छैन । पन्धौ योजनाले आर्थिक वर्ष २०८०/०८१ सम्म कृषि, वन र खानी क्षेत्रबाट २३% को योगदानको लक्ष्य पुरा हुने अपेक्षा गरेको छ भने कूल निर्यातमा वनजन्य तथा जडिबुटी उत्पादनको हिस्सा १०% र कम्तीमा १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । त्यसका लागि प्रतिवर्ष १३ करोड क्यूविक फिट काठ उत्पादन गरी काठजन्य उद्योगको विस्तार गर्ने लक्ष्य छ । प्रदेशको प्रथम आवधिक योजनाले पनि वनपैदावार र जडिबुटीको उत्पादकत्व बढाई रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । त्यसैगरी प्रदेशको प्रथम योजनाले **खनिज क्षेत्रको योगदान वृद्धि गरी आर्थिक रुपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण** भन्ने सोँच सहित वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी तथा औद्योगिक उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको छ ।

पूर्वखोला गाउँपालिकाको जम्मा क्षेत्रफल १३८०२ हे. रहेकोमा वनले ढाकेको क्षेत्रफल ६९०२ हे. अर्थात ५१.०१ प्रतिशत रहेको छ । ३८ वटा सामुदायिक वनहरु रहेको यो पालिका वन्यजन्य श्रोतमा सम्पन्न छ तरपनि यि श्रोतहरुको उचित व्यवस्थापन भने गर्न सकिएको छैन । यस पालिकामा रहेका सामुदायिक वनहरुको प्रचुर उपयोग गरी जनताहरुको आय स्तर वृद्धि गर्न सकिने अवस्था छ । विभिन्न वडाहरुको तथ्यांकले हरेक ४-५ वर्षमा गैरकाष्ठ वनको उत्पादनबाट प्रति सामुदायिक वन काठको छटानी गर्दा लाखौ लाख आम्दानी भएको देखिन्छ । अप्रत्यक्ष रुपमा ३८ वटा सामुदायिक वनले कृषकहरुलाई गाईवस्तु पालनका लागि चरीचरन, प्राङ्गारिक मल उत्पादनका लागि स्याउला सोत्तर, घरगोठमा आगलागी हुँदा सामुदायिक वनबाट काठ तथा खर, हलो-बलो जस्ता वन्यजन्य सामाग्रीहरु उपलब्ध गराई योगदान दिएको अवस्था छ ।

पूर्वखोला गाउँपालिका क्षेत्रमा हालसम्म खानी तथा खनिज पदार्थहरुको उत्खनन् भएको छैन । खोलाले थुपारेका ढुङ्गा, ग्राभेलको सामान्य उत्खनन् गर्ने बाहेक अन्य खानी तथा खनिज पदार्थको उत्खनन् भएको छैन । गाउँपालिकामा भएको छलफल तथा स्थानीयको भनाई अनुसार ढापडाँडा विरकोटमा धाउ (फलाम) खानी, देविनगरमा कोइला खानी र सिलुवामा तामाखानी जस्ता महत्वपूर्ण खनिज श्रोतहरुको संभावना रहेकोमा हाल सम्म यस्ता खानी/खनिज पदार्थ एवं प्राकृतिक स्रोतको अध्ययन गर्न कार्य बाँकी छ ।

यहांको प्रमुख नदिजन्य प्राकृति श्रोत भनेको पूर्वखोला हो । यस वाहेक लाम्दी खोला, मसार खोला र डाक्च खोलावाट समेत ढुंगा, गिट्टि र वालुवाको विकि वितरण गरी गाउँपालिकाले आफ्नो आन्तरिक आय वढाउन सक्दछ । नदीजन्य पदार्थ निकासीका लागि संक्षिप्त वातावरणीय मुल्याङ्न गरि ठेक्काको वन्दोवस्त गरिएको छ । यसको लागि थप वातवरणीय अध्ययन गर्न आवस्यक देखिन्छ ।

### ३.४.२ अवसर तथा चूनौति

**अवसर**

- वन पैदावार निकासी तथा बिक्रीलाई व्यवस्थित गरी आन्तरिक आम्दानी बढाउन सकिने ।
- औषधीजन्य जडिबुटीको संरक्षण र प्रवर्द्धन गरी निर्यात बढाउन सकिने ।
- गैरकाष्ठ वनजन्य उत्पादनको निर्यात गरी आय आर्जन गर्न सकिने ।
- संघीय सरकारसँगको सहकार्यमा पहिचान भएका विभिन्न खनिजको उत्खनन् गरी स्थानीय अर्थतन्त्रमा समेत टेवा पुऱ्याउन सकिने ।

**चुनौती**

- वनपैदावार, जडिबुटी र खानीजन्य उत्पादन सहज उपयोगका लागि नीतिगत तादम्यता मिलाउने ।
- अमूल्य काठ तथा जडिबुटीहरुको पहिचान र संरक्षणको व्यवस्थापन गर्ने ।
- ढुङ्गा खानी तथा गिट्टी, ढुङ्गाको उपयोग गर्दा विपद् तथा वातावरण सन्तुलनको व्यवस्थापन गर्ने ।
- वातावरणीय सन्तुलन कायम गरी खानिजन्य वस्तुहरुको उपयोग गर्ने ।
- वालुवा ढुंगा लगायत वस्तुहरुको अव्यवस्थित उत्खनन तथा ओसार पसार रोक्ने ।

**३.४.३ दीर्घकालीन सोँच :- वनपैदावार तथा खनिज पूर्वखोलाको पहिचान; आर्थिक वृद्धि एवं समृद्धिमा योगदान ।**

**३.४.४ लक्ष्य :-** वन्यजन्य तथा खनिजजन्य वस्तुहरुको उत्पादनबाट रोजगारी सिर्जना तथा अर्थोपार्जन गर्ने ।

**३.४.५ उद्देश्य :-** वातावरण सन्तुलन कायम गर्दै नदी, खनिज र वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्ने ।

### ३.४.६ रणनीति तथा कार्यनीतिहरु

- मापदण्ड बमोजिम वन, नदी र खनिजजन्य वस्तुहरुको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने ।
  - वन, खनिज र नदीजन्य वस्तुहरुको उत्पादन प्रशोधन तथा निर्यातका लागि आवश्यक कानून तर्जुमा गरिनेछ ।
  - वन, खनिज र नदीजन्य वस्तु उत्पादन गर्दा वातावरण संरक्षण र प्रकोप न्यूनीकरणमा ध्यान दिइनेछ ।
  - औषधीजन्य जडिबुटीहरुको संरक्षण र विशिष्टीकरण गरी जडिबुटी उत्पादन, प्रशोधनबाट रोजगारी एवं आयस्तरमा वृद्धि गरिनेछ ।

### ३.४.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक विवरण | इकाई | आधार बर्ष (२०७९/८०) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| सामुदायिक बनको संख्या | संख्या | ३८ | ३९ | ४१ | ४२ |
| उद्योग, वन र खनिज सम्पदाबाट रोजगारी | संख्या | | २५० | ३०० | ३५० |
| महत्वपूर्ण जडिबुटीको तथ्यांक अभिलेखांकन | संख्या | ० | १ | १ | १ |

### ३.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **वन पैदावार तथा खनिज सम्पदा** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४००.०० | ०.०० | ४००.०० | ०/०० | | | | ० |
| २०८१/८२ | ४००.०० | ०.०० | ४००.०० | ०/०० | | | | ० |
| २०८३/८४ | १४००.०० | १०००.०० | ४००.०० | ०/०० | | | | |

### ३.४.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखांकन कार्यक्रम । | जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखांकन गर्ने । | २०८३/८४ | १०००.०० | जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखांकन गरिएको हुनेछ । |
| २ | टिमुर तथा तेजपात उत्पादन एवं बजारिकरण कार्यक्रम । | टिमुर,तथा तेजपात उत्पादन तथा बजारिकरण सम्वन्धी कार्य गर्ने । | सालवसाली | ६००.०० | टिमुर,तथा तेजपात उत्पादन तथा बजारिकरण सम्वन्धी कार्य संचालन भएको हुनेछ । |
| ३ | सामुदायिक बनमा अमृसो खेती विस्तार कार्यकम । | सामुदायिक बनमा अमृसो खेती विस्तार गर्ने । | सालबसाली | ६००.०० | सामुदायिक बनमा अमृसो खेती विस्तार भएको हुनेछ |

### ३.४.१० जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा बन सम्पदा, खानी तथा खानीजन्य सम्पदाको अन्वेशण, उत्खनन् जस्ता कार्यहरुको थालनि भएको हुनेछ ॥ बिभिन्न महामारी, राजनीतिक अस्थिरता तथा केन्द्र सरकारको प्राथमिकतामा नपर्दा यस क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.५ पर्यटन

### ३.५.१ पष्ठभूमि

प्राकृतिक एवं साँस्कृतिक सम्पदा र विविधताको कारण पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । यस्ता प्राकृतिक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण एवं विविधिकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने नीति अंङ्गिकार गर्नु अपरिहार्य छ ।

**नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य** भन्ने सोँच र विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य लिएको १५ औं योजनाको सारलाई यस आवधिक विकास योजनामा पनि समानजस्यता गर्ने प्रयत्न गरिएको छ ।

त्यसैगरी प्रदेशको प्रथम योजनाले **पर्यटन क्षेत्रको विकास एवं वृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान** भन्ने सोँच सहित पर्यटन क्षेत्रको प्रवर्द्धनबाट रोजगारी एवं आय आर्जन वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने लक्ष्य छ । नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्वपूर्ण भूमिका छ । सक्रीय जनसंख्याको २०% जनतालाई यसले रोजगारी दिनुका साथै यस क्षेत्रको कूल ग्राहस्थ उत्पादनमा ३% को योगदान छ । पर्यटन उद्योगलाई योजनाबद्ध र व्यवस्थित बनाउन सके परम्परागत कृषि क्षेलाई सेवा क्षेत्र तर्फ रुपान्तरण गर्दै प्रशस्त रोजगारी सिर्जना गरी आय आर्जन गर्न सकिन्छ । लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले यस प्रदेशलाई मुख्य पर्यटन केन्द्रको रुपमा विकास गरी वार्षिक न्यूनतम १५ लाख वाह्य पर्यटक भित्राउने लक्ष्य लिएको छ ।
कृषि र बनस्पतिको हिसाबले सम्पन्न पूर्वखोला गाउँपालिकामा प्राकृतिक, धार्मिक तथा साँस्कृतिक एवं कृषि पर्यटनको विकास गर्न सकिने प्रबल सम्भावना छ । यसको लागि पूर्वखोला गाउँपालिकाले छिमेकी गाउँपालिकाहरुसंग अन्तर पालिका समन्वय र सहकार्य गरी अन्तरपालिका स्तरको एकीकृत पर्यटन गुरुयोजना बनाउँदै आफ्नो पालिकाको हात्तिलेक, चुलिडांडा क्षेत्र, ऐतिहासिक वाकुमगढी, सिलुवाको रुदेमण्डली चुरावराजु, मादले गुफा, खांडदेवी गुफा, छिसको चमेरे गुफा र जल्पा होमस्टे क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने प्रचुर संभावना रहेको छ । यहाँका सांस्कृतिक तथा धार्मिक स्थलहरुमा अकला देवी मन्दिर, गोली पाटन, कोटघर, रेचे मनकामना मन्दिर, माझकोट भिमसेन मन्दिर, र चापादी कालिका मन्दिर रहेका छन् । हत्तिलेकमा जैविक विविधता रहेको छ । पालिकामा यी प्राकृतिक, जैविक, धार्मिक तथा ऐतिहासिक स्थलहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्राउन

सकेमा रोजगारी सिर्जना र आयआर्जन गर्न सकिन्छ, । त्यसका लागि पालिकाले पर्यटन गुरुयोजना र पर्यटन पूर्वाधार निर्माण गर्न आवश्यक छ ।

### ३.५.२ अवसर तथा चूनौति

**अवसर**

- जैविक विविधता भएकोले पर्या-पर्यटनको प्रवर्द्धन गर्ने अवस्था रहेको ।
- कृषि पर्यटनको विकास गर्ने अवस्था रहेको ।
- धार्मिक तथा साँस्कृति पर्यटनको सम्भावना रहेको ।
- पर्यटकिय मार्गको विकास मार्फत दृष्यावलोकन सहित प्राकृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- विविध साँस्कृतिक नृत्य तथा भेषभूषाको प्रदर्शन सहित होमस्टे सञ्चालनबाट पर्यटन प्रवर्द्धन गर्न सकिने ।
- जल्पा क्षेत्रमा प्याराग्लाइडिङ्गको साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने ।

**चुनौती**

- पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारहरु निर्माण गर्ने ।
- पर्यटन उद्योगलाई विशिष्टीकरण गरी प्रचार प्रसार गर्ने ।
- सार्वजनिक-निजी-सहकारी क्षेत्रको साझेदारीमा एकीकृत पर्यटन प्रवर्द्धन गर्ने ।

**३.५.३ दीर्घकालीन सोँच :-पर्यटन प्रवर्द्धन मार्फत रोजगारी तथा अर्थतन्त्रमा योगदान पुर्‍याउने ।**

**३.५.४ लक्ष्य :-** पर्यटनका बहु-आयामहरुको विकास गरी आय आर्जन गर्ने ।

**३.५.५ उद्देश्य :-**

- पूर्वखोलालाई सुरक्षित, गुणस्तरीय र आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्ने ।
- पर्यटन सेवालाई विविधिकरण र विशिष्टिकरण गरी प्राप्त लाभलाई समन्यायिक वितरण गर्ने ।

### ३.५.६ रणनीति तथा कार्यनीतिहरु

- पालिकालाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य स्थल बनाउने ।नगर पर्यटन विकास समिति मार्फत नगरको पर्यटन विकास कार्यक्रमलाई संस्थागत रुपमा अघि बढाउने।
- पालिका भित्रका विभिन्न पर्यटकीय विधाहरुलाई एकीकृत रुपमा विकास र प्रवर्द्धन गरी लाभ लिने ।
  - एकीकृत पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
  - सार्वजनिक-निजी-सहकारी साझेदारीमा पर्यटन पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
  - धार्मिक मठ, मन्दिरहरु तथा ऐतिहासिक स्थलहरुको संरक्षण एवं प्रवर्द्धन गरिनेछ ।
  - गाउँपालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ ।
  - सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी पर्यटकीय गन्तव्य स्थलहरुको वारेमा प्रचार प्रसार गरिनेछ ।
  - छिमेकी पालिकाहरुसँगको सहकार्यमा पर्यटन प्याकेज बनाई कार्यान्वयनमा ल्याउन आवश्यक समन्वय गरिनेछ ।
  - पालिका भित्रका विभिन्न पर्यटकीय विधाहरुलाई एकीकृत रुपमा विकास गर्न समन्वयात्मक भूमिका निर्वाह गरिनेछ ।
  - पर्यटकीय उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गरी प्राप्त हुने लाभलाई स्थानीय स्तरमा वितरण गरिनेछ।
  - पर्यटन क्षेत्रको विकासको लागि निजीक्षेत्रमैत्री नीति निर्माण गरी लगानी आकर्षित गरिनेछ ।

### ३.५.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक विवरण | इकाई | आधार बर्ष (२०७९/८०) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| साँस्कृतिक मेला प्रदर्शनीको आयोजना | संख्या | ० | १ | १ | १ |
| स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट | संख्या | ० | ० | १ | २ |
| होमस्टे संचालन | संख्या | १ | ० | १ | २ |
| पर्यटन मार्ग | संख्या | ० | ० | ४ | ६ |
| पर्यटकीय सूचना केन्द्र | संख्या | ० | १ | १ | १ |
| पर्यटन प्रचार सामाग्री (अडियो, भिडियो, श्रव्यदृश्य आदि) | संख्या | ० | ० | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रमुख धार्मिक, साँस्कृतिक सम्पदा-हरुको जिर्णोद्धार तथा मर्मत संभार संख्या | संख्या | | २ | ३ | ६ |
| स्थानीय भेषभूषा, कला, सँस्कृति, नाचगान, खानाका परिकार प्रदर्शनी स्थल संख्या | संख्या | नभएको | १ | १ | २ |

### ३.५.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटा उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३७००.०० | ३००.०० | ३४००.०० | ०/०० | | | | ० |
| २०८१/८२ | ५४००.०० | १३००.०० | ४१००.०० | ०/०० | | | | ० |
| २०८३/८४ | ४५००.०० | ३००.०० | ४२००.०० | ०/०० | | | | ० |

### ३.५.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य

| क्र.सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एकीकृत पर्यटन गुरुयोजना तर्जुमा | पर्यटन गुरुयोजना तर्जुमा गर्ने । | २०८१/८२ | १०००.०० | एकीकृत पर्यटन गुरुयोजना तर्जुमा भएको हुनेछ। |
| २ | हात्तीलेक क्षेत्र पर्यटन प्रवर्धन कार्यक्रम | हात्तीलेक क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने । | सालबसाली | २५००.०० | हात्तीलेक क्षेत्रमा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्य संचनलनमा आएका हुनेछ |
| ३ | चूलीडाँडा पर्यटन प्रवर्द्धन कार्यक्रम | चूलीडाँडा पर्यटन प्रवर्द्धन गर्ने । | सालबसाली | २५००.०० | चूलीडाँडामा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्य संचनलनमा आएका हुनेछ |
| ४ | होमस्टे प्रवर्द्धन कार्यक्रम | होमस्टेको बिकास तथा बिस्तार गर्ने । | सालबसाली | १६००.०० | होमस्टेको बिकास तथा बिस्तार भएको हुनेछ। |
| ५ | स्थानीय भाष, संस्कृति संरक्षण कार्यक्रम | स्थानीय भाष, संस्कृतिको संरक्षण गर्ने । | सालबसाली | ९००.०० | स्थानीय भाष, संस्कृतिको संरक्षण |
| ६ | गढी,गुफा, संरक्षण तथा सम्बर्द्धन कार्यक्रम । | गढी तथा गुफाहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने । | सालबसाली | ५०००.०० | बाकुमगढी लगायत थप ३ गुफाहरुको संरक्षण तथा संवर्द्धन गरिएको हनेछ। |
| ७ | पर्यटन सूचना केन्द्रको स्थापना | पर्यटन सूचना केन्द्रको स्थापना गर्ने । | २०८१/८२ | १००.०० | पालिकामा पर्यटन सूचना केन्द्रको स्थापना भएको हुनेछ। |

### ३.५.१० जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । बिभिन्न महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ सहकारी बिकास

### ३.६.१ पृष्ठभूमि

आर्थिक विकासको लागि नेपाल सरकारको तिन खम्बे रणनीति अनुरुप सहकारी क्षेत्रलाई एक खम्बाको रुपमा लिएको छ। सहकारी क्षेत्रले आफ्नो सक्रीय सहभागिता र विकास मार्फत छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धिबाट अर्थतन्त्रलाई योगदान दिन सक्ने भएकोले यस क्षेत्रलाई प्रवर्द्धन र विकास गर्नु सान्दर्भिक छ।

**आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवं दीगो सहकारी** भन्ने सोँच र स्वाबलम्वन तथा पारस्पारिकताको आधारमा उत्पादनमुखी, दीगो एवं न्यायोचित आर्थिक सम्बन्धको विकास गर्ने लक्ष्य लिएको पन्ध्रौं योजना यस आवधिक विकास योजनाको पनि मार्गदर्शक छ।

लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले **समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण** भन्ने सोँच सहित सहकारीको व्यवसायिकता अभिवृद्धि गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नति गर्ने लक्ष्य लिएको छ।

सहकारीहरुले गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। लैङ्गिक तथा समतामूलक समाज निर्माण गर्न, वेरोजगारी समस्या न्यूनीकरण गर्न, कृषि, पशु तथा व्यापारका लागि पुँजी लगानी गरी जनताको आयस्तर वृद्धि गर्न यस क्षेत्रको अहम भूमिका हुन्छ। सहकारी क्षेत्रको वित्तीय दायित्व मात्र नभएर सामाजिक दायित्व समेत हुने भएकोले दीगो विकास लक्ष्य (२०१५-२०३०) ले पनि यस क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएको छ। राज्यको श्रोत र साधनको पहूँच नपुगी पिछडिएको समाज र समुदायको सामाजिक, साँस्कृतिक र आर्थिक उन्नयनका लागि सहकारी क्षेत्र अझ महत्वपूर्ण साधन बन्न सक्छ। पन्ध्रौ योजनाले पनि समाजको सामाजिक, साँस्कृतिक र समावेशी अर्थतन्त्रको प्रवर्द्धनका लागि सहकारी क्षेत्रको भूमिका सहायक हुने उल्लेख गरेको छ। नेपालको संविधान २०७२ बमोजिम अर्थतन्त्रका तीन खम्बा मध्ये सहकारी क्षेत्र एक खम्बा हो। त्यसैले लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले पनि सहस्राब्दी लक्ष्य, दीगो विकास लक्ष्य पन्ध्रौ योजनाको लक्ष्य पुरा गर्ने परिपुरक लक्ष्यको रुपमा सहकारी क्षेत्रको भूमिका अहं हुने उल्लेख गरेको छ।

यस पूर्वखोला गाउँपालिकामा वहुउद्धेश्यीय सहकारी संस्थाको संख्या ३, कृषि सहकारी संस्था संख्या ५, र वचत तथा ऋण सहकारी संस्थाको संख्या ३ गरी जम्मा ११ वटा सहकारी संस्थाहरु दर्ता भई संचालनमा आएका छन्। सहकारी क्षेत्रले कृषि, पशुपंक्षी, घरेलु तथा साना उद्योग, व्यापार र पर्यटन विकासमा ठूलो योगदान पुर्‍याउन सक्छ। सहकारी मार्फत छरिएर रहेको पुँजीलाई बचत गरी सहुलियत दरमा ऋण उपलब्ध गराई उत्पादन र उत्पादकत्व बृद्धि गर्दै सहकारीका सदस्यहरुको जीवनस्तर उकास्न सकिन्छ। सदस्यहरुमा सहकारी तथा वित्तीय साक्षरताको कमी, व्यवस्थापकीय र नेतृत्व क्षमताको कमी जस्ता कारणले गाउँपालिकाले सहकारी क्षेत्रबाट अपेक्षित लाभ लिन सकेको अवस्था छैन। दीगो विकास लक्ष्य, पन्ध्रौ योजनाका लक्ष्य तथा प्रदेश सरकारको प्रथम आवधिक योजनाको लक्ष्य पूरा गरी सहकारीलाई आर्थिक विकासको एक खम्बाको रुपमा उत्पादनमुखी बनाउँदै गाउँपालिकामा सहकारीको संख्या वृद्धि गरी एक सहकारी एक उत्पादनको नीति लागु गर्नु र उत्पादित सामाग्रीको बजारीकरण गर्नु आजको आवश्यकता रहेको छ।

### ३.६.२ अवसर र चूनौति

**अवसर**

- सहकारी मार्फत कृषि तथा पशुपंक्षी उत्पादनको व्यवस्थापन तथा बजारीकरण गरी लाभ लिन सकिने।
- सहकारीको पूँजी परिचालन मार्फत महिला सशक्तिकरण र उद्यमशीलताको विकास गर्न सकिने।
- सहकारी सदस्यहरुको क्षमता विकास र आयआर्जनमा अभिवृद्धि गर्न सकिने।
- सहकारी मार्फत सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न सकिने।

**चुनौती**

- सहकारीले गर्ने लगानीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने।
- सहकारी सिद्धान्त र प्रचलित कानून अनुसार प्रभावकारी नियमन गर्ने।
- वित्तीय अनुशासन तथा सुशासन कायम राखी संकलित पुँजीको सुरक्षा गर्ने।

- पालिकाको उपयुक्त निति तथा प्राथमिकता क्षेत्रमा नपर्ने ।।

**३.६.३ दीर्घकालीन सोँच :- समृद्धिको आधार सहकारी; हात-हातमा सीप र जन-जनलाई रोजगारी**

**३.६.४ लक्ष्य :-** सहकारी विकासको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याउने ।

**३.६.५ उद्देश्य :-** सहकारी संस्थाहरुलाई उत्पादन र बजारीकरणमा अग्रसर बनाई रोजगारी श्रृजना गर्ने ।

### ३.६.६ रणनीति तथा कार्यनीतिहरु

- सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने ।
  - विद्यमान कानून अनुसारको विधि प्रक्रिया अवलम्बन गरी वित्तीय अनुशासन कायम राख्न प्रत्येक सहकारीको नियमित अनुगमन गरिनेछ ।
  - सहकारी शिक्षा मार्फत सञ्चालक तथा सदस्यहरुको सहकारी सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धि गरिनेछ ।
  - सदस्य वा समूहबाट उत्पादित विशिष्टीकृत वस्तुहरुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, भण्डारण र बजारीकरण गर्न सहकारी संस्थालाई उत्प्रेरित गरिनेछ ।
  - सहकारीमा महिलाहरुको आवद्धता अभिवृद्धि गर्दै सहकारी मार्फत एक घर एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
  - ग्रामिण उत्पादनलाई बजारसँग जोड्ने मुख्य कडीका रुपमा सहकारी संस्थालाई परिचालन गरिनेछ ।
  - शुलभ कर्जा तथा उधोग स्थापना प्रोत्साहनको लागि व्याज अनुदान सहयोग गरिनेछ ।

### ३.६.७ नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सूचक विवरण | इकाई | आधार बर्ष (२०७९/८०) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| कृषि सहकारी संस्था | संख्या | ५ | ६ | ६ | ६ |
| सहकारीमा आवद्ध कृषक | संख्या | १३१९ | १४०० | १४५० | १५०० |
| वचत तथा ऋण सहकारी | संख्या | ३ | ३ | ३ | ३ |
| बहुउद्देश्यीय सहकारी | संख्या | ३ | ३ | ३ | ३ |

### ३.६.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आथिक विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

***तालिका ३.२:: आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/८१ | ८००.०० | २००.०० | ६००.०० | ०/०० | | | | ० |
| २०८१/८२ | ८००.०० | २००.०० | ६००.०० | ०/०० | | | | ० |
| २०८३/८४ | ११००.०० | २००.०० | ९००.०० | ०/०० | | | | ० |

### ३.६.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कुल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ:

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक वडा एक सहकारी ; एक उत्पादन कार्यक्रम | कम्तिमा एक वडा एक सहकारी र एक उत्पादन कार्य संचालन गर्ने । | सालवसाली | १८००.०० | प्रत्येक वडामा एक सहकारी र एक उत्पादन कार्य संचालन भएको हुनेछ । |
| २ | उत्पादनमा संलग्न उत्कृष्ट सहकारीलाई प्रोत्साहन कार्यक्रम | उत्पादनमा संलग्न उत्कृष्ट सहकारीलाई प्रोत्साहन गर्ने । | सालवसाली | ३००.०० | उत्पादनमा संलग्न उत्कृष्ट सहकारीलाई प्रोत्साहन प्रदान गरिएको हुनेछ । |
| ३ | सहकारीहरुको संयुक्त लगानीमा स्थानीय स्तरमा उत्पादित | स्थानीय स्तरमा उत्पादित वस्तुहरुको एकै स्थानमा संकलन, ब्राण्डिङ, प्याकेजिङ | | | स्थानीय स्तरमा उत्पादित वस्तुहरुको निर्यात पूर्व एकै स्थानमा |

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | वस्तुहरुको एकै स्थानमा संकलन, ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण कार्यक्रम | तथा बजारीकरण गर्ने । | २०८३/८४ | ३००.०० | संकलन, ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरण सम्बन्धी व्यवस्था भएको हुनेछ । |
| ४ | सहकारी शिक्षा तथा वित्तीय सुशासन सम्बन्धी कार्यक्रम । | सहकारी शिक्षा तथा वित्तीय सुशासन सम्बन्धी कार्यक्रम संचालन गर्ने । | सालवसाली | ३००.०० | सहकारी शिक्षा तथा वित्तीय सुशासन सम्बन्धी कार्यक्रम संचालन भई स्थानीय जनताले फाइदा लिएका हुनेछन् । |

### ३.६.१० जोखिम पक्ष तथा अनुमान

पूर्वखोलावासीमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछन् । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ । आगामी दिनहरुमा आर्थिक गतिविधि विस्तार भएर जानेछ । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ बायिज्य तथा आपुर्ति

### ३.७.१ पृष्ठभूमि

१५औं योजनाले वाणिज्य तर्फ आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन र व्यापार सन्तुलन भन्ने दीर्घकालीन सोँच र अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । त्यसैगरी आपूर्ति तर्फ प्रभावकारी, सहज आपूर्ति प्रणाली तथा उपभोक्ता हकको संरक्षण भन्ने सोँचका साथ गुणस्तरीय वस्तु तथा सेवाको सहज, सर्वसुलभ आपूर्ति गरी आपूर्ति प्रणालीमा नागरिकको पहूँच सहज बनाउने लक्ष्य लिएको छ । लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्तिको व्यवस्था मार्फत आर्थिक समृद्धिमा सहयोग भन्ने सोँच सहित प्रादेशिक व्यापार प्रवर्द्धन गरी गुणस्तरीय वस्तुहरुको सर्वसुलभ रुपमा आपूर्ति हुने व्यवस्था मिलाउने लक्ष्य लिएको छ ।

पूर्वखोला गाउँपालिकामा आन्तरिक यातायातको सुविधा र पालिकासँग नजिक रहेका वजारहरुमा आर्यभन्ज्याङ र रामपुर साथै कालिगण्डकी करीरोडमा आवद्ध वजारहरुवाट यस पालिकाले वाणिज्य तथा आपूर्तिको क्षेत्रमा लाभ लिइरहेको अवस्था छ । यस गाउँपालिकाको नवलपरासी जिल्लाका वजारसंग पनि आगामी दिनमा वजार अन्तरसम्वन्ध वढ्ने देखिन्छ । गाउँपालिकाको कृषि र पशुजन्य उत्पादनको बिक्री पहिलो व्यापारको श्रोत हो । व्यापार व्यवसायलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने, कालो बजारी, एकाधिकार, कृत्रिम अभाव श्रृजना जस्ता कार्यको पूर्ण अन्त्य गर्न नियमित बजार अनुगमन गर्ने, व्यापार पूर्वाधार तयार गरी कृषि तथा पशुजन्य उपजको प्रदर्शनी र बिक्री स्थलको निर्माण गर्ने, उत्पादनमा गुणस्तर नीति निर्माण गरी उपभोक्ता हीतको संरक्षण गर्ने, गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउने, अत्यावश्यक वस्तु र सेवाको सहज र निर्बाध आपूर्ति सुनिश्चित गर्ने, व्यापार सञ्जाल निर्माण गर्ने जस्ता कार्यहरु व्यवस्थित हुन सकेमा मात्र वस्तु तथा सेवाको सहज उपलब्धताको साथै उत्पादनकर्ता, बिक्रेता र उपभोक्ता बीचको सम्बन्ध सुदृढ हुन सक्दछ, यसबाट स्थानीय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्न सक्दछ ।

### ३.७.२ अवसर र चूनौति

**अवसर**

- स्थानीय कच्चा पदार्थमा आधारित वस्तुहरु उत्पादन गरी व्यापार प्रवर्द्धन गर्न सकिने ।
- विशिष्टिकृत वस्तुहरुको उत्पादन र निर्यातबाट व्यापार वृद्धि र आयात प्रतिस्थापन गर्न सकिने ।
- सडक तथा अन्य पूर्वाधारको विस्तारसँगै आपूर्ती तथा बजारीकरणमा सहजता ल्याउन सकिने ।
- फर्म, उधोग, पसलको दर्ता तथा सूचीकरण कार्यक्रमलाई नियमित तथा व्यवस्थित गर्न सकिने ।
- नियमित वजार अनुगमन तथा नियमनवाट वस्तु तथा सेवाको गुणस्तर कायम गर्न सकिने ।

**चुनौती**

- आपूर्ति प्रणालीलाई प्रभावकारी नियमन गरी व्यवस्थित गर्ने ।
- वर्षातको समयमा सडक यातायात सुचारु नहुँदा गाउँ-गाउँमा अत्यावश्यक वस्तुहरुको आपूर्ति गर्ने ।

- स्थानीय तहमा उपलब्ध हुन सक्ने विशिष्टीकृत वस्तुहरुको पहिचान गरी उत्पादन, प्याकेजिङ, ब्राण्डिङ्ग समेतको व्यवस्थापन, प्रचार प्रसार र प्रवर्द्धन गर्ने ।
- पालिकाको उपयुक्त निति तथा प्राथमिकता क्षेत्र निर्धारण गरी कार्यान्वन गर्ने ।

**३.७.३ दीर्घकालीन सोँच :- आपूर्ति व्यवस्थापनको बलियो आधार ; सुदृढ र सन्तुलित व्यापार ।**

**३.७.४ लक्ष्य :-** आत्मनिर्भर अर्थतन्त्रका लागि वाणिज्य क्षेत्र मार्फत रोजगारी र आय आर्जनमा अभिवृद्धि गर्ने ।

**३.७.५ उद्देश्य :-** व्यापार तथा आपूर्ति व्यवस्थापनलाई भरपर्दो र गुणस्तरीय बनाउने ।

### ३.७.६ रणनीति तथा कार्यनीतिहरु

- व्यापार तथा आपूर्ति व्यवस्थालाई सन्तुलित र भरपर्दो बनाई गुणस्तरीय उपभोग्य वस्तुहरुको सहज आपूर्ति गर्ने ।
  - पूर्वखोलाको पहिचान हुने अर्गानिक खाद्यान्न, औषधीजन्य जडिबुटी तथा अन्य विशिष्टीकृत वस्तुहरु बजारको माग बमोजिम आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।
  - सूचना प्रविधि मार्फत स्थानीय उत्पादनको प्रचार प्रसार र आपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
  - कार्टेलिङ तथा बिचौलिया प्रवृत्तिलाई निरुत्साहित गरी उत्पादकलाई प्रत्यक्ष फाइदा हुने नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
  - उपभोग्य वस्तुहरुको बाह्रै महिना सहज आपूर्तिका लागि वस्तुहरुको भण्डारण तथा बजारीकरणको भरपर्दो व्यवस्था मिलाइनेछ ।
  - उपभोक्ताको हीत संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
  - स्थानीय बजार केन्द्रहरुको नियमित अनुगमन गरी आपूर्ति व्यवस्थालाई भरपर्दो र गुणस्तरीय बनाइनेछ ।

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

**बाणिज्य तथा आपुति क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।**

**तालिका ३.२ आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान**

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८०/८१ | ७००.०० | ७००.०० | ०.०० | ०/०० | | | | |
| २०८१/८२ | ५००.०० | ५००.०० | ०.०० | ०/०० | | | | |
| २०८३/८४ | ५००.०० | ५००.०० | ०.०० | ०/०० | | | | |

### ३.७.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

बाणिज्य तथा आपुति क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कुल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिकामा वार्षिक आयात निर्यात हुने वस्तुहरुको तथ्यांक अध्याबधिक | आयात निर्यात हुने वस्तुहरुको तथ्यांक अध्याबधिक गर्ने । | सालबसाली | ३००.०० | पालिकामा वार्षिक आयात निर्यात हुने वस्तुहरुको तथ्यांक अध्याबधिक भएको हुनेछ । |
| २ | मूल्य सूची निर्धारण सम्वन्धी मापदण्ड तर्जुमा | मूल्य निर्धारण सम्वन्धी मापदण्ड तयार गर्ने । | २०८०/८१ | १००.०० | मूल्य सूची निर्धारण सम्वन्धी मापदण्ड तयार भई स्वही अनुसार मुल्य निर्धारण भएको हुनेछ । |
| ३ | स्थानीय व्यापार संघ स्थापनाका लागि सहजीकरण कार्यक्रम | स्थानीय व्यापार संघको स्थापना गर्ने । | २०८०/८१ | १००.०० | स्थानीय व्यापार संघ स्थापनाका भएको हुनेछ । |
| ४ | बजार अनुगमन तथा नियमन कार्यक्रम | बजार अनुगमन तथा नियमन गर्ने । | सालबसाली | ३००.०० | नियमित रुपमा बजार अनुगमन तथा नियमन भएको हुनेछ । |

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | स्थानीय उत्पादनको प्रचार प्रसार कार्यक्रम | स्थानीय उत्पादनको प्रचार प्रसार गर्ने । | सालबसाली | ३००.०० | स्थानीय उत्पादनको प्रचार प्रसार भई स्थानीय उत्पादनले बजार पाएको हुनेछ । |
| ६ | फर्म, उद्योग, व्यपार व्यवसाय दर्ता तथा नबिकरण शिविर संचालन | स्थानीय स्तरमै फर्म, उद्योग, व्यपार व्यवसाय दर्ता तथा नबिकरण गर्ने । | सालबसाली | ६००.०० | स्थानीय स्तरमै फर्म, उद्योग, व्यपार व्यवसाय दर्ता तथा नबिकरण गर्ने कार्य भएको हुनेछ |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

पूर्वखोलावासीमा बाणिज्य तथा आपुर्ति सम्वन्धी बिबिध अवसरहरु उपलब्ध हुनेछन् । बाणिज्य तथा आपुर्ति क्षेत्रमा संलग्न संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ । आगामी दिनहरुमा आर्थिक गतिविधि विस्तार भएर जानेछ । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.८ श्रम तथा रोजगार र गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गर्नुका साथै सामाजिक सुरक्षा तथा रोजगारीलाई संघ र प्रदेशको साझा अधिकार सूचिमा राखेको छ । स्थानीय तहलाई बेरोजगारीको तथ्यांक संकलनको जिम्मेवारी समेत दिएको छ । पूर्वखोला गाउँपालिकाको ठूलो जनसंख्या कृषि व्यवसायमा (८२.२%) आवद्ध भई रोजगारमा रहेको देखिन्छ । कृषि पेशामा अत्यधिक निर्भरता रहे पनि यो पेशालाई व्यवसायीकरण गर्न नसकिदा बाह्रै महिना रोजगारी पाउने अवस्था भने छैन । पालिकाले गरिब लक्षित कार्यक्रमहरु लक्षित वर्गमा पुऱ्याउन गरिब घरपरिवार पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । दीगो विकासको लक्ष्यमा उल्लेख गरिए अनुसार सबै ठाउँबाट सबै प्रकारको गरिबी अन्त्य गर्नु तीनै तहका सरकारको दायित्व हो । गरिबी न्यूनीकरण अन्तर सम्बन्धित विषय भएकोले यस क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र गैर सरकारी क्षेत्र एवं विकास साझेदारहरुको समन्वयनात्मक भूमिका आवश्यक छ ।

### ३.८.२ अवसर तथा चनौति

**अवसरहरु**

- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा उत्प्रेरित गरी गाउँमा नै बस्ने बातावरण सिर्जना गर्न सकिने ।
- गरिब तथा बेरोजगार र सक्रीय उमेर समूहका व्यक्तिहरुलाई सीपमूलक तालिम, प्रविधि र पुँजी उपलब्ध गराई आत्मनिर्भर बनाउन सकिने ।
- गाउँपालिकाबाट गरिवी निवारण सम्बन्धी बिशेष कार्यक्रम सञ्चालन गरी रोजगारी प्रवर्द्धन गर्न सकिने ।
- उपलब्ध स्रोत साधन र सुबिधामा गरिवको पहूँच सुनिश्चित गरी गरिवी न्यूनीकरण गर्न सकिने ।
- पालिका स्तरवाट संचालित पूर्वाधार विकासका आयोजनाहरुमा स्थानीय जनतालाई रोजगार दिन सकिने ।
- दक्ष,अर्धदक्ष जनशक्तिलाई समय सापेक्ष स्तर बृद्धि तालिम प्रदान गरी पालिका भित्र रहेर काम गर्न सक्ने वातावरण सिर्जना गर्न सकिने ।

**चुनौतीहरु**

- बेरोजगारीको यथार्थ तथ्यांक नहुँदा जनशक्ति व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- बेरोजगारहरुलाई व्यवसायिक तालिम, सीप र प्रविधि उपलब्ध गराई उद्यमशील बनाउने ।
- स्रोत साधनको न्यायोचित वितरणमा गरिब परिवारको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- युवाहरुको विदेश मोहलाई निरुत्साहित गर्न ।
- स्थायी/अस्थायी वसाइसलाई रोक्ने ।

### ३.८.३ दिर्घकालिन सोच गरिबी निवारणको भरपर्दो आधार; स्थानीय स्तरमै रोजगार ।

**३.८.४ लक्ष:** आन्तरिक रोजगारीको प्रवर्द्धन मार्फत गरिबी न्यूनीकरण गर्ने ।

**३.८.५ उद्देश्यः** श्रमको मर्यादा र रोजगारी प्रवर्द्धन मार्फत गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

### ३.८.६ रणनीति तथा कार्यनीतिहरु

- श्रममूलक जनशक्तिलाई उत्पादनमूलक क्षेत्रमा स्थापित गरी स्वरोजगार बनाउने ।
- गरिबी न्यूनीकरणका लागि बेरोजगार जनशक्तिलाई विकास निर्माणका गतिविधिहरु र उत्पादनसँग आवद्ध गर्दै रोजगारीका अवसरहरुको श्रृजना गर्ने ।
  - सक्रीय उमेर समूहका बेरोजगारहरुको तथ्यांक अद्यावधिक गरिनेछ ।
  - क्षेत्रगत जनशक्तिको आँकलन सहितको मानव श्रोत विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ
  - प्राविधिक धारका सामुदायिक विद्यालयहरु थप विस्तार गरी कृषि, पशुपालन, पर्यटन तथा अन्य व्यवसायका लागि आवश्यक जनशक्ति तयार गरिनेछ ।
  - समानतामा आधारित श्रम अनुसारको मूल्य निर्धारण गर्ने नीति अवलम्वन गरिनेछ ।
  - रोजगार सेवा केन्द्र मार्फत गरिबी न्यूनीकरण सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
  - गाउँपालिकामा सञ्चालन गरिने सबै खाले विकास निर्माणका गतिविधिहरुमा विपन्न परिवारहरुलाई प्राथमिकता दिइनेछ ।
  - श्रम तथा रोजगारलाई पूर्वधार, कृषि, पर्यटन र उद्योगमा आबद्धता गर्दै विकास निर्माणका गतिविधिहरुमा श्रममूलक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
  - केन्द्र, प्रदेश तथा स्थानीय स्तरवाट सञ्चालन गरिने गरिबी निवारणका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरिनेछ ।
  - कृषि, पशुपालन तथा पर्यटन व्यवसायलाई गरिबी न्यूनीकरणको मुख्य आधार क्षेत्रको रुपमा स्थापित गरिनेछ ।
  - गरिवी निवारणका लागि स्थानीय स्तरमा उपलव्ध ज्ञान सीप, पेशा एवं व्यवसायको प्रवर्द्धन गरिनेछ ।
  - उद्यमशीलता तालिम, सीप तथा प्रविधि हस्तान्तरण मार्फत स्वरोजगारमूलक व्यवसाय स्थापनामा सहयोग गरिनेछ ।

### ३.८.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक विवरण | इकाई | आधार वर्ष (२०७९/८०) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/०८३ |
| ६ महिना भन्दा बढी रोजगार प्राप्त जनशक्ति | संख्या | ३९३१ | ४००० | ४१०० | ४२०० |
| अति विपन्न परिवार राहत कार्यक्रमबाट रोजगारी सिर्जना | संख्या | १२६४ | १३०० | १३५० | १४०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना | संख्या | १९४६ | २२०० | २४०० | २५०० |
| सञ्चालित रोजगार कार्यक्रम/आयोजना | संख्या | १ | ३ | ३ | ४ |

### ३.८.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **श्रम तथा रोजगार** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४००.०० | ६००.०० | ८००.०० | ०/०० | | | | |
| २०८१/८२ | १२००.०० | ४००.०० | ८००.०० | ०/०० | | | | |
| २०८३/८४ | १२००.०० | ४००.०० | ८००.०० | ०/०० | | | | |

### ३.८.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अति विपन्न घरपरिवारको पहिचान तथा अभिलेखीकरण | अति विपन्न घर परिवारको पहिचान गर्ने । | २०८०/८१ | २००.०० | अति विपन्न घरपरिवारको पहिचान भई अभिलेखीकरण भएको हुनेछ । |
| २ | अति विपन्न परिवारमा एक परिवार एक रोजगार कार्यक्रम | अति विपन्नका लागि एक परिवार एक रोजगार दिने । | सालबसाली | २४००.०० | अति विपन्न परिवारमा एक परिवार एक रोजगार कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् । |
| ३ | संघ संस्थाहरुको सहकार्यमा उद्यमशीलता र स्वरोजगारमूलक तालिम | उद्यमशीलता र स्वरोजगारमूलक तालिम संचालन गर्ने । | सालबसाली | ६००.०० | संघ संस्थाहरुको सहकार्यमा उद्यमशीलता र स्वरोजगारमूलक तालिम संचालन भई पैशिक्षित भएका हनेछन् । |
| ४ | मागमा आधारीत सिपमुलक तालिम | मागमा आधारीत सिपमुलक तालिमल संचालन गर्ने । | सालबसाली | ६००.०० | मागमा आधारीत सिपमुलक तालिम संचालन भएको हुनेछ । |
| | | | **जम्मा** | ३८००.०० | |

### ३.८.१० जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । पालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद ४
# सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरी आधारभूत तहसम्मको शिक्षामा पहूँच सुनिश्चित गर्न आधारभूत तहलाई अनिवार्य एवं निशुल्क गरेको छ भने माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । **सामाजिक, आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास** भन्ने सोँच र गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी र उत्पादनशील मानव श्रोतको विकास गर्ने लक्ष्य १५ औं योजानले लिएको छ । त्यसैगरी प्रथम प्रादेशिक योजनाले **समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास** गर्ने सोँचका साथ आफ्ना गतिविधिहरु सञ्चालनमा ल्याएको छ । त्यस्तै दिगो विकासको लक्ष्यले समेत समावेशी र गुणस्तरीय शिक्षाका साथै सबैलाई जीवनभर अध्ययनको अवसर उपलव्ध गराउने उद्देश्य लिएको छ । यीनै लक्ष्य, उद्देश्यसँग तादाम्यता राख्दै यस पूर्वखोला गाउँपालिकाको आवधिक योजनामा शिक्षा विकास तर्फका लक्ष्य, उद्देश्य निर्धारण गरिएको छ । नेपालको संबिधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार पूर्वखोला गाउँपालिकाको कूल साक्षरता दर ८१.००% रहेको छ । जस मध्ये पुरुष साक्षरता ८७.ने अवस्थामा छन् । गाउँपालिकाको शिक्षा शाखामा भएको तथ्यांक अनुसार पाँच वर्ष देखि १५ वर्ष उमेरका बालबालिका अहिले पनि बिद्यालयको पहुँच बाहिर रहेका छन् । यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाको सङ्ख्या करिव ५% रहेको छ ।  त्यस्तै राष्ट्रिय जनगणना-२०७८ अनुसार ५ देखि २५ बर्ष उमेरका बालबालिका तथा युबा युवतीहरुको संख्या ४८२३ रहेकोमा करिव ७६% बालबालिका तथा युबा युवतीले आफ्नो पढाईलाई निरन्तरता दिएको देखिन्छ । आगामी बर्षमा गाउँपालिकाले बिशेष कार्यक्रम सञ्चालन गरी कम्तिमा पनि ५ देखि १५ बर्ष उमेरका बिद्यालय बाहिर रहेका सबै बालवालिकालाई शिक्षाको मूलधारमा ल्याउनु आवश्यक छ ।

हाल पूर्वखोला गाउँपालिकामा ४३ वटा बालबिकास केन्द्र, ३८ वटा सामुदायिक बिद्यालयहरु तथा  एक मात्र उच्च शिक्षा पढाई हुने क्याम्पस संचालनमा रहेको छन् । साथै यस गाँउपालिकाको एक मात्र उदबुद्ध माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षा तर्फ कृषि बिषयको पढाई भैरहेको छ । पूर्वखोला गाउँपालिकाले संस्थागत बिद्यालय तथा सामुदायिक बिद्यालय समायोजन गर्ने नीति अनुसार पालिकामा संचालित ५ वटा संस्थागत बिद्यालयहरुलाई सामुदायिक बिद्यालयहरुमा समायोजन गरिएको छ । समायोजन पछि दुई धारको शिक्षा प्रणालीबाट समाजमा देखिएको सामाजिक तथा आर्थिक बिभेद कम हुने अपेक्षा लिइएको छ ।

गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्यनजर गर्दा आगामी दिनहरुमा शिक्षा क्षेत्रमा सुधार गर्नुपर्ने प्रसस्तै विषयहरु छन् । शिक्षा पद्धतिलाई प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा पालिकाको लगानी अभिवृद्धि गर्ने, खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्ने र पालिकाले यसको  नियमन एवं सहजीकरण गरी आवश्यक व्यवस्थापन गर्ने नीति अंङ्गिकार गरिनु पर्दछ । राष्ट्रपति र मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८ अन्तरगत रही आगामी वर्षमा गरिब परिवारबाट पढ्ने विद्यार्थीलाई **पढ्दै कमाउदै** जस्ता कार्यक्रम सञ्चालन गरी शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सके भविष्यका ती विद्यार्थीहरु उद्यमी, व्यवसायीक, सीपयुक्त र स्वावलम्बी नागरिक बन्न सक्ने छन् ।

### ४.१.२ अवसर तथा चूनौति

**अवसर**

- नेपालको संबिधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- नेपालको संबिधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई दिइएको ।
- शिक्षामा राज्यको लगानी बढ्दै गएको ।
- संस्थागत तथा सामुदायिक बिद्यालय समायोजन गर्ने नीति अनुसार पालिकामा संचालित ५ वटा संस्थागत बिद्यालयहरुलाई सामुदायिक बिद्यालयहरुमा समायोजन गरिएको ।

- अभिभावकमा शिक्षाको जागरण रहेको, व्यवसायिक शिक्षा तर्फ अभिभावक तथा विद्यार्थीको अभिरुचि बढ्दै गएको ।
- बिद्यालयमा गुणस्तरिय भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइएको ।
- शिक्षण सिकाई क्रियाकलापमा नविनतम प्रविधिको प्रयोगले शिक्षालाई सहज बनाएको ।
- नक्सांकनको आधारमा विद्यालय सञ्चालन गर्ने गरिएको ।

**चुनौती**

- विद्यालय छाड्ने दरमा कमी ल्याउने ।
- गुणस्तर सुनिश्चितताका लागि उपयुक्त मानव संसाधन व्यवस्थापन गर्ने ।
- बालमैत्री सिकाई वातावरण तयार गर्ने तथा अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा सहज पहुँच पुऱ्याउने
- समन्यायीक श्रोत साधन वितरण गरी समतामूलक पहुँच सुनिश्चितता गर्ने ।
- समावेशी तथा लैङ्गिकमैत्री शिक्षण तथा सिकाईको बातावरण कायम गर्ने ।
- नविनतम प्रविधि उपयोगका लागि अनुकूल भौतिक पूर्वाधार र सोही अनुरुपको जनशक्ति व्यवस्थापन गर्ने ।
- अनुगमन पद्धतिलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउने ।
- बिद्यालय समायोजन पछि निशुल्क माध्यमिक तहको शिक्षाको सुनिश्चितता गर्ने ।

**४.१.३ दिर्घकालिन सोचः** सामाजिक तथा आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा

**४.१.४ लक्ष्यः** दक्ष तथा नैतिकवान जनशक्ति विकास गर्ने ।

**४.१.५ उद्देश्यः** सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँच बृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।

### ४.१.६ रणनीति तथा कार्यनीतिहरु

- सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
  - शिक्षाको गुणस्तर कायम राख्न शिक्षकहरुलाई मागका आधारमा शिक्षाका विविध विधामा तालिम तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
  - सवै विद्यालयहरुमा आवश्यक न्यूनतम मापदण्ड सहितका (पुस्तकालय, प्रयोगशाला, खेल मैदान, पानी सहितको शौचालय) भौतिक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।
  - सूचना प्रविधिको प्रयोगलाई प्राथमिकताका साथ लागु गरिनेछ ।
  - हाल उदबुद्ध माध्यमिक विद्यालयमा संचालीत कृषि विषयको शिक्षणलाई केन्द्रित गरी कमाउदै पढ्दै कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ
  - नमुना बिद्यालयको अवधारणा कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
  - भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री/छात्र छात्रा मैत्री पूर्वाधारको विकासका गरिनेछ तथा निर्माण भैसकेका पूर्वाधारहरुमा क्रमस स्वही अनुसारको व्यवस्था मिलाइनेछ ।
  - माध्यमिक बिद्यालयहरुमा क्रमस प्राथमिक उपचारमा केन्द्रित नर्सिङ्ग शिक्षा कार्यान्वयनमा ल्याइनेछ ।
  - अति विपन्न विद्यार्थीका लागि विशष प्याकेज कार्यक्रम संचालन गरिनेछ ।
  - कक्षा ११-१२ मा पढ्ने छात्राहरुलाई प्रौत्साहन स्वरुप छात्रबृति प्रदान गरिनेछ ।
  - बिद्यार्थिहरुको स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिक्नेछ ।
  - शिक्षामा सवैको पहूँच अभिबृद्धि गर्न र गुणस्तरीय शिक्षा सर्वसुलभ बनाउन कानून तथा कार्यविधि/मापदण्डको आवश्यकता अनुसार परिमार्जन गरी लागु गरिनेछ ।
  - शैक्षिक सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
  - कार्य क्षमता मूल्यांकनको आधारमा शिक्षकहरुलाई पुरस्कृत गरिनेछ ।
  - विद्यालयहरुको अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ ।

### ४.१.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

शिक्षा क्षेत्रको सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| सूचक | ईकाइ | आधार अवस्था (२०७७/७८) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गाउँपलिकाको शिक्षामा लगानी | प्रतिशत | | | | |
| शिक्षक विद्यार्थी अनुपात (माध्यमिक तह) | अनुपात | | | | |
| बालमैत्री स्थानीय शासन घोषणा भएका वडा | संख्या | ० | ० | २ | ४ |

| सूचक | ईकाइ | आधार अवस्था (२०७७/७८) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नमूना सामुदायिक विद्याल | संख्या | ० | १ | १ | १ |
| प्राविधिक धारका विद्यालय | संख्या | १ | १ | १ | १ |
| विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | ७ | ८ | ८ | ९ |
| ICT ल्याब भएका विद्यालय | संख्या | १० | ११ | १२ | १३ |
| इन्टरनेट सेवा उपलब्ध विद्यालय | संख्या | १५ | १९ | २२ | २५ |
| अपाङ्गमैत्री पूर्वाधार भएका विद्यालय | संख्या | ० | २ | ४ | ७ |
| पक्की शौचालय भएका विद्यालय | संख्या | ३८ | ३८ | ३८ | ३८ |
| खेल मैदान भएका विद्यालय | संख्या | १८ | १९ | २१ | २२ |
| बालमैत्री शौचालय भएका बिद्यालयहरु | प्रतिशत | ५० | ६० | ७० | ८० |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८१ | ८५ | ८७ | ९० |
| बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना | प्रतिशत | ९९ | १०० | १०० | १०० |

### ४.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १७४२००.०० | १६३५००.०० | १०७००.०० | ०/०० | | | | |
| २०८१/८२ | १९०१५०.०० | १७९८५०.०० | १०३००.०० | ०/०० | | | | |
| २०८३/८४ | २०९६८१.०० | १९९०८१.०० | १०६००.०० | ०/०० | | | | |

### ४.१.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.०००) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| १ | गाउँ शिक्षा योजना तर्जुमा । | २०८०/८१ | ४००.०० | शिक्षा योजना तयार भई कार्यान्वयन भएको हुनेछ । |
| २ | नमुना बिद्यालय कार्यक्रम । | सालबसाली | ४४००.०० | २ वटा बिद्यालयहरु नमुना बिद्यालयको रुपमा स्थापित भएका हुनेछन् । |
| ३ | शैक्षिक गुणस्तर परिक्षण कार्यक्रम । | सालबसाली | ७००.०० | बिद्यालयको शैक्षिक गुयास्तर परिक्षण भएको हुनेछ । |
| ४ | बिद्यालय शैक्षिक सुधार कार्यक्रम । | सालबसाली | ८०००.०० | बिद्यालयमा शैक्षिक सुधार सम्वन्धी गतिबिधिहरु संचालन भएका हुनेछन् । |
| ५ | बिद्यालय नर्सिङ शिक्षा कार्यक्रम । | सालबसाली | १८५०.०० | २ वटा मा.बिहरुमा नर्सिङ शिक्षा संचालन गरिने छ । |
| ६ | उदबुद्ध मा.वि. (९-१२) मा सिक्दै कमाउदै कार्यक्रम । | सालबसाली | १३०००० | बिद्यार्थिहरुले प्रयोगात्मक रुपमा सिप सिक्दै आय आर्जन समेत गरेका हुनेछन् । |
| ७ | अति विपन्न विद्यार्थीका लागि विशष प्याकेज कार्यक्रम । | सालबसाली | १५००.०० | अतिबिपन्न स्तरका बिद्यार्थिहरुलाई पढाई निरन्तरताको लागि आवश्यक सहयोग भइको हुने छ । |
| ८ | कक्षा ११-१२ मा पढ्ने छात्रालाई छात्रबृति कार्यक्रम। | सालबसाली | १०००.०० | कक्षा ११-१२ मा पढ्ने छात्राहरु बिद्यालय छाड्ने दरमा कमी आएको हुनेछ । |
| ९ | शैक्षिक सचेतना (अभिभावक शिक्षा) कार्यकम | सालबसाली | १०००.०० | अभिभावकहरु लाई बर्तमान शैक्षिक अवस्था बारे जानकारी प्राप्त भएको हुनेछ । |
| १० | उत्कृष्ट शिक्षक, बिद्यार्थि तथा उत्कृष्ट विद्यालय सम्मान कार्यक्रम । | सालबसाली | ९५०.०० | अभिभावक, बिद्यार्थि तथा शिक्षकहरुको आत्म संम्मान भएको महसुस हुनेछ । |
| ११ | विद्यालयमा खानेपानी तथा लैङ्गिकमैत्री | सालबसाली | ३५००.०० | खानेपानी तथा शौचालयको व्यवस्था भएको हुनेछ । |

| क.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.000) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| | शौचालय व्यवस्थापन। | | | |
| १२ | ICT ल्याब स्तरोन्नती कार्यक्रम। | सालबसाली | २५००.०० | ICT ल्याबहरुको स्तरोन्नती भएको हुनेछ। |
| १३ | बिद्यालयमा पुस्तकालय व्यवस्थापन कार्यक्रम। | सालबसाली | १५००.०० | बिद्यालयहरुमा पुस्तकालयको व्यवस्था भएको हुनेछ। |
| १४ | बिद्यालय कक्षा कोठा निर्माण कार्यक्रम | सालबसाली | ९५००.०० | थप नयाँ कक्षा कोठाहरुको निर्माण चई पठन पाठनमा सहजता हनेछ। |
| १५ | बिद्यालय भवन मर्मत संभार तथा फर्निचर व्यवस्थापन | सालबसाली | ५६००.०० | बिद्यालय भवनहरुको मर्मत संभार भएको हुनेछ। |
| १६ | बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्री व्यवस्थापन | सालबसाली | १४५०.०० | बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्री उपलब्ध गराईएको हुने छ। |
| १७ | विद्यालयहरुको खेल मैदान निर्माण तथा स्तरोन्नती | सालबसाली | ३०००.०० | खोलकुदको लागि सहजता हुनेछ। |
| १८ | शिक्षकहरुको क्षमता विकास कार्यक्रम। | सालबसाली | १२००.०० | शिक्षकहरुको क्षमता बिकास भएको हुनेछ। |
| १९ | व्यवस्थापन समितिका पदाधिकारी संग छलफल तथा अन्तरकृया कार्यक्रम। | सालबसाली | ७००.०० | बिबिभ बिषयमा बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु संग छलफल भएको हुनेछ। |
| २० | Big School कार्यक्रम सन्चालनका लागि तयारी। | सालबसाली | ९००.०० | आवश्यक नितिगत तयारी पुरा भएको हुनेछ। |
| २१ | बिद्यार्थि स्वास्थ्य परिक्षण कार्यक्रम | सालबसाली | १२००.०० | बिद्यार्थिहरुको स्वास्थय परिक्षण भै आवश्यकता अनुसारको राय सुझाव प्रदान गरिएको हुनेछ। |
| २२ | प्रारम्भिक बाल विकास,आधारभुत, माध्यमिक तथा समाबेशी शिक्षा कार्यक्रम | सालबसाली | ५२२३८०.० | बाल विकास केन्द्र ४३, आधारभूत ३१, ७ वटा माद्यमिक विद्यालयमा पठनपाठन सुचारु र नियमित हुनेछ। |

### ४.१.१० जोखिम पक्ष तथा अनुमान

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन हुनेछ। शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम देखिन्छ।

## ४.२ स्वास्थ्य सेवा

### ४.२.१ पृष्ठभूमि

हाम्रो संबिधानले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। स्वस्थ तथा उत्पादनशील मानव संसाधनको महत्वलाई दृष्टिगत गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहूँचको लागि तीनै तहको सरकारले आफ्नो दायित्व लिई यस क्षेत्रमा लगानी समेत गर्दै आइरहेको अवस्था छ।

**स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक** भन्ने सोँच र सबै तहमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच सुनिश्चित गर्ने लक्ष्य १५ औं योजनाले लिएको छ भने प्रदेशको पहिलो आवधिक योजनाले सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने लक्ष्य रहेको छ। त्यसैगरी दीगो विकासका लक्ष्य-३ अनुसार सन् २०३० सम्ममा सबै उमेर समूहका मानिसहरुको स्वस्थ जीवन सुनिश्चित गर्ने रहेको छ। यी माथिका लक्ष्यहरुलाई दृष्टिगत गरी पूर्वखोला गाउँपालिकाले आफ्नो लक्ष निर्धारण गर्नुपर्ने हुन्छ। नेपालको संबिधानले आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय तहको अधिकार सूची भित्र र स्वास्थ्य सेवालाई प्रदेशको अधिकार सूची भित्र राखेको छ। हाल पूर्वखोला गाउँपालिकाले ६ वटै वडाहरुमा रहेका प्राथमिक स्वास्थ्य चौकीहरु, ५ वटा सामुदायिक स्वास्थ्य केन्द्र, १ वटा आयुर्वेद औषधालय,, १६ वटा गाउँघर क्लिनिक, २४ वटा खोप केन्द्र मार्फत आधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धी सेवा प्रवाह गर्दै आइरहेको छ। १५ शैयाको अस्पतालको निर्माण कार्य द्रूत गतिमा संचालन भएको छ। पालिकाको योजनामा रिङ्गनेरह स्वास्थ्य चौकीमा

एम.बि.बि.एस. डाक्टर उपलब्ध गराउने भनिए पनि हालसम्म उपलब्ध गराउन नसकिएता पनि बाँकी स्वास्थ्य संस्थाहरुमा हाल स्थायी पदपूर्ति गर्न नसकिएका दरवन्दीहरुमा समेत करार सेवामा नियुक्त गरी सेवा प्रवाह गरिएको अवस्था छ । पछिल्ला दिनहरुमा स्वास्थ्य चेतनामा आएको परिवर्तन तथा स्वास्थ्य सेवाका क्षेत्रमा भएको लगानी तथा सेवा विस्तारले जनताको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तनहरु आइरहेको पाईन्छ ।

गाउँपालिकाको तथ्यांक अनुसार बिगत तिन बर्ष देखि सबै गर्भवति महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी गराउने गरेकाछन् । प्रत्येक बार्डहरुमा स्वास्थ्य चौकीहरुले सेवा प्रदान गरेका छन्, तर जटिल प्रकृतिका रोगको उपचारको लागि जिल्ला सदरमुकाम तानसेन र बुटवल धाउनुपर्ने बाध्यता भने अहिले पनि विद्यमान छ । पालिकामा १५ शैयाको अस्पतालको निर्माण सम्पन्न गरी सेवा संचालन भएमा जनस्वास्थ्यमा आउने कठिनाई न्यूनीकरण गर्न सकिन्छ ।

### ४.२.२ अवसर तथा चूनौति

**अवसर**

- स्वास्थ्य चौकीहरुको व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिइएको तथा सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना भैसकेको ।
- वडा नं ५ को बिरकोटमा १५ शैयाको अस्पतालको निर्माण कार्य भैरहेको ।
- जनताहरुमा स्वास्थ्य सम्वन्धी जनचेतना अभिबृद्धि हुदै गरेको ।
- स्वास्थ्य क्षेत्रमा सरकारको लगानी बृद्धि हुदै गएको ।
- स्थानीय स्तरमा रहेका विभिन्न संघ संस्थाहरुको सहयोगमा स्वास्थ्य सचेतना जस्ता प्रचार प्रसारका कार्यहरु सञ्चालन गर्ने गरेको ।
- स्थानीय क्षेत्रमा उपलब्ध जडिबुटीहरुको व्यवस्थापन गरी आयुर्वेद चिकित्सा प्रणालीलाई समेत विस्तार गर्न सकिने अवस्था रहेको ।
- समुदाय स्तरमा संस्थागत सञ्जाल व्यवस्थाले काममा सहजता भएको ।
- स्वास्थ्य तथ्यांक व्यवस्थापनमा क्ष्क्ष्त को प्रयोगले तथ्यांक व्यवस्थापनमा सहज भएको छ ।

**चुनौती**

- आवश्यक दक्ष जनशक्ति तथा आधुनिक उपकरण सहितको सेवा उपलब्ध गराउन ।
- स्वास्थ्य क्षेत्रमा समातामूलक पहुँच स्थापित गर्न ।
- भौगोलिक विकटताका कारण बर्षातको समयमा स्वास्थ्य चौकीहरुबाट प्रसुती सेवा लगायतका अन्य सेवा सुलभ रुपमा प्रदान गर्न ।
- स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित बनाउन ।
- अन्धविश्वास तथा रुढीवादी परम्पराको अन्त्य गर्न ।
- निशुल्क वितरण गरिने औषधीहरु आवश्यकता अनुसार उपलब्ध गराउन ।
- स्वास्थ्य सेवा प्रवाह सम्वन्धी नियमन तथा अनुगमनमा प्रभावकारीता ल्याउन ।
- विपन्न तथा पछाडि परेका बर्गहरुमा सुरक्षित मातृत्व तथा परिवार नियोजन जस्ता कार्यक्रमको सेवा पुऱ्याउन

### ४.२.३ सोच

- **समृद्ध समाजको लागि स्वास्थ्य नै पहिलो आधार; स्वस्थ्य नागरिक पूर्वखोला को पूर्वाधार ।**

### ४.२.४ लक्ष्य

- सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा मार्फत पूर्वखोलावासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।

### ४.२.५ उद्देश्य

- पूर्वखोलावासीलाई सहज तथा सर्वसुलभ रुपमा स्वास्थ्य सेवाहरु उपलव्ध गराउने ।

### ४.२.६ रणनीति तथा कार्यनीतिहरु

- **जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।**
- **गर्भवती तथा प्रसुती सेवालाई थप प्रभावकारी बनाउने ।**
  - स्वास्थ्य सम्वन्धी आवश्यक कानून/कार्यविधि तथा मापदण्ड तैयार गरी कार्यान्वयन गरिनेछ ।
  - सवै स्वास्थ्य संस्थाहरुमा दरवन्दी अनुसारको जनशक्तिको व्यवस्था गरिनेछ ।
  - आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
  - प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु सेवाहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

- गाउँ तहमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालवालिका, गर्भवती महिला तथा जेष्ठ नागरिकलाई स्वास्थ्य सेवामा प्राथमिकता दिइनेछ ।
- आयुर्बेद चिकित्सा, प्राकृतिक योग जस्ता चिकित्सा पद्दतिलाई समन्वयात्मक रुपमा अगाडी बढाइनेछ ।
- बिरकोटमा निर्माणधिन १५ शैयाको अस्पतालबाट आगामी दिनहरुमा विशिष्टिकृत सेवा प्रवाह गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधारका साथै आधुनिक स्वास्थ्य उपकरणहरुको व्यवस्थापनबाट स्वास्थ्य सेवालाई थप प्रविधिमैत्री बनाइनेछ ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको दक्षता अभिबृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विभिन्न प्रकारका महामारी तथा सर्ने तथा नसर्ने रोग बारे जनचेतना अभिबृद्धिका साथै उपचारात्मक सेवालाई प्रभावकारी बनाइनेछ ।
- सरकारी, गैह्र सरकारी र निजी क्षेत्रको समन्वयमा गाउँपालिका स्तरमा स्वास्थ्य सम्वन्धी लगानीको वातावरण सिर्जना गरिनेछ ।
- स्वास्थ्य, सरसफाई, आहार बिहार, खानेपानी तथा सरसफाई जस्ता कार्यक्रमहरुलाई स्वास्थ्य सेवा सँग एकीकृत गरी जनजागरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नियमित गर्भ जाँच गराउने, तोकिएको तालिका अनुसार खोप तथा पोषण सेवा लिने आमाहरुलाई प्रोत्साहन गरिनेछ ।
- सवै वडाहरुका बर्थिङ सेन्टरबाट गुणस्तरिय सेवा प्रवाह गरिनेछ ।
- एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन आवश्यकताको आधारमा संख्या थप गरिनेछ ।
- सुत्केरी तथा नवजात शिशुको पोषण सुधार ल्याउन सुत्केरी पोषण कार्यक्रमलाई थप व्यवस्थित गर्न सुत्केरी संग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

### ४.२.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५ वर्ष मुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० |
| स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भवती | प्रतिशत | १०० | १०० | १०० | १०० |
| मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० |
| औषत आयु | वर्ष | ६९.३** | ७० | ७१ | ७२ |
| बि.सि.जी. खोप कभरेज | प्रतिशत | ६७.१० | ८० | ८५ | ९२ |
| डि.पि.टी., हेपाटाइटिस बि खोप कभरेज | प्रतिशत | ७५.९ | ८५ | ९५ | १०० |
| रुबेला खोप (९-११ महिना) | प्रतिशत | ७५.९० | ८५ | ९५ | ९८ |
| जन्मदा २.५ के.जी. ? तौल भएका बालबालिका | प्रतिशत | १.८० | १.८ | १.८ | १.८ |
| १८० दिन आइरन चक्की प्रयोग गर्ने गर्भवती | प्रतिशत | ७३.०० | ८० | ८३ | ८५ |
| भिटामिन ए प्रयोग गर्ने महिला | प्रतिशत | १०० | १०० | १०० | १०० |
| पहिलो पटक स्वास्थ्य संस्थामा जाने गर्भवती | प्रतिशत | ७६.५० | ८५ | ८८ | ९० |
| ४ पटकसम्म स्वा. संस्था मा जाँच गराउने गर्भवती | प्रतिशत | ७३.२० | ८० | ८३ | ८५ |
| योग केन्द्र संचालन संख्या | प्रतिशत | NA | ० | १ | १ |
| स्वास्थ्य विमामा आवद्ध परिवार प्रतिशत | प्रतिशत | NA | २० | ४० | ६० |

### ४.२.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६०५००.०० | ५४१००.०० | ६४००.०० | ०/०० | | | | ० |
| २०८१/८२ | ६६३१०.०० | ५९२१०.०० | ७१००.०० | ०/०० | | | | ० |
| २०८३/८४ | ७२६५०.०० | ६५१००.०० | ७५५०.०० | ०/०० | | | | ० |

## ४.२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण कार्यक्रम | बिषेशज्ञ सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्ने | २०८२/८३ मा सम्पन्न हुने । | केन्द्र | बिषेशज्ञ सेवा सहितको स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ । |
| २ | देबिनगर स्वास्थ्य चौकीको भवन निर्माण | आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने । | | केन्द्र | आधारभूत स्वास्थ्य सेवा उपलव्ध हुनेछ । |
| ३ | सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण (३ वटा) | आधारभूत स्वास्थ्य सेवाको उपलब्धता सहज बनाउने । | २०८२/८३ मा सम्पन्न हुने । | ९०००.०० | आधारभूत स्वास्थ्य सेवाको उपलब्धतामा सहज हुनेछ । |
| ४ | स्वास्थ्य चौकीहरुका लागि कपडा धुने मेसिन खरिद । | सुत्केरी आमाहरुको कपडा धुन सहजना हुने । | २०८०/८१ मा सुरु भै २०८२/८३ मा सम्पन्न हुने । | ६००.०० | स्वास्थ्य चौकीहरुमा कपडा धुने मेसिन खरिद भै संचालनमा आएको हुनेछन् । |
| ५ | पालिका स्तरीय औषधी भण्डारण केन्द्र तथा Coldchain Room को व्यवस्थापन । | औषधी भण्डारणमा सहजता हुने । | २०८१/८२ देखि सालवसाली | ११००.०० | पालिका स्तरीय औषधी भण्डारण केन्द्र तथा Coldchain Room को व्यवस्थापन भएको हुनेछ ॥ |
| ६ | प्रोटोकल अनुसार **ANC/PNC** सेवा लिने आमाहरुलाई यातायात तथा पोषण भत्ताका लागि सहयोग कार्यक्रम | सुत्केरी आमाहरुलाई यातायात तथा पोषण भत्ताको व्यवस्था गर्ने । | सालबसाली | १२५०.०० | सुत्केरीहरुलाई यातायात तथा पोषण भत्ता प्राप्त गरेका हुनेछन् । |
| ७ | सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई थप प्रोत्साहन कार्यक्रम | थप प्रोत्साहन उपलब्ध गराउने । | सालबसाली | २६००.०० | सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुले थप प्रोत्साहन भत्ता उपलब्ध गरेका हुनेछन् । |
| ८ | महामारी तथा सरुवाजन्य रोग नियन्त्रणका लागि सचेतना कार्यक्रम । | महामारी तथा सरुवाजन्य रोग बारे जानकारी दिने । | सालबसाली | ६००.०० | महामारी तथा सरुवाजन्य रोग बारे नागरीक सचेत भएका हुनेछन् । |
| ९ | स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय, प्रविधिमैत्री प्रयोगशाला व्यवस्थापन कार्यक्रम । | सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय प्रयोगशालाको व्यवस्थापन गर्ने । | सालबसाली | ३२००.०० | सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय प्रयोगशालाको व्यवस्थापन भएको हुनेछ । |
| १० | जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीको उपचारका लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन । | निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने । | सालबसाली | १२००.०० | जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीले निशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन् । |
| ११ | दीर्घ रोगीका लागि निशुल्क औषधीको व्यवस्था । | दीर्घ रोगीका लागि निशुल्क औषधीको व्यवस्था गर्ने । | सालबसाली | ९५०.०० | दीर्घ रोगीका लागि निशुल्क औषधीको व्यवस्था भएको हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | गम्भिर खालका रोगको उपचारको लागि अति विपन्न वर्गलाई आर्थिक सहयोग कार्यक्रम । | गम्भिर खालका रोगको उपचारको लागि अति विपन्न वर्गलाई आर्थिक सहयोग गर्ने । | सालबसाली | १५००.०० | गम्भिर खालका रोगको उपचारको लागि अति विपन्न वर्गलाई आर्थिक सहयोग प्राप्त गरेका हुनेछन् । |
| १३ | सुत्केरी संग उपाध्यक्ष कार्यक्रम । | सुत्केरी आमाहरुलाई पोषणयुक्त खाना बितरण गर्ने । | सालबसाली | १२५०.०० | सुत्केरी आमाहरुलाई पोषणयुक्त खाना बितरण भएको हुनेछ । |
| १४ | योग केन्द्रको स्थापना तथा संचालन । | योग केन्द्रको संचालन गर्ने । | सालबसाली | ६५०.०० | योग केन्द्रको स्थापना तथा संचालन भएको हुनेछ । |
| १५ | स्वास्थ्य चौकीमा फोहर जलाउने मेसिन खरिद । | २ वटा स्वास्थ्य चौकीमा फोहर जलाउने मेसिन जडान गर्ने । | पहिलो २ आ.ब. | २०००.०० | २ वटा स्वास्थ्य चौकीमा फोहर जलाउने मेसिन जडान भई संचालनमा आएको हुनेछ । |
| १५ | १५ शैयाको अस्पताल संचालन व्यवस्थापन | १५ शैयाको अस्पताल संचालन गर्ने । | आ.व २०८२/८३ | २०००.०० | १५ शैयाको अस्पताल संचालन व्यवस्थापन भएको हुनेछ । |
| १७ | Video X-Ray :मेसिन खरिद | Video X-Ray मेसिन खरिद गर्ने । | आ.व २०८०/८१ | १०००.०० | Video X-Ray मेसिन संचालनमा आएको हुनेछ । |
| १८ | समुदाय तथा बिद्यालयमा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम | समुदाय तथा बिद्यालयमा स्वास्थ्य परिक्षणको लागि स्वास्थ्यकर्मी परिचालन गर्ने । | सालबसाली | ६००.०० | समुदाय तथा बिद्यालयमा स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य परिक्षण गरिएको हुनेछ । |
| १९ | आधारभूत स्वास्थ्य सेवा कार्यक्रम | आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाउनु | सालबसाली | १६९९.१० | आधारभुत स्वास्थ्य सेवालाई सहज तथा सर्वसुलब बनाइएको हुनेछ । |
| | **जम्मा** | | | १९९४.६० | |

### ४.२.१० जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन अपरिहार्य छ ।

## ४.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता

### ४.३.१ पष्ठभूमि

हाम्रो संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई बिना भेदभाव समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार पालिकाको कूल जनसंख्या १६०५२ मध्ये महिलाको जनसंख्या ८९५९ रहेको छ, यो कूल जनसंख्याको ५५.८१% हो । सोही सर्भेक्षण अनुसार पाँच बर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ८१.००% मध्ये महिला साक्षरता ७६.००% तथा पुरुष साक्षरता दर ८७.८% रहेको छ । महिलालाई संविधान प्रदत्त हक, अधिकारको प्रत्याभूति दिलाउन गाउँपालिकाले महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । गाउँपालिकाबाट आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा महिलाको उपस्थिति संख्यात्मक रुपमा उल्लेख्य देखिएता पनि निर्णय प्रक्रियामा महिलाहरुको सहभागीता अहिले पनि कमजोर छ । अर्थपूर्ण सहभागिता बिना केवल गणपूरक संख्या पुर्‍याउन महिलाहरुलाई विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने गरिएकोले पनि महिला सशक्तिकरणको पाटोमा उल्लेख्य प्रगति हुन नसकेको यथार्थ हो । पालिकामा भएको छलफल अनुसार अझै पनि महिलाहरु विभिन्न प्रकारका हिंसाको सामना गर्न बाध्य भएको अवस्था बिद्यमान छ ।

**लैङ्गिक समतामूलक राष्ट्र** भन्ने सोँच र महिलाको समान तथा अर्थपूर्ण सहभागीता सहित सारभूत समानता कायम गर्ने लक्ष्य १५ औं योजनाले अंङ्गिकार गरेको छ भने लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले **विकासका हरेक क्रियाकलापहरुमा महिला र पुरुषको समान सहभागीता सुनिश्चित** गर्ने लक्ष्य लिएकोछ । यीनै लक्ष्यहरुसँग तादाम्यता राखी यस योजनामा महिला विकास सम्बन्धी लक्ष्य, उद्देश्य निर्धारण गरिएको छ ।

संविधानले राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यस अनुसार सामाजिक सुरक्षा भत्ता लगाएतका अन्य सेवाहरु सरकारबाट प्रदान हुदै आएको छ । जेष्ठ नागरिकको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय प्रदान गर्ने कार्यमा तीनै तहका सरकारको समन्वयात्मक भूमिका आवश्यक रहन्छ ।

**जेष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति** भन्ने सोँच र जेष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले उपयोग गर्ने लक्ष्य पन्ध्रौ योजनाले निर्दिष्ट गरेको छ भने प्रादेशिक योजनामा सवै जेष्ठ नागरिकहरुले आधारभुत सेवा प्राप्तगरी सम्मानपूर्वक जीवन निर्वाह गर्न सक्ने स्थिति सिर्जना गर्ने लक्ष लिएको छ । पूर्वखोला गाउँपालिकाले केन्द्रीय तथा प्रादेशिक सोँच तथा लक्ष्यहरुलाई यस आवधिक योजनामा आत्मसात गर्ने प्रयास गरेको छ ।

पूर्वखोला गाउँपालिकामा ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको संख्या १३३४ रहेको छ । नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ताको प्रावधानले अति विपन्न तथा पछाडि परेको समुदायका जेष्ठ नागरिकहरुलाई समेत जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । बदलिदो पारिवारिक परिवेशसँगै हिजोको संयुक्त परिवारको संस्कार हराउदै गएको र छोरा-छोरीहरुले जेष्ठ नागरिकहरुलाई रेखदेख तथा स्याहार सम्भार गर्ने प्रचलनमा कमी आएको देखिएको छ । जेष्ठ नागरिकहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । हाल गाउँपालिकाले जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रम मार्फत बिबिध गतिबिधिहरु संचालन गरेको छ ।

अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सहितको सम्मानजनक जीवन यापनको अधिकारलाई कानूनले संरक्षण र प्रवर्द्धन गरेको छ भने समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागीताको हक समेत संविधानले प्रत्याभूति गरेको छ ।

**शारीरिक असक्तता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन** भन्ने सोँच र सेवा, सुविधा, साधन र श्रोतमा अपाङ्गता भएका व्यक्तिको पहूँच स्थापित गरी आर्थिक, सामाजिक सशक्तिकरण गर्दै सम्मानपूर्वक जीवनयापनको वातावरण सिर्जना गर्ने लक्ष्य पन्ध्रौ योजनाको रहेको छ । त्यसैगरी प्रादेशिक योजनाले समेत अपाङ्गता भएका ब्यक्तिहरुलाई घर तथा समाजमा सम्मानजनक र सहज ढंगले जीवनयापन गर्ने वातावरण तैयार गर्ने लक्ष राखेको छ ।

पूर्वखोला गाउँपालिकामा वर्तमानमा पूर्ण असक्तहरुको संख्या ५० तथा अति अशक्त अपाङ्गताको संख्या १४३ रहेको छ जसले राज्यको तर्फबाट सामाजिक सुरक्षा भत्ताा समेत प्राप्त गरिरहेकाछन् । नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ताको प्रावधानले अति विपन्न तथा पछाडि परेको समुदायका अपाङ्गहरुलाई समेत जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । समाजमा अपाङ्गहरुले अहिले पनि अन्य नागरिक सरह सम्मानका साथ जीवनयापन गर्ने वातावरण छैन । आगामी दिनहरुमा फरक क्षमता भएकाहरुलाई अन्य नागरिक सरह समाजमा सम्मानपूर्वकको जीवनयापन गर्ने वातावरण श्रृजना गरी उनीहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई गाउँपालिकाको विकासमा लगाउनु आवश्यक छ ।

### ४.३.२ अवसर तथा चूनौति

**अवसर**

- नेपालको संबिधानमा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको ।
- कानूनी रुपमै स्थानीय तहदेखि केन्द्रसम्म महिला प्रतिनिधित्वको सुनिश्चित गरिएको ।
- महिलाहरुको नेतृत्वमा स्थानीय स्तरमा सामाजिक तथा आर्थिक गतिविधिहरु सञ्चालन हुने गरेको ।
- लैङ्गिक विकास, महिला सशक्तिकरण, समाबेशी र समतामूलक बिकास जस्ता बिषयहरु राष्ट्रिय नीतिको रुपमा कार्यान्वयन भैसकेको ।

- गाउँपालिकाबाट आर्थिक सामाजिक रुपले पछाडी परेका बर्ग तथा समुदायका लागि लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।
- हाल गाउँपालिकाले जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रम मार्फत बिबिध गतिबिधिहरु संचालन गरेको ।
- नेपालको संबिधानले अपाङ्गता भएका नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको ।
- फरक क्षमता भएका नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।

**चुनौती**

- अझै पनि समाजमा बिद्यमान रहेका अन्धविश्वास, कुप्रथा, महिला हिंसा जस्ता गलत संस्कार तथा कार्यको अन्त्य गर्ने ।
- अति बिपन्न तथा सीमान्तकृत बर्गका महिलाहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा पहूँच अभिबृद्धि गरी विकासका गतिविधिहरुमा मूलप्रवाहीकरण गर्ने ।
- जोखिममा रहेका जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने ।
- कम हुदै गएको पारिवारिक सद्भाव कायम गर्ने ।
- फरक क्षमता भएका व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने ।
- फरक क्षमता भएका व्यक्तिहरुको जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान तथा सीपमूलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाउने ।
- फरक क्षमतामैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।

### ४.३.३ सोच

महिला: पूर्वखोलाको मुल मन्त्र; लैंगिक विभेदको अन्त्य ।
जेष्ठ नागरिक: जेष्ठ नागरिकको सम्मान, मर्यादित जीवनयापन ।
फरक क्षमता: फरक क्षमता भएका नागरिकहरुको सम्मान, मर्यादित जीवनयापन ।

### ४.३.४ लक्ष्य

महिला: सबै गतिबिधिहरुमा महिला पुरुषको समान सहभागिता सुनिश्चित गर्ने ।
जेष्ठ नागरिक: आधारभूत सेवा सहित सम्मानित जीवनयापनको अवस्था सिर्जना गर्ने ।
फरक क्षमता: फरक क्षमता भएका नागरिकहरुको विभेदरहीत जीवनयापनको सुनिश्चितता गर्ने ।

### ४.३.५ उद्देश्य

महिला: सशक्तिकरणको माध्यमबाट हरेक क्रियाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने ।
जेष्ठ नागरिक: जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत जीवनयापन गर्ने वातावरण तैयार गर्ने ।
फरक क्षमता: फरक क्षमता भएका नागरिकहरुको सम्मानित जीवनयापनको वातावरण तयार गर्ने ।

### ४.३.६ रणनीति तथा कार्यनितिहरु

- महिला सशक्तिकरण सम्वन्धी बिभिन्न गतिबिधि संचालन गरी महिलाहरुको क्षमता अभिबृद्धि गर्ने ।
- महिला हिंसा न्यूनिकरण गर्ने ।
- जेष्ठ नागरिकहरुलाई समाजमा सम्मानित जीवनयापन गर्न सामाजिक सुरक्षा सहितको संरक्षण प्रदान गर्ने ।
- फरक क्षमता भएका नागरिकहरुको सहज जीवनयापनको वातावरण श्रृजना गर्ने ।

### ४.३.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| जेष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा संचालन | संख्या | ० | १ | १ | १ |

| सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| अति विपन्न महिला समूह गठन तथा परिचालन | संख्या | ० | २ | ४ | ६ |
| शारीरिक अशक्तहरुको सञ्जाल निर्माण तथा परिचालन | संख्या | ० | १ | १ | १ |
| लैंगिक उत्तरदायि बजेट परीक्षण (वार्षिक) | संख्या | १ | १ | २ | ३ |
| लैससास नीति तर्जुमा | पटक | ० | १ | १ | १ |

### ४.३.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४७००.०० | २१००.०० | २६००.०० | ०/०० | | | | ० |
| २०८१/८२ | २९००.०० | २१००.०० | ८००.०० | ०/०० | | | | ० |
| २०८२/८३ | ३२००.०० | २२००.०० | १०००.०० | ०/०० | | | | ० |

### ४.३.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| सि. नं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला सशक्तीकरण तथा उद्यमीलता विकास कार्यक्रम | महिलाको आर्थिक सामाजिक स्तरमा सुधार ल्याउने | सालबसाली | ५३००.०० | महिला सशक्तीकरण हुनेछ । |
| २ | ज्येष्ठ नागरिक सम्मान तथा मिलन केन्द्र स्थापना कार्यक्रम | ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण गर्ने । | सालबसाली | ३९००.०० | सबै जेष्ठ नागरिकहरुले समाजमा सम्मानित जिवनयापन गरेका हुनेछन् । |
| ३ | अपाङ्गता भएका व्यक्ति सशक्तीकरण कार्यक्रम | अपाङ्गता भएका व्यक्तिको हक अधिकारको सुनिश्चित गर्ने | सालबसाली | १६००.०० | अपाङ्गता भएका व्यक्तिहरुको कार्यक्रमा पहुँच वढनेछ । |

### ४.३.१० जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.४ आदिवासी तथा दलित/उत्पीडित वर्ग उत्थान

### ४.४.१ पष्ठभूमि

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका **आदिवासी तथा उत्पीडित वर्गलाई** संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यी वर्गहरुको उत्थान र विकासका लागि संविधानतः बिभिन्न आयोगको समेत व्यवस्था गरिएको छ । आर्थिक, सामाजिक र राजनैतिक विकासका प्रत्येक गतिविधिहरुमा समावेश गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सवैको न्यायोचित साझेदारी हुन सक्दछ । नेपालको संविधानमा व्यवस्था भए अनुसार राज्यका निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिले पनि पछाडि परेका जातजाती, बर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ ।

**राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास** भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्धौ योजनाले लिएको छ भने लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले समेत समावेशी सिद्धान्त अवलम्वन गरी संमृद्धि हासिल गर्ने लक्ष लिएको छ ।

पूर्वखोला गाउँपालिकाले बहुलतायुक्त सामाजिक स्वरुपलाई पूँजीको रुपमा स्थापित गरी विकासमा अत्यधिक लाभ उठाउन सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ । यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातीहरुको तुलनामा ब्राहमण, क्षेत्रीहरुको पहुँच बढी देखिन्छ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको क्षेत्र तथा बर्गको उत्थानका लागि गरिबी न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समाबेश गर्न जरुरी छ । संविधानत नेपाल छुवाछुतमुक्त राज्य भएता पनि व्यवहारमा अझैपनि छुवाछुत प्रथा पूर्णरुपमा हटिसकेको अवस्था छैन । छुवाछुत जस्तो सामाजिक कुरीतिलाई हटाउनका लागि जनचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ ।

### ४.४.२ अवसर तथा चूनौति

**अवसर**

- राज्यकै मूल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- कानूनहरु निर्माण गर्दा सामाजिक समावेशीतालाई प्राथमिकतामा राखी तर्जुमा गर्ने गरिएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा प्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी दलित/उत्पीडित वर्गका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको ।

**चुनौती**

- समाजमा रहेको परम्परागत सोंच, चिन्तन र बिचारमा परिर्वतन गर्ने ।
- सामाजिक बिकृति, बिसंगति र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।
- विद्यमान आर्थिक तथा सामाजिक गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने
- एउटै जाती भित्र पनि हुनेखानेहरुबाट अति विपन्न तथा असहाय माथि हुने दमनलाई निरुत्साहित गर्ने ।

### ४.४.३ सौँच : जातीय विभेदको अन्त्य गरी सभ्य समाजको निर्माण ।

**४.४.४ लक्ष्य :** आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रका सवै क्रियाकलापहरुमा समतामूलक पहुँच स्थापना गर्ने ।

**४.४.५ उद्देश्य :** राज्यका श्रोत, साधन, अवसर तथा लाभमा सबै वर्गको पहुँच सुनिश्चित गर्ने ।

### ४.४.६ रणनीति र कार्यनीति

- आदिवासी जनजाती तथा दलित/उत्पीडित बर्गलाई विकासका गतिविधिहरुमा मूलप्रबाहीकरण तथा सशक्तिकरण गर्ने ।
  - श्रोत, साधन, अवसर तथा लाभमा सबै वर्गको पहूँच सुनिश्चित गर्न सकारात्मक बिभेद नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
  - सामाजिक रुपमा पछाडि परेका र पारिएकालाई स्वरोजगारमूलक कार्यक्रम मार्फत रोजगारीको अवसर श्रृजना गरिनेछ ।
  - परम्परागत सीप तथा व्यवसायहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
  - आदिवासी जनजाती तथा दलित/उत्पीडित सञ्जाल निर्माण गरी स्थानीय स्तरमा सञ्चालन हुने क्रियाकलापहरुमा सहभागीता गराइनेछ ।
  - अति विपन्न तथा पछाडि परेका समुदायहरुको बस्ती पहिचान गरी बिषेश कार्यक्रम संचालन गरिने छ ।

### ४.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **आदिवासी तथा दलित/उत्पीडित वर्ग उत्थान** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०००.०० | १२००.०० | ८००.०० | ०/०० | | | | ० |
| २०८१/८२ | २०००.०० | ९००.०० | ११००.०० | ०/०० | | | | ० |
| २०८२/८३ | २१००.०० | १०००.०० | ११००.०० | ०/०० | | | | ० |

### ४.४.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| सि.नं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सकारात्मक बिभेद नीति सहितको बिभिन्न संजाल निर्माण तथा परिचालन | विभिन्न समूहका पछाडी परेका बर्गलाई सकृय बनाउने । | सालबसाली | ६००.०० | सकारात्मक बिभेद नीतिका आधारमा समुह संजजाल निर्माण भई कृयाशिल हुनेछन् |
| २ | आदिवासी जनाजाति तथा पछाडि समुदायको उत्थान विकास कार्यक्रम | विभिन्न समूहको लिङ्ग वर्गको उत्थान सहित सशक्त बनाउने | सालबसाली | ५५००.०० | सवै वर्ग तथा लिङ्ग वर्गको बिकासमा समान पहुँच हुनेछ । |

### ४.४.१० जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ बालबालिका, वाल अधिकार तथा बाल संरक्षण

### ४.५.१ पष्ठभूमि

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषय समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । दीगो विकास लक्ष्यमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, पहूँचयोग्य हरित सार्वजनिक स्थलमा पहूँच, बालबालिका विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यव्हार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता परिमाणात्मक लक्ष्य किटान गरिएको छ ।

**बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज** भन्ने सोँच र बालबालिकालाई सबै प्रकारको हिंसा, दुर्व्यव्हार र शोषणबाट मुक्त गरी राष्ट्र निर्माणका लागि योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य पन्धौं योजनाले निर्दिष्ट गरेको छ । त्यसैगरी प्रदेशको प्रथम आवधिक योजनाले **बाल अधिकारको पूर्ण सुनिश्चितता प्रदान गर्दै सक्षम र सबल नागरिक तयार** भन्ने सोँच सहित सबैको सहकार्यमा बालबचाउ, संरक्षण, विकास र अर्थपूर्ण सहभागीता सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार पूर्वखोला गाउँपालिकामा १९ बर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरुको जनसंख्या करिव ३७% रहेको छ । बालबालिकाहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्नका लागि उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकास र उनीहरुको हक, अधिकार र हीतको सुनिश्चितता गरिनु पर्दछ । गाउँपालिकाले बिद्यालय तह तथा समुदायस्तरमा बालबालिकाहरुलाई विभिन्न क्लवहरुमा आवद्ध गराई उनीहरुको क्षमता विकास गर्दै आएको छ, बालबालिका तथा किशोर किशोरीहरुका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ, तर यी गतिबिधिहरु प्रयाप्त भने छैनन् । आजका बालबालिका भोलीका राष्ट्रका कर्णधारका रुपमा रहेका हुँदा उनीहरुलाई उचित बाताबरण तथा अवसर प्रदान गर्नु गाउँपालिकाको कर्तव्य तथा दायित्व हुनेछ । यसैलाई मध्यनजर गरी गाउँपालिकाले आगामी दिनमा तत् सम्वन्धी गतिबिधिहरु संचालन गर्न  आवश्यक छ ।

### ४.५.२ अवसर तथा चूनौति

**अबसर**

- नेपालको संबिधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमहरुमा बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भएको ।
- बिद्यालय लगायत समुदाय स्तरमा समेत बाल क्लवहरु गठन भई क्रियाशील रहेका ।
- अभिभावक तथा स्वयं बालबालिकाहरुमा बाल अधिकार प्रति चासो तथा जागरुकता बढिरहेको ।

**चुनौती**

- समाजमा बिद्यमान रहेको बाल बिबाह, बालयौन दुर्व्यबहार तथा बाल श्रमको प्रयोग जस्ता विकृति अन्त्य गर्ने
- अनाथ तथा असहाय एवं जोखिममा परेका बालबालिकाहरुको संरक्षण गर्ने ।
- बालवालिकाहरुको हीतमा संचालन हुने गतिविधिहरु (निर्णय प्रक्रिया देखि लाभ वितरण सम्मका कार्यक्रमहरु) मा बालबालिकाहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने ।
- बालमैत्री पूर्वाधारहरु निर्माण गरी सञ्चालनमा ल्याउने ।
- धुम्रपान तथा मध्यपान जस्ता विकृतिबाट बालबालिकालाई सुरक्षित राख्ने ।

### ४.५.३ सोच

- बाल अधिकारको सुनिश्चितता, पूर्वखोलाको प्रतिवद्धता

### ४.५.४ लक्ष्य

- बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्ने ।

### ४.५.५ उद्देश्य

- बालअधिकारको पूर्ण प्रत्याभूति हुने गरी बाल विकास सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्ने ।

### ४.५.६ रणनीति तथा कार्यनितिहरु

- **बालबालिकाहरुको हक हीत संरक्षण गर्दै बिबिध गतिबिधिहरुमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने**
  - बालबालिकाहरुको हक हीत संरक्षणका लागि आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
  - स्थानीय तहमा कार्यरत विभिन्न संघ संस्थाहरुसँगको समन्वय तथा सहकार्यको वातावरणमा बालविकास सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ
  - बाल हिंसाबिरुद्ध निशुल्क कानूनी उपचारको व्यवस्था मिलाइनेछ ।
  - बालमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन गरी आगामी ५ बर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।
  - अनाथ बालबालिकाहरुको पालन पोषण, शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाइनेछ ।
  - समुदाय तथा बिद्यालय तहमा थप बाल क्लबहरु गठन गरी स्थानीय बाल संजाल निर्माण गरिने छ ।

### ४.५.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० सम्मको अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| बालमैत्री स्थानीय शासन घोषणा भएका वडा | संख्या | ० | ० | २ | ४ |
| बालक्लब परिचालन | संख्या | २५ | २७ | २८ | ३० |
| बालश्रम मुक्त वडा | संख्या | ० | ० | २ | ४ |

### ४.५.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **बालबालिका, वाल अधिकार तथा बाल संरक्षण** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १९००.०० | ६००.०० | १३००.०० | | | | | |
| २०८१/८२ | २४००.०० | ६००.०० | १८००.०० | | | | | |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २५००.०० | ७००.०० | १८००.०० | | | | | |

### ४.५.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| सि. नं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बाल विकास कोष स्थापना तथा सहयोग कार्यक्रम | बाल विकास कोष स्थापना गरी सहयोग गर्ने । | सालबसाली | १९००.०० | पालिकामा बाल विकास कोषको स्थापना भएको हुनेछ |
| २ | अनाथ बालबालिका विशेष सहयोग कार्यक्रम | अनाथ बालबालिकाहरुलाई अभिभावकत्व प्रदान गर्ने , | सालबसाली | ९००.०० | सबै अनाथ बालबालिकाहरुले अभिभावकत्व प्राप्त गरेका हुनेछन् । |
| ३ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | स्थानीय तहलाई बाल मैत्री तह धोषणा गर्ने । | सालबसाली | ४०००.०० | आवधिक योजनाको अन्त्य सम्म गाउँपालिका बालमैत्री घोषणा भएको हुनेछ । |
| | | | जम्मा ३ बर्षको | ६८००.०० | |

### ४.५.१० जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.६ युवा, खेलकुद तथा संस्कृती

### ४.६.१ पृष्ठभूमि

**युवाः** युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगाएतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था अनुरुप राष्ट्रिय विकासमा युवा सहभागीताको वातावरण सुनिश्चितता गर्नु आजको आवश्यकता हो ।

**युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको प्रमुख आधार** भन्ने सोँच र स्वस्थ, सकारात्मक सोँचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकार प्रति सचेत र कर्तव्य प्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने लक्ष्य पन्ध्रौ योजनाले अंङ्गिकार गरेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले जनसांख्यिक लाभांश हासिल हुने गरी सक्रीय युवाशक्तिलाई प्रदेशको विकासमा अधिकतम परिचालन गर्ने प्रमुख उद्देश्य सहित रणनीति/कार्यनीति तय गरेको छ । राष्ट्रिय तथा प्रदेश योजनाका यीनै लक्ष्यसँग तादाम्यता राख्दै यस योजनामा युवा तर्फका लक्ष्य, उद्देश्य र कार्यक्रमहरु निर्देशित भएका छन् ।

आर्थिक रुपमा गाँउमा उच्च शिक्षा हासिल गर्ने अवसर नहुँदा बाहिर जाने र गाँउमा रोजगारीको अबसर नहुँदा पुन फर्केर गाँउमा नआउने समस्या शिक्षित युवाहरुमा पाइन्छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार पूर्वखोला गाउँपालिकाबाट बाह्य मुलुकमा जानेको संख्या ३२६२ रहेको छ, यो संख्यामा अधिकांस युवा पंक्ति रहेको अनुमान गर्न सकिन्छ । गाँउमा रोजगारीको अवसर नहुँदा रोजगारीका लागि गाउँबाट पलायन हुने अवस्था अहिले पनि विद्यमान छ । युवाहरुमा रहेको सीप र लगनशीलताको उच्च कदर गर्दै उनीहरुलाई विभिन्न आर्थिक क्रियाकलापहरुमा सहभागी गराउन सके मात्र गाउँको सामाजिक, आर्थिक विकासका साथै युवाशक्ति गाउँबाट पलायन हुनबाट रोक्न सकिनेछ ।

**खेलकुदः** राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान कायम गर्ने माध्यमको रुपमा खेलकूद क्षेत्रको महत्वपूर्ण भुमिका हुन्छ । त्यसैगरी शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा

समेत खेलकूदको महत्वपूर्ण भूमिका रहन्छ । खेलकूद विकासका लागि तीनै तहको लगानी आवश्यक छ । नेपालको संबिधानमा समेत खेलकूदलाई तीनै तहका सरकारको साझा सूचीमा राखिएकोछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसार स्थानीय स्तरका खेलकूद संरचनाको निर्माण, सञ्चालन तथा विकासको जिम्मा स्थानीय तहलाई दिइएकोछ ।

**स्वच्छ, व्यवसायिक र प्रविधिमैत्री खेलकूद अभिवृद्धि** भन्ने सोँच र खेलकूदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तैयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि र पहिचान गर्ने लक्ष्य पन्धौ योजनाले राखेको छ भने प्रादेशिक योजनाले **खेलकूद क्षेत्रको समग्र विकास गरी युवाहरुको व्यक्तित्व विकास तथा मुलुकको अन्तर्राष्ट्रिय रुपमा पहिचान** भन्ने सोँच सहित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन गर्ने लक्ष्य लिएको छ । स्थानीय तह देखिनै खेलकूदको संस्थागत विकास एवं पूर्वाधार निर्माण गरी सबैका लागि खेलकूद अभियानलाई सार्थकता दिन आवश्यक छ ।

स्वस्थ्य, अनुशासित तथा सिर्जनशील नागरिक उत्पादन गर्नु तथा खेलकूदको माध्यमबाट प्रदेश तथा राष्ट्रिय स्तरमा गाउँपालिकालाई चिनाउन सक्ने अवसरको सदुपयोग गरिनु पर्दछ। गाउँपालिकामा स्तरीय खेल मैदान नहुदा आयोजना गरिने खेलकुदका कार्यक्रमहरु पनि व्यवस्थित तवरले सञ्चालन गर्न सकिएको अवस्था छैन । खेलकूदलाई छुट्टै बिधामा नहेरी स्वास्थ्य एवं पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी लैजान सके अझ बढी प्रभावकारी हुनेछ ।

**संस्कृतिः** नेपालको संबिधानले मौलिक हकको रुपमा भाषा र संस्कृति सम्बन्धी हकको व्यवस्था गरेको छ। हाम्रा समृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सवलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी हाम्रो संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो दायित्व हो । **साँस्कृतिक विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाज** भन्ने सोँच र सबै मौलिक संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्दै राष्ट्रिय एकता मजबुद बनाउने लक्ष्य पन्धौ योजनाले लिएको छ । त्यसैगरी प्रादेशिक योजनाले समेत मुलुकमा बोलिने सबै भाषा तथा संस्कृतिको उचित संरक्षण, सम्बर्द्धन र विकास गर्ने लक्ष लिएको छ ।

पूर्वखोला  गाउँपालिकामा ऐतिहासिक र साँस्कृतिक धरोहरको रुपमा रहेका विद्यमान सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गरी भावी पुस्ताहरुलाई हस्तान्तरण गर्नु अहिलेको आवश्यकता हो । यस पूर्वखोला गाउँपालिकामा बिभिन्न भाषा, संस्कृति, रीति रिवाज, रहन सहनका जातजातीको बसोवास रहेको छ । यहाँ बोलिने मुख्य भाषा नेपाली हो भने स्थानीय मगर जातीको आफ्नै मातृ भाषा पनि प्रचलनमा रहेको छ । यहाँ मनाइने मुख्य चाडपर्वहरुमा दशै, तिहार, माघी, होली, श्रीपञ्चमी, शिवरात्री, रामनवमी जस्ता पर्वहरु पर्दछन् । दशैंको अवसरमा पालिकाको बिभिन्न कोट तथा मन्दिरमा नाचिने सराएँ नाँच, तिहारमा नाचिने मारुनी तथा भैलो नाँच र बिभिन्न आजा पुजाहरुमा गाइने भजन कृतन यहाँका अमूर्त साँस्कृतिक निधि हुन् । यस्ता अमूर्त संस्कृतिको पालिकाले संरक्षण तथा सम्वर्द्धन गर्न जरुरी छ ।

## ४.६.२ अवसर र चूनौति

**अबसर**

- विद्यमान युवा परिचालन नीति तथा सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा सहुलियतपूर्ण ऋणहरुबाट युवाहरुलाई आफ्नै गाउँ ठाउँको विकासमा परिचालित हुने अवस्था रहेको ।
- स्थानीय स्तरमा संचालन हुने बिकास निर्माण गतिबिधिहरुलाई श्रममुलक अवधारणमा संचालन गरी स्थानीय रोजगारीको श्रृजना गर्न सकिने ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाको अनुभव, ज्ञान र सीपलाई स्थानीय आर्थिक गतिविधिमा सदुपयोग गर्न सकिने ।
- खेलकूदमा सरकारको लगानीमा क्रमशः बृद्धि भइरहेको ।
- खेलकूदमा बालबालिका तथा युवाको रुची बढ्दै गएको ।
- स्थानीय स्तरका युवाको जनसंख्या उल्लेख्य रहेको ।
- भाषा, संस्कृति र साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनका लागि तीनै तहका सरकारहरुको दायित्व रहेको ।

- समुदायहरुमा आफ्नो भाषा, संस्कृति तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा चाँसो बढ्दै गएको ।
- परम्परागत रीतिरिवाज, रहन सहन तथा संस्कृति एवं धार्मिक सम्पदाहरुको संरक्षण जस्ता कार्यहरुलाई पर्यटन प्रवर्द्धनसँग जोडेर लैजाने संस्कृतिको बिकास भएको ।

**चुनौती**

- युवाहरुलाई गाउँमै बसी आर्थिक उपार्जन सहितको सम्मानित जीवन विताउन सकिन्छ भन्ने बिश्वासको वातावरण तयार गर्ने ।
- युवा परिचालन, रोजगारी श्रृजना र बिकास गतिबिधिहरुलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने ।
- खेलकूदलाई अन्य क्षेत्रसँग आवद्ध गरी प्रवर्द्धन गर्ने ।
- खेलकूदको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने ।
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक सम्पदाहरुको संरक्षणका लागि आवश्यक श्रोतको व्यवस्थापन गर्ने ।
- विभिन्न भाषा, संस्कृति तथा रहन सहनलाई साझा सम्पत्तिको रुपमा प्रवर्द्धन गर्ने ।

### ४.६.३ सोच

- युवाको सर्वाङ्गीण विकास, समृद्ध पूर्वखोलाको आधार ।
- खेलकूदको माध्यमबाट पूर्वखोला को पहिचान ।
- पूर्वखोलाको शान; साँस्कृतिक विविधताको उत्कृष्ट पहिचान ।

### ४.६.४ लक्ष्य

- यूवाहरुमा रहेको उद्यमशिलता, ज्ञान, सीपको अधिकतम उपयोग गरी रोजगारी श्रृजना गर्ने ।
- सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूद विकासमा टेवा पुऱ्याउने ।
- भाषा, संस्कृति एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने

### ४.६.५ उद्देश्य

- युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउने ।
- खेलकूद पूर्वाधारको विकासका साथै सिर्जनशील  युवा खेलाडी तयार गर्ने ।
- भाषा, संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने ।

### ४.६.६ रणनीति

- युवा लक्षित कार्यक्रम मार्फत उनीहरुको सीप बिकास गरी विकास निर्माणमा परिचालन गर्ने ।
- खेलकुदलाई अन्य क्रियाकलापहरुसँग आबद्ध गर्दै सिर्जनशील खेलाडी उत्पादन मार्फत पालिकाको पहिचान स्थापित गर्ने ।
- स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक स्थल तथा सम्पदाहरुको पहिचान तथा संरक्षण गर्ने ।

### ४.६.७ नतिजा सूचक र लक्ष्य

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मुख्य खेल मैदान | संख्या | ० | ० | १ | १ |
| प्रशिक्षण प्राप्त खेलाडी | संख्या | १० | २० | ३० | ४० |
| बहु साँस्कृतिक संग्राहलय | संख्या | ० | ० | १ | १ |
| खेलकुद मैदान भएका विद्यालयको संख्या | संख्या | १८ | २० | २१ | २२ |
| नियमित रुपमा आयोजना गरिने खेलकुद प्रतियोगिताको संख्या -अध्यक्ष कप प्रतियोगिता) | संख्या | १ | १ | १ | १ |
| क्रियाशिल युवाक्लव वा मञ्च | संख्या | NA | २ | ४ | ६ |

### ४.६.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

युवा तथा खेलकुद तथा संस्कृति क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

**युवा तथा खेलकुद तथा संस्कृति क्षेत्रको *खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | | खर्चको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य स्रोत |
| २०८०/८१ | ६९००.०० | ३१००.०० | ३८००.०० | ०.०० | | | | ० |
| २०८१/८२ | ७८००.०० | २८००.०० | ५०००.०० | ०.०० | | | | ० |
| २०८२/८३ | ९५००.०० | ३५००.०० | ६०००.०० | ०.०० | | | | ० |

### ४.६.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

युवा खेलकुद विकास तथा संस्कृति उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि(सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा परिचालन कार्यक्रम | युवाहरुलाई बिबिध गतिबिधिहरुमा संलग्न गराउने । | सालबसाली | ५८००.०० | युवाहरुलाई बिबिध विकास गतिबिधिहरुमा संलग्न भएका हुनेछन् । |
| २ | खेलकुद प्रवर्द्धन | खेलकुद प्रवर्द्धन तथा विकास गर्नु | सालबसाली | ८०००.०० | खेलकुदको विकासका साथै प्रवर्द्धन भएको हुनेछ । |
| ३ | संस्कृति संरक्षण तथा संबर्द्धन कार्यक्रम | स्थानीय संस्कृतिको संरक्षण तथा संबर्द्धन | सालबसाली | १०४००.०० | स्थानीय संस्कृतिको संरक्षण तथा संबर्द्धन भएको हुनेछ । |
| | | | जम्मा | २४२००.०० | |

### ४.६.१० जोखिम पक्ष तथा अनुमान

युवा खेलकुद तथा संस्कृति सम्वन्धी पूर्वाधार विकास तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र उचित प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ४.७.१ पृष्ठभूमि

आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला, दलित, आदिवासी, जनजाती, पिछडा वर्ग, सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्नलाई संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ ।

**राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास** भन्ने सोँच र मानव विकास सूचकांकको आधारमा पछाडि परेका समुदायको सशक्तिकरण र समानुपातिक विकासको लक्ष्य पन्धौ योजनाले लिएको छ । लुम्बिनी प्रदेशको प्रादेशिक योजनाले समेत समावेशी सिद्धान्त अवलम्वन गरी प्रदेश एवं सबै नागरिकहरुको संमृद्धि हासिल गर्ने लक्ष लिएको देखिन्छ । दिगो विकास लक्षमा सन् २०३० सम्ममा सबै पुरुष तथा महिला विशेषगरी गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका व्यक्तिहरुको आर्थिक स्रोतहरूमाथि समान अधिकार सुनिश्चित गर्नुका साथै आधारभूत सेवामा पहुँच तथा भूमि र अन्य प्रकारका सम्पत्ति, उत्तराधिकार, प्राकृतिक स्रोतहरू, उपयुक्त नयाँ प्रविधि र वित्तीय सेवा, लघुवित्त लगायतमा स्वामित्व र नियन्त्रण सुनिश्चित गर्ने गरी लक्ष निर्धारण गरिएको छ ।

पूर्वखोला गाउँपालिकामा बिभिन्न जातजातिहरुको बसोवास रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातिहरुको तुलनामा बाहुन, क्षेत्रीको पहुँच बढी हुँदा पालिकामा बसोवास गर्ने आदिवासी तथा

दलित/उत्पीडित जातजातिहरुको शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा पहूँच तुलनात्मक रुपमा कम रहेको छ। आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको क्षेत्र तथा बर्गको उत्थानका उनिहरुकै सहभागितामा आवश्यकता पहिचान गरी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई समेत विकासको मूलप्रवाहमा समाबेश गर्न सके मात्र समाबेशीकरणको अर्थ रहने हुन्छ। यही वास्तबिकतालाई ध्यानमा राखी ती बर्गहरुका लागि विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याउन जरुरी छ। गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी विकासमा अत्याधिक लाभ उठाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ।

### ४.७.२ अवसर तथा चूनौति

**अवसरहरु**

- राज्यकै मूल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको।
- बर्तमानमा विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशीताका आधारमा तर्जुमा भएको।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा जनप्रतिनिधिहरुको व्यवस्था गरिएको।

**चुनौतीहरु**

- परम्परागत सोंच, चिन्तनबाट उत्पन्न बिकृति, बिसंगति र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने।
- विद्यमान गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने।

**४.७.३ सोचः समतामुलक तथा समावेशी विकासको परिकल्पना, समृद्ध पूर्वखोलाको चाहाना।**

४.७.४ लक्ष्य सकारात्मक विभेद नीति अवलम्वन गरी सामाजिक समावेशीकरणको लक्ष हासिल गर्ने।

४.७. ५ उद्देश्य उपलब्ध श्रोत, साधन, अवसर तथा लाभमा सवैको पहुच सुनिश्चित गर्ने।

### ४.७.६ रणनीति तथा कार्यनीतिहरु

- सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्गको उत्थानका लागि सकारात्मक विभेदको नीति अबलम्वन गरी उपलब्ध साधन, श्रोतमा उनीहरुको पहूँच सुनिश्चित गर्ने।
  - लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी रणनितिक योजना तर्जुमा गरिनेछ।
  - सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका बर्ग तथा समुदायका सदस्यहरुलाई क्षमता अभिबृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
  - लैङ्गिक उत्तरदायी बजेट प्रणालीको संस्थागत विकास गरिनेछ।

### ४.७.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| लैङ्गिक उत्तरदायी बजेट परीक्षण (बार्षिक) | पटक | १ | १ | २ | ३ |
| निर्णय प्रक्रियामा महिला सहभागिता | प्रतिशत | ३३ | ३५ | ३७ | ३८ |
| लैससास स्थानीय रणनीति तर्जुमा | संख्या | ० | १ | १ | १ |

### ४.७.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६००.०० | ६००.०० | ०.०० | ०.०० | | | | ० |
| २०८१/८२ | ३००.०० | ३००.०० | ०.०० | ०.०० | | | | ० |
| २०८२/८३ | ३००.०० | ३००.०० | ०.०० | ०.०० | | | | ० |

### ४.७.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा | लै.स.सा.स सम्बन्धी स्थानीय नीति तर्जुमा गर्ने । | २०८०/८१ | ३००.०० | लै.स.सा.स सम्बन्धी स्थानीय नीति तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| २ | लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यक्रम । | लैङ्गिक उत्तरदायी बजेट परिक्षण गर्ने । | सालबसाली | ९००.०० | बार्षिक रुपमा लैङ्गिक बजेट परिक्षण भई स्वही अनुसार बार्षिक कार्यक्रम तर्जुमा भएको हुनेछ । |
| | | | जम्मा | १२००.०० | |

### ४.७.१० जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्न सक्ने नकारात्मक प्रभाव, आयोजना निर्माणमा ढिलासुस्ती र व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.८ खानेपानी तथा सरसफाई

### ४.८.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाईको अधिकार मौलिक हककै रुपमा व्यवस्था गरेको छ । खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहु-आयामिक प्रभाव पार्ने अवस्था त छ नै, यसबाट बाल मृत्युदर कम भै सरदर आयु बृद्धि गर्नमा मद्दत पुग्ने, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भै उत्पादनशील मानव संसाधनको विकास हुने र सामाजिक रहन सहनमा अनुकूल सुधार गर्न योगदान पुग्दछ ।

**स्वच्छ, सुरक्षित, सर्वसुलभ र दीगो खानेपानी तथा सरसफाई सेवा** भन्ने सोँच र सबैलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहूँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिवृद्धि गर्ने लक्ष्य पन्ध्रौ योजनाले अंङ्किार गरेको छ । त्यस्तै लुम्बिनी प्रदेशको प्रादेशिक योजनाले  प्रदेशका सबै वस्तीहरुमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सबै प्रकारका फोहरको प्रभावकारी व्यवस्थापन गर्ने लक्ष लिएको छ । दीगो विकासका लक्षमा सन् २०३० सम्ममा सबैलाई स्वच्छ खानेपानी र सरसफाई पुऱ्याउने लक्ष्य तोकिएको छ । पुर्वखोला गाउँपालिकाले समेत यीनै लक्ष्य, उद्देश्यलाई ध्यानमा राखी खानेपानी तथा सरसफाई सम्वन्धी खानेपानी तथा सरसफाई सम्वन्धी योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

खानेपानी र सरसफाई आधारभूत आवश्यकता भित्र पर्दछन् । अधिकांश रोगहरु पानी तथा पानीजन्य कारण र सरसफाईका कारणले हुने गर्दछन् । जनचेतनाको अभावमा अहिले पनि कतिपय गाउँ वस्तीहरुमा शुद्ध खानेपानीको अभावमा समय समयमा झाडापखला लगायतका रोगहरु लाग्ने गरेको पाइन्छ । वातावरण संरक्षण, सरसफाई र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुन:प्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनःचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ । सरसफाई र फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ । स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ । स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रिय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ । सङ्क्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

पूर्वखोला गाउँपालिकाले आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलव्ध गराउन प्रयत्नशील छ । राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक अनुसार ९५.४०% घरधुरीले शुद्ध पिउने पानी प्रयोग गरेको अवस्था छ भने ७०.२८% परिवारलाई घर परिसर भित्रै पाइप धाराबाट खानेपानीको उपलब्धता छ । यस गाउँपालिकामा ब्रिटिस गोर्खा वेलफेयरवाट विकास साझेदारको रुपमा पालिकाको ५ वटा वडाहरुमा खानेपानी तथा सरसफाई क्षेत्रलाई कार्यक्षेत्र वनाई उपभोक्ता समितिहरु मार्फत काम गरेको अवस्था छ ।  घरधुरीको हिसावले हेर्दा करिव ४.६०% मात्र जनता शुद्ध खानेपानीको सुविधाबाट बञ्चित रहेको अवस्था छ । सरसफाई तर्फ गाउँपालिका खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भइसकेको छ । तथापि यसको निरन्तरता तथा पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउने लक्ष्य भने त्यती सहज देखिदैन । शौचालयको विद्यमान स्थितिलाई हेर्दा ९१.५५% घरहरुमा पक्की शौचालय निर्माण भएको देखिन्छ । गाउँपालिकाले खानेपानी तथा स्वच्छता सम्वन्धी क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयनमा ल्याई सकेको र आ.व २०८१/८२ सम्म एक घर एक धारा पालिका घोषणा गर्ने लक्ष लिएको छ ।

### ४.८.२ अवसर तथा चूनौति

**अवसर**

- अधिकांश घरधुरीहरुमा कच्ची/पक्की शौचालय बनिसकेको ।
- तीन तहका सरकारको सहयोग र समन्वयमा खानेपानी तथा सरसफाई योजना सञ्चालनमा रहेको ।
- पालिकामा एक घर एक धाराको अवधारणामा आधारित खानेपानी योजनाहरुको निर्माण कार्य भइरहेको ।
- नसड्ने फोहर-बोत्तल, शिशा, प्लाष्टिकजन्य वस्तुहरु बिक्री गरी आय आर्जन गर्न सकिने अवस्था रहेको ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल बनाउन सकिने अवस्था रहेको

**चुनौती**

- बिद्यालय तथा स्वास्थ्य चौकी जस्ता संबेदनशील संस्थाहरुमा खानेपानी तथा सरसफाईको उचित प्रवन्ध गर्ने
- पालिकाका प्रमुख बजार केन्द्रहरुमा ठोस फोहर विसर्जन र ढल निकासको लागि आवश्यक व्यवस्थापन गर्ने ।
- प्लाष्टिकजन्य वस्तुको प्रयोगमा निरुत्साहन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।

### ४.८.३ सोच

- "हाम्रो गौरवमय पूर्वखोला, स्वच्छ खानेपानी सहितको पूर्ण सरसफाईयुक्त पा

### ४.८.४ लक्ष्य

- खानेपानी तथा सरसफाईको माध्यमबाट जनस्वास्थ्यमा सुधार गर्ने ।

### ४.८.५ उद्देश्य

- आधारभूत स्तरको खानेपानी तथा सरसफाईमा सबैको पहूँच सुनिश्चित गर्ने ।

### ४.८.६ रणनीति तथा कार्यनीतिहरु

- **सबै जनतामा आधारभूत तहको खानेपानी तथा सरसफाई सेवा पुर्‍याउने ।**
  - पानीको मुहानहरुको संरक्षण गरी खानेपानीको अभाव रहेका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा पुर्‍याइनेछ ।
  - एक घर एक धाराको अबधारणालाई मुर्तरुप दिन सञ्चालनमा रहेका खानेपानी योजनाहरुको निर्माणकार्य प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।
  - सम्पन्न भै संचालनमा रहेका तथा सम्पन्न हुने योजनाहरुको मर्मत सम्भारका लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ ।
  - लिफ्ट खानेपानी प्रणाली अन्तरगतका खानेपानी उपभोक्ता समितिहरुलाई बिध्युत बिलको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
  - स्थानीय स्तरमा रहेका कार्यालयहरुमा सेवाग्राहीले उपभोग गर्ने गरी स्वच्छ पिउने पानीको व्यवस्था मिलाइनेछ ।
  - प्रत्येक वडाको १/१ ठाउँमा फोहोर संकलन केन्द्र स्थापना गरी मुख्य बजार तथा बस्तिहरुको फोहोरमैला व्यवस्थापन गरिनेछ ।
  - आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
  - पूर्ण सरसफाई हाम्रो अभियान, पूर्वखोलाको पहिचान भन्ने नारालाई सार्थक तुल्याउन जनपरिचालन सहितको बिशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

### ४.८.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९६.०० | ९७ | ९८.०० | ९८.०० |
| बालमैत्री शौचालय भएका बिद्यालयहरु | प्रतिशत | ५०.०० | ६० | ७०.०० | ८०.०० |
| वडा तहमा फोहोर संकलन केन्द | संख्या | ०.०० | ० | २.०० | ४.०० |
| एक घर एक धारा उपलब्ध घर परिवार | प्रतिशत | ७०.२८ | ८०00 | ८५.०० | ९०.०० |
| पक्की शौचालय भएका घरघुरी | संख्या | ९२.८७ | ९४.०० | ९४.५ | ९५.०० |

### ४.८.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **खानेपानी तथा सरसफाई** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७२००.०० | २००.०० | ७०००.०० | ० | | | | 0 |
| २०८१/८२ | ७२००.०० | २००.०० | ७०००.०० | ० | | | | 0 |
| २०८२/८३ | ६७००.०० | २००.०० | ६५००.०० | ० | | | | 0 |

### ४.८.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई कार्यक्रम **(आवधिक योजनामा समाबेस सबै कार्यक्रम)** | खानेपानी सुविधा सुचारु गर्ने । | सालबसाली (३ आ.व) | २११००.०० | ९८ प्रतिशत घरधुरीमा आधारभूत तहको खानेपानी सुबिधा तथा ९० प्रतिशत घर धुरीमा एक घर एक धारा उपलब्ध भएको हुनेछ । |
| | | | जम्मा | २११००.०० | |

### ४.८.१० जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्न सक्ने नकारात्मक प्रभाव, आयोजना निर्माणमा ढिलासुस्ती र व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

# परिच्छेद ५
# पूर्वाधार बिकास

## ५.१ सडक तथा यातायत क्षेत्र

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरे अनुसार तीनै तहका सरकारको अधिकार क्षेत्र भित्र रहने सडक सञ्जालको विकास तथा विस्तार गर्ने जिम्मेवारी तिनै तहका सरकारका हुने व्यवस्था छ । यातायात क्षेत्रको व्यवस्थित विकासबाट मात्र आर्थिक एवं सामाजिक बिकास तथा क्षेत्रीय सन्तुलन कायम राख्न सम्भव हुन्छ । पन्ध्रौं योजनाको **सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवं दीगो सडक पूर्वाधारको विकास** भन्ने सोँच र सडक सञ्जालको विस्तार गरी आर्थिक, सामाजिक विकास तथा व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने निर्दिष्ट लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी यस आवधिक योजनाको लक्ष किटान गरिएको छ भने लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले **अन्तर्राष्ट्रिय मापदण्ड सहितका यातायात पूर्वाधारको सञ्जाल विकास सहितको समृद्ध प्रदेश** भन्ने दीर्घकालीन सोँच र सबै वस्तीहरुमा स्तरीय सडक सञ्जालसँगै सुलभ र भरपर्दो यातायात सुविधाको विस्तार गर्ने लक्ष्य लिएको छ ।

**"सडक पूर्वाधारको विकास; सम्बृद्ध पूर्वखोलाको आधार"** भन्ने यस गाउँपालिकाको पूर्वाधार बिकासको नारा रहेको छ । गाउँपालिकाले बिगतमा पालिका भित्रका सडकको अवस्था पहिचान यातायात गुरु योजना निर्माण गरिसकेको अवस्थनमा यसैलाई आधार मानी नियमित मर्मत, सम्भार तथा स्तरोन्नती गर्ने कार्य गर्दै आएको छ । हुमिन-बिर्ता बजार-ज्यामिरे सडक पालिका पहुँच मार्गको रुपमा रहेकोले लुम्बिनी प्रदेश सरकारले उक्त सडक खण्डको हुमिन- बिर्ता बजार खण्ड (१७.२० कि.मी) कालो पत्रे गर्ने गरी कार्य थालनी भएको छ । बिर्ता बजार एरियाको ५८० मिटर सडक खण्ड पालिकाले आफ्नै बजेटबाट बिगतमा कालोपत्रे गरिसकेको छ । त्यस्तै दीगो विकासको लागि योजनाबद्ध र वातावरणमैत्री पूर्वाधार निर्माणमा प्राथमिकता दिदै पालिकाका रणनैतिक महत्वका सडकहरुलाई प्राथमिकता दिई वातावरणमैत्री संरचनाको निर्माणमा जोड दिने पूर्वखोला गाउँपालिकाको लक्ष्य रहेको छ । गाउँपालिकाले सबै वस्तीहरुमा सडकको पहूँच पुर्याई आर्थिक विकासलाई टेवा दिने लक्ष्यका साथ सडक निर्माणलाई उच्च प्राथमिकता दिइएको छ ।

पूर्वखोला गाउँपालिका भित्रका सबै स्तरका सडकहरुको हाल सम्मको जम्मा लम्बाई २८२.०० कि.मी. रहेको छ । प्रादेशिक राजमार्ग मध्ये आर्यभन्ज्याङ्ग-रामपुर सडकको (आलोक मार्ग) बिरकोट तथा सिलुवा खण्ड तथा पालिका पहुँच मार्गको रुपमा रहेको हुमिन-बिर्ता बजार-ज्यामिरे सडकको बिर्ता बजार क्षेत्रको ५८० मीटर कालोपत्रे भएको छ । गाउँपालिका भित्रका अन्य सबै सडकहरु कच्ची अवस्थामा छन् ।

सबै वडा केन्द्रमा सडकको पहूँच पुगे पनि वडाको केन्द्र देखि गाउँपालिकाको केन्द्रसम्म सार्वजनिक यातायातको सुविधा भने छैन । वर्षातको समयमा ठाउँ-ठाउँमा हिलो र पहिरोको कारण सडक अवरुद्ध हुन जादा बाह्रै महिना सडक यातायात सुचारु हुन सक्ने स्थिति छैन । पूर्वखोला गाउँपालिका भित्र पर्ने विभिन्न प्राथमिकता प्राप्त प्रमुख सडकहरु, सडकको लम्बाई र अवस्थिति तलको तालिकामा उल्लेख गरिएको छ । अन्य सडकहरुको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

आवधिक योजना तर्जुमाको क्रममा गरिएको स्थलगत अवलोकन, वडा भेलामा भएको छलफल तथा कार्यशालामा भएको छलफल/अन्तरक्रियाबाट सडकहरुको प्राथमिकिरण गरिएको छ । आर्यभञ्ज्याङ-रामपुर सडक खण्ड पालिकाको गौरबका योजनामा पर्दछ भने पालिका पहुँच मार्ग र पालिकाबाट आलोक मार्ग जोड्ने सडक समेतलाई गौरबका योजना अन्तरगत राखिएको छ । त्यस पछिका १० वटा सडकहरु पहिलो् प्राथमिकत प्राप्त सडक र थप १३ वटा सडकहरु दोश्रो प्राथमिकता प्राप्त सडकमा राखिएको छ । पहिलो तथा दोश्रो प्राथमिकता प्राप्त सडकहरुमा मुख्यतया पालिकाको केन्द्र देखि सबै वडा कार्यालय जोड्ने सडकहरु, तथा अन्य मुख्य सडक पर्दछन् र यी सडकहरुको लम्बाई करिव १२०.०० किलोमीटर रहेको छ । हाल गाउँपालिका भित्र तालिकामा उल्लेखित प्राथमिकता प्राप्त सडकहरुको अलावा करिव १२० वटा सडकहरु बिद्यमान रहेको अवस्था छ । गाउँपालिकाले पालिका पहुँच मार्ग (हुमिन-खिर्ल्हा भञ्ज्याङ्ग -रिडनेरह सम्मको सडक खण्ड) को १६.६२ तथा पालिकाको केन्द्रबाट आलोक मार्ग जोड्ने बिर्ताबजार-राके भञ्ज्याङ्ग सडक ४.२५ कि.मी गरी जम्मा २०.८७ की.मी सडक आगामी ५ बर्ष भित्र कालो पत्रे गर्ने गरी प्रस्ताव गरिएको छ । हाल सम्म उक्त सडक खण्डहरुको करिव ५८० मीटर कालो पत्रे भै सकेको छ । प्राथमिकतामा परेका पहिलो १० सडकको करिव ७१.०० कि.मी मा नाली सहित ग्राभेल गर्ने तथा करिव ६८.०० कि.मी लम्बाई भएका थप १३ सडकहरु ग्राभेल गर्ने गरी प्रस्ताव गरिएको छ । हाल निर्माण भएका अन्य सबै

गाउँवस्ती जेडने सहायक सडकहरु (लिंकरोड) सालवसाली रुपमा मर्मत गरी सञ्चालन गरिने तथा प्राप्त श्रोत साधनको आधारमा क्रमश मापदण्ड सहित ग्राभेल स्तरमा स्तरोन्नती गर्ने गरी कार्यक्रम तर्जुका गरिएको छ । आगामी दिनहरुमा नयाँ सडकको ट्र्याक खोल्ने कामलाई भने अत्यावश्यक अवस्थामा बाहेक निरुत्साहित गरिने छ ।

### ५.१.२ अवसर तथा चूनौति

**अवसर**

- आर्यभन्ज्याङ्ग-रामपुर सडक पालिकाको वडा नं ५ र वडा नं १ हुदै गएकोले यसबाट विभिन्न आर्थिक गतिविधि सञ्चालन गरी लाभ लिन सकिने अवस्था रहेको ।
- सबै वडाका मुख्य वस्तीहरुमा सडकको पहूँच पुगिसकेको ।
- सबै स्थानीय जनताको आवश्यकता र रुची समेत सडक निर्माणमा रहेको ।

**चुनौती**

- भू-बनोटका कारण सडक निर्माण कार्य खर्चिला हुने ।
- धेरै खोला खोल्सीहरु भएकोले पक्की पुल तथा कल्भर्ट बनाउन खर्चिलो हुने ।
- छरिएर रहेका गाउँ वस्तीहरुमा सडक पहूँच पुर्‍याउने ।
- सडक निर्माणमा जग्गाको विवाद भइरहने ।
- प्रकोप व्यवस्थापन र वातावरण संरक्षणका मापदण्ड पालना गरी सडक पुल निर्माण गर्ने ।

### ५.१.३ सोचः "सडक पूर्वाधारको विकास; सम्बृद्ध पूर्वखोलाको आधार"

**५.१.४ लक्ष्य :-** गुणस्तरीय सडक सञ्जालको विकास तथा बिस्तारबाट पूर्वखोलावासीको आर्थिक, सामाजिक विकासमा टेवा पुर्‍याउने ।

**५.१.५ उद्देश्य :-**पूर्वखोलाकासीको आर्थिक तथा सामाजिक विकासका लागि सडक सञ्जालको विस्तार  गर्ने ।

### ५.१.६ रणनीति र कार्यनीति

- गाउँपालिका भित्रका मुख्य सडक तथा पुल पुलेसाहरुको निर्माण तथा स्तरोन्नतीका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।
  - गाउँपालिकाको यातायात गुरुयोजना समेतलाई आधार लिई कार्य अगाडी बढाइनेछ ।
  - यस गाउँपालिका भै जाने आलोक मार्गको १६ कि.मी सडक खण्डलाई स्तरोन्नती तथा सौर्न्दयीकरण गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
  - हरेक सडकको छेउमा आवश्यकता अनुसार बस बिसौनि निर्माण  गरिनेछ ।
  - सडक निर्माण गर्दा नाली सहित स्तरयुक्त सडक निर्माण गरिनेछ ।
  - सहक निमाण गर्दा सहक मापदण्डको पालना गरिने छ ।
  - सडक निर्माण गर्दा आधुनिक प्रविधिको प्रयोग गरी दीगो, भरपर्दो र उचित भार वहन क्षमताको सडक, पुल, पुलेसा र सडक निर्माण गरिनेछ ।

### ५.१.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| बाह्रै महिना यातायात सुचारु सडक | कि.मी. | १६ | १६ | ६० | १०० |
| ग्रामिण यातायात गुरु योजना अध्यावधिक | संख्या | १ | १ | १ | १ |
| बसपार्क अध्ययन तथा निर्माण | संख्या | ० | ० | ० | १ |
| पक्की पुल निर्माण | संख्या | ३ | ४ | ५ | ६ |
| झोलुङ्गे पुल निर्माण | संख्या | १२ | १४ | १६ | १८ |
| कच्ची सडक लम्वाई | कि.मी. | २८२ | २८२ | २१० | १८२ |
| ३० मिनेटको दुरीमा यातायात पहुँच हुने परिवार | प्रतिशत | ४५ | ५० | ५५ | ६० |

### ५.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **सडक तथा यातायत** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९१६७७.०० | ९००.०० | ९०७७७.०० | ० | | | | ० |
| २०८१/८२ | १५०५६२.०० | ३००.०० | १५०२६२.०० | ० | | | | ० |
| २०८३/८४ | १७१२६५.०० | ११००.०० | १७०१६५.०० | ० | | | | ० |

### ५.१.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका यातायात गुरुयोजना अध्यावधिक गर्ने । | यातायात गुरुयोजना (RTMP) अध्यावधिक गर्ने । | २०८०/८१ | ५००.० | गाउँपालिका यातायात गुरुयोजना अध्यावधिक भएको हुनेछ । |
| २ | सडक कालोपत्रे कार्यक्रम | थप ४.०४ कि.मी सडक कालो पत्रे गर्ने कार्य । | २०८०/८१ देखि २०८२/८३ सम्म | २८०००.०० | बिर्ताबजार-खल्लु भन्ज्याङ्ग सडकककाे कालो पत्रे गर्ने कार्य भएको हुनेछ । |
| | | थप १६.०५ कि.मी सडक कालो पत्रे गर्ने कार्य । | २०८०/८१ देखि २०८२/८३ सम्म | प्रदेश सरकार | हुमिन-खिर्ल्हा भन्ज्याङ्ग-बिर्ता बजार-ज्यामिरे सडकको हुमिन-खिर्ल्हा भन्ज्याङ्ग-साउने दोभान खण्ड कालो पत्रे गर्ने कार्य भएको हुनेछ । |
| ३ | नाली सहितको ग्राभेल सडक निर्माण (११ वटा सडकहरु) | नाली सहितको ग्राभेल सडक निर्माण | २०८०/८१ देखि २०८२/८३ सम्म | २४७७००.० | नाली सहितको ग्राभेल सडक निर्माण भएको हुनेछन् । |
| ४ | साधारण ग्राभेल सडक निर्माण : (१३ सडकहरु) | ग्राभेल सडक निर्माण गर्ने । | २०८०/८१ देखि २०८२/८३ सम्म | ७८०००.० | ग्राभेल सडक निर्माण भएको हुनेछन् । |
| ५ | सडक मर्मत संभार : -बाँकी सबै सडकहरु) | सडकहरु सालवसाली मर्मत संभार गर्ने कार्य । | २०८०/८१ देखि २०८२/८३ सम्म | ३६९२७.०० | सडकहरु सालवसाली मर्मत संभार भई यातायात सुचारु भएको हुनेछ । |
| ६ | झोलुङ्गे पुल निर्माण | झोलुङ्गे पुल निर्माण (थप ६ वटा) गर्ने । | २०८०/८१ देखि २०८२/८३ सम्म | ६०००.०० | थप ६ वटा झोलुङ्गे पुल निर्माण भएका हुनेछन् । |
| ७ | बस पार्क तथा प्रतिक्षालय निर्माण कार्य | बस पार्क तथा प्रतिक्षालय निर्माण कार्य सुचारु भएको गर्ने । | २०८०/८१ देखि २०८२/८३ सम्म | ८५००.०० | २ स्थानमा प्रतिक्षालय निर्माण भएका हुने र बस पार्क निर्माणको कार्य सुचारु भएको हुनेछ । |
| ८ | पद मार्ग/ढुङ्गा छापेको सिडी बनाउने कार्य । | पद मार्ग/ढुङ्गा छापेको सिडी बनाउने । | २०८०/८१ देखि २०८२/८३ सम्म | ७५७७.०० | ७ वटा मध्ये २ वटा पदमार्गको कार्य सम्पन्न भई बाँकी ५ वटा पदमार्गको निर्माण कार्य संचालन भएको हुनेछ । |
| | | | यातायात क्षेत्रको जम्मा | ४११२०४.०० | |

### ५.१.१० जोखिम पक्ष तथा अनुमान

तीनै तहका सरकारका नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछन् । पालिकाका गौरव, रुपान्तरणकारी, क्रमागत र वहुवर्षीय आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । प्रस्तावित भए अनुसारको बजेट विनियोजन, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्दछ ।

## ५.२ सूचना तथा सञ्चार प्रविधि

### ५.२.१ पृष्ठभूमि

वाक तथा प्रकाशन स्वतन्त्रता, सञ्चार तथा सूचनाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सबल र सक्षम बनाउने दायित्व लिई जनतालाई सूचना तथा सञ्चारसँग सम्बन्धित अत्याधुनिक सेवा प्रवाह गर्ने र सूचना प्रविधि सम्बन्धी ज्ञान, शीप र क्षमताको विकास गरी सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्नु आजको आवश्यकता हो । **सूचना प्रविधियुक्त राष्ट्र** भन्ने सोँच र आम सञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहूँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य पन्ध्रौ योजनाको रहेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **सूचना तथा सञ्चार प्रविधिमा सहज पहूँच र उपयोग मार्फत आर्थिक र सामाजिक समुन्नति** भन्ने सोँच सहित सबै वस्तीहरुमा टेलिफोन र इन्टरनेटको सहज पहूँच पुऱ्याउने लक्ष्य राखेको छ पूर्वखोला गाउँपालिकाले गाउँपालिका भित्रका सम्पूर्ण कार्यालय, संस्था तथा समुदाय स्तरमा इन्टरनेट नेटवर्क बिस्तार गर्ने, कर दाताले घरमै बसी कर भुक्तानी गर्न सक्ने प्रणालीको विकास गर्ने नीति लिएको छ । त्यस बाहेक गाँउपालिका भित्रका मुख्य तथा संवेदनशिल क्षेत्रमा सि.सि.टि.भी. जडान गर्ने तथा क्रमस स्थानीय स्तरमा सबैलाई पायक पर्ने गरी बिभिन्न स्थानमा फ्रि वाईफाई जोनको बिस्तार गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्ने सोचका साथ अगाडी बढिरहेको अवस्था छ ।

यस गाउँपालिका भित्र एफ.एम. रेडियो स्टेशन नभएको, ६ वटै वडा कार्यालयमा इन्टरनेट सुविधा भएपनि स्तरीय र व्यवस्थित नभएको अवस्था छ । साथै गाँउपालिकामा गुनासो व्यवस्थापन तथा अन्य कार्यको लागि डिजिटल एपको सुविधा रहेको भएतापनि खासै प्रयोग भएको पाइदैन । त्यस बाहेक पालिकाका सेवा तथा सुचना सहज रुपमा नागरिक समक्ष पुऱ्याउन वेवसाईट, फेसबुक पेज, नोटिस बोर्ड जस्ता सूचना प्रवाहका माध्यमहरुको प्रयोग भएको छ । गाउँपालिका तथा वडा कार्यालयहरुवाट प्रदान गरिने सेवालाई भरपर्दो तथा विश्वसनिय वनाउनको लागि स्थानीय संचित कोष प्रणाली (सुत्र), सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पि.ए.एम्.एस्.), अनलाईन घटना तथा सामाजिक सुरक्ष प्रणाली, स्थानीय तह आय लेखाङ्कंन प्रणाली जस्ता सफ्टवेयर संचालन गरिएको छ । आ.व.२०७९/८० देखि पालिका स्तरमा राजश्व संकलन सफ्टवयर मार्फत सुरु गरिएको छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार यस गाउँपालिका भित्र २७ घरमा ल्याण्डलाईन टेलिफोन, ११२३ घरले इन्टरनेट सुविधा प्रयोग गरेको, कम्प्युटर/ल्यापटप २५८ थान रहेको, साधारण मोबाइल फोन ३०३६ थान र स्मार्ट मोवाइल फोन २८३३ थान रहेको देखिन्छ । त्यस्तै रेडियो प्रयोग गर्ने घरपरिवार २५५५ छ भने टि.भी. प्रयोग गर्नेको संख्या १६२३ घरपरिवार रहेको छ ।

### ५.२.२ अवसर तथा चूनौति

**अवसर**

- नेपालको संबिधानमा नागरिकहरुलाई सञ्चारको हक र सूचनाको हक सम्बन्धी व्यवस्था रहेको ।
- सूचना तथा सञ्चार सम्बन्धी विद्यमान नीति तथा कानूनहरु सूचनामैत्री रहेको ।
- एक ठाउँमा विकास/उत्पादन भएको सूचना प्रविधिलाई अर्को स्थानमा किफायती ढङ्गमा सजिलैसँग उपयोग गर्न सक्ने अवस्था रहेको ।
- पालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै गएको ।
- डिजिटल साक्षरता बढ्दै गएको, युवाहरु सूचना प्रविधि प्रति उत्साहका साथ आकर्षित भइरहेको ।

**चुनौती**

- पालिकाका सम्पूर्ण विद्यालय तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाई र प्रविधिमैत्री उपचारको व्यवस्थापन गर्ने ।
- गाउँपालिका एवं वडा कार्यालयहरुका बीच नेटवर्किङ गर्ने र यी कार्यालयहरुको काम डिजिटल रुपमा सञ्चालन गर्ने ।
- गाउँपालिका भित्र सञ्चालित कार्यक्रमहरुलाई रेडियो, टेलिभिजन लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गरी स्थानीय जनतालाई सुसूचित गराउने ।
- सूचनामैत्री जनशक्तिको दक्षताको कमीको कारण सेवा प्रभावकारी प्रवाहमा कठिनाई ।

**५.२.३ सोचः** सूचना प्रविधिको विकास, पूर्वखोलावासीको चेतनाको आधार ।

**५.२.४ लक्ष्य :** सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।

**५.२.५ उद्देश्य :**सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुर्‍याई जिवनयापनमा सहजता बनाउने ।

**५.२.६ रणनीति र कार्यनीति**

- सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुर्‍याउने ।
    - गाउँपालिका भित्रका सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा क्रमस द्रुत गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहलाई व्यवस्थि गरिनेछ ।
    - गाउँपालिका र वडा केन्द्रका सम्पूर्ण कार्यालयहरु विच इन्टरनेटको नेटवर्किङ गरिनेछ ।
    - युवा स्वरोजगार लक्षित सूचना प्रविधि तालिम र दक्षता अभिवृद्धि सम्वन्धी तालिम संचालन गरिनेछ ।
    - नेपाल दूरसञ्चार कम्पनिको सहकार्यमा टेलिफोन टावर थप गरी मोबाइल नेटवर्कलाई भरपर्दो बनाइनेछ ।
    - सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा गाउँपालिकाका बिबिध गतिविधीको प्रचार प्रसार गरिनेछ ।
    - कर्मचारी तथा जनप्रतिनिधिलाई प्रबिधिको प्रयोग सम्वन्धी दक्षता अभिवृद्धि गरी प्रविधिमैत्री बनाइनेछ ।

**५.२.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मोवाइल प्रयोगकर्ता (परिवार) | प्रतिशत | ७३.६७ | ७५ | ८५ | ९२ |
| इन्टरनेट सेवामा पहुँच (परिवार) | प्रतिशत | ५१.५२ | ५३ | ५४ | ५५ |
| ICT ल्याब भएका विद्यालय | संख्या | १० | ११ | १२ | १३ |
| इन्टरनेट सेवा उपलब्ध विद्यालय | संख्या | १५ | १८ | २२ | २५ |

**५.२.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **सूचना तथा सञ्चार प्रविधि** उपक्षेत्रको खर्च र स्रोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७००.०० | ०.०० | ७००.०० | ० | | | | ० |
| २०८१/८२ | ०.०० | ०.०० | ०.०० | ० | | | | ० |
| २०८३/८४ | ३००.०० | ०.०० | ३००.०० | ० | | | | ० |

**५२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | इन्टरनेट सेवा विस्तार तथा सुदृढीकरण कार्यक्रम । | इन्टरनेट सेवा विस्तार तथा सुदृढीकरण गर्ने । | २०८०/८१ | ४००.०० | इन्टरनेट सेवा विस्तार भएको हुनेछ । |
| २ | सूचना प्रविधि सम्वन्धी स्थानीय युवालाई दक्षता अभिवृद्धि तालिम | सूचना प्रविधि सम्वन्धी स्थानीय युवाको दक्षता अभिवृद्धि गर्ने । | २०८०/८१ र २०८२/८३ | ६००.०० | सूचना प्रविधि सम्वन्धी स्थानीय युवाको दक्षता अभिवृद्धि भई रोजगारी श्रृजना भएको हुनेछ । |
| | | | जम्मा | १०००.०० | |

**५.२.१० जोखिम पक्ष तथा अनुमान**

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.३ विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

जल विद्युतलाई आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधनको रुपमा लिने गरिन्छ । अन्तर सरकार, सार्वजनिक निजी साझेदारीमा हुने लगानी यस क्षेत्रमा प्रवाह भै रहदा पछिल्ला दिनमा विद्युत उत्पादन उल्लेख्य रुपमा बढेको छ । हाल अधिकांश स्थानीय तहमा विद्युतीय पूर्वाधार पुगेको अवस्था छ । त्यसैगरी दीगो विकासका लक्ष्य प्राप्तिका लागि दीगो उर्जाको अवधारणा अनुसार हरिततन्त्रलाई प्रवर्द्धन गर्न बैकल्पिक/नवीकरणीय उर्जा क्षेत्रको विकास हुन समेत आवश्यक छ । विद्युत प्रसारण लाइन नपुगेका ग्रामीण क्षेत्रमा स्थानीय तहसँगको सहकार्यमा समेत उर्जा सेवा पुऱ्याउन र आयातित उर्जा माथिको परनिर्भरता कम गर्न वैकल्पिक उर्जाको प्रवर्द्धन तथा विकास आवश्यक छ ।

**जल विद्युतको दीगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान** भन्ने सोँच र जल विद्युतको तीब्र उत्पादन गरी उर्जा सुरक्षा सुनिश्चित गर्ने तथा नवीकरणीय उर्जाको उत्पादन र उपयोगमा दक्षता बढाई स्वच्छ उर्जामा पहूँच पुऱ्याउने लक्ष्यका साथ पन्ध्रौ योजनाका कार्यक्रमहरु तय भएका छन् ।

लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले स्वच्छ उर्जाको रुपमा जलविद्युतको उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य सहित विद्युतमा सबै जनताको पहूँच पुऱ्याउने उद्देश्य राखेको छ । त्यसैगरी जैविक उर्जाको प्रवर्द्धन गर्ने सोँच राखेको यस योजनामा वायोग्यास, वायु उर्जा जस्ता नविकरणीय उर्जाको श्रोतमा अग्रणी बन्ने लक्ष्य समेत राखिएको छ ।

नविकरणीय उर्जाको विकास नभएको परिप्रेक्षमा पूर्वखोला गाउँपालिकामा जलविद्युत नै उर्जाको महत्वपूर्ण श्रोत हो । यस पालिकामा ३९९२ (९६.६८%) घरपरिवारले बत्तीको रुपमा विद्युतको प्रयोग गरेका छन्, १०८ (२.६३%) घरधुरीले सौर्य उर्जा (सोलार) तथा बाँकी  घरपरिवारले वैकल्पिक उर्जाको रुपमा मट्टितेल, बायो ग्याँस प्रयोग गरेको देखिन्छ । यस गाउँपालिकामा ३४३८ घरपरिवार (८३.४३%) ले खाना पकाउनको लागि इन्धनको रुपमा काठ दाउराको प्रयोग गरेका छन् भने ६५६ घरपरिवार (१५.९२%) ले एल.पि.ग्यास तथा अन्यले मट्टितेल र बायो ग्याँस प्रयोग गरेका छन् । हाल प्रयोग भई रहेको काठ दाउराको उपयोगमा कमी गर्न बिद्युतिय उर्जाको प्रयोगलाई प्राथमिकता दिने रणनिति अवलम्वन गनुपर्ने हुन्छ ।

यस गाउँपालिकामा नेपाल बिध्युत प्राधिकरण प्रत्यक्ष रुपमा, बिध्युत उपभोक्ता तथा बुटवल पावर कम्पनीको संलग्नतामा बिध्युत बितरणको कार्य भै रहेको छ ।  विद्युत आपूर्तीलाई नियमित तथा भरपर्दो बनाउन माथिका निकायहरु संग आवश्यक समन्वय गरी बिद्युत पोलहरुको परिवर्तन तथा भार क्षमता समेत बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइन आवश्यक छ । आगामी ५ वर्ष भित्र पूर्वखोला गाउँपालिकाई उज्यालो गाउँपालिकाको रुपमा घोषणा गर्ने गरी कार्यक्रमहरु संचालन गरिने छ र यही पृष्ठभूमिमा यस योजनामा विद्युत तथा उर्जा विकास सम्बन्धी लक्ष्य, उद्देश्य र कार्यक्रमहरु तय भएका छन् ।

### ५.३.२ अवसर र चूनौति

**अवसर**

- विद्युतको राष्ट्रिय उत्पादन क्रमश बढदै गई विद्युतमा आत्मनिर्भर हुने अवस्थामा रहेको ।
- स्थानीय स्तरमा उत्पादित भएका लघु जलबिद्युतको कारणले राष्ट्रिय प्रसारणमा अवरोध हुँदा पनि पूर्ण रुपमा बिद्युत अवरुद्ध नहुने ।
- विद्युत खपत बढाएर परनिर्भरता र कार्बन उत्सर्जन कम गर्ने ।
- विद्युत उर्जाको प्रयोगबाट लिफ्टिङ्ग सिँचाई, खानेपानी, चिस्यान केन्द्र र अन्य उद्योगको स्थापना गरी सेवा तथा उत्पादन बढाउन सकिने ।

**चुनौती**

- पालिकावासी सबैलाई भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने ।
- पुराना पोलहरुको विस्थापन गर्ने तथा नयाँ ट्रान्सफर्मर जडान गर्ने ।
- विद्युत खपतलाई बढाई उत्पादनशील कार्यमा लगाउने ।

**५३.३ सोच** :- विद्युतको अधिकतम सदुपयोगवाट पूर्वखोलाको आर्थिक समृद्धि ।

**५३.४ लक्ष्य:-** जलविद्युत प्रयोग क्षमतामा बिस्तार गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

**५३.५ उद्देश्य:** सबै जनताको पहुँचमा विद्युत सेवा पुर्‍याई विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन मार्फत उत्पादन तथा रोजगारी वृद्धि गर्ने ।

### ५.३.६ रणनीति र कार्यनीति

- **गुणस्तरीय विद्युत सेवाको विस्तार र व्यवस्थापन गर्ने ।**
  - संघीय र प्रदेश सरकारसँगको समन्वयमा गुणस्तरीय विद्युत पोलहरु र सव स्टेसनहरु निर्माण गर्न पहल गरिनेछ ।
  - विद्युत सेवा नपुगेका सबै घरमा प्राथमिकताका साथ विद्युत सेवा उपलब्ध गराइनेछ ।
  - गाउँपालिका केन्द्र, वडा केन्द, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजार केन्द्रहरु (Market center) मा उच्च क्षमताको सडक बत्ति जडान गरिनेछ ।
  - बिद्युतीय उर्जाको प्रयोग मार्फत उद्योगहरु स्थापना गरि रोजगारी सिर्जना गरिनेछ ।

### ५.३.७ मध्यमकालीन सूचक र लक्ष्य

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५१.५२ | ५३ | ५४ | ५५ |
| इन्टरनेट सेवा उपलब्ध भएका वडा | वटा | ६ | ६ | ६ | ६ |
| विद्युत सेवा प्राप्त घरधुरी प्रतिशत | प्रतिशत | ९६.६८ | १०० | १०० | १०० |

### ५.३.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

*तालिका ३.२ : विद्युत तथा उर्जा क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान*

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | | खर्चको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य स्रोत |
| २०८०/८१ | २१००.०० | ०.०० | २१००.०० | ० | | | | |
| २०८१/८२ | १९००.०० | ०.०० | १९००.०० | ० | | | | |
| २०८३/८४ | १७००.०० | .०.०० | १७००.०० | ० | | | | |

### ५.३.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत उर्जा प्रवर्द्धन कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | ५७००.०० | खाना पकाउने उर्जाको रुपमा विद्युत उर्जाको प्रयोगमा बृद्धि भएको हुनेछ । |
| | जम्मा | | | ५७००.०० | |

### ५.३.१० जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ भवन तथा आवास

### ५.४.१ पष्ठभूमि

२०७२ सालको विनासकारी भूकम्प र यसबाट भएको क्षतिलाई दृष्टिगत गरी राष्ट्रिय भवन संहितालाई कार्यान्वयन गर्नु, विद्यमान घरहरु आवश्यकतानुसार सवलीकरण गर्नु, वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त र सुरक्षित भवन निर्माण प्रविधिको प्रयोग गर्नु, परम्परागत निर्माण प्रविधि र वास्तुकलाको जर्गेना गर्नु

आजको आवश्यकता हो । नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरी सबै नागरिकलाई सुरक्षित र वातावरणमैत्री आवास अधिकारको सम्मान सहित आवास बिहीन नागरिकहरुलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । अव्यवस्थित बसोवासलाई योजनाबद्ध एवं व्यवस्थित वस्तीमा विकास गर्ने तथा जोखिमयुक्त स्थानमा बसेका घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य घरदैलोको स्थानीय सरकारले हेर्नुपर्ने हुन्छ ।

**सुरक्षित किफायति, वातावरणमैत्री भवन र एकीकृत आवास तथा वस्ती** भन्ने सोँचका साथ किफायति, वातावरणमैत्री भवन निर्माण एवं एकीकृत योजनाबद्ध वस्ती विकासको माध्यमबाट दीगो आवास व्यवस्था गर्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ भने लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले **सबैको लागि सुरक्षित तथा व्यवस्थित आवासको सुनिश्चितता** भन्ने दीर्घकालीन सोँच सहित जोखिमपूर्ण वस्ती स्थानान्तरण, स्थानीय सामग्री तथा प्रविधिको समुचित प्रयोग र एकीकृत वस्ती विकास मार्फत सु-व्यवस्थित आवास र वस्ती विकास गर्ने लक्ष्य लिएको छ ।

पूर्वखोला गाउँपालिकामा ८३.०९% घर परिवार जस्ता पाताको छाना भएको घरमा बस्दछन् भने अझै पनि १९४ (११.०१%) परिवार खरले छाएको छाना मुनि बस्ने गरेको देखिन्छ । खरका छाना बिस्थापन गर्न बाँकी रहेका घरहरुमा आ.व २०७९/८० मा प्रदेश सरकार संगको समन्वयमा सम्पन्न गर्ने गरी कार्य अगाडी बढाइएको भएता पनि सो संभव भएन । बर्तमान अवस्थामा माटोको जोडाई भएका इट्टा/ढुङ्गका घरहरु ३५३९ (८५.८७%), सिमेण्टको जोडाई भएका ईट्टा/ढुङ्गाका घरहरु ३११ (७.५५%) र ढलान पिलर सहितका २५१ (६.०९%) रहेका छन् । हालसम्म गाउँपालिकाको भू-उपयोग सम्बन्धी योजना तर्जुमा भई नसकेको अवस्था छ । गाउपालिकाले आफ्नो क्षेत्रको भू-उपयोगका सम्वन्धी आवास क्षेत्र, बजार क्षेत्र, चउर, पार्क तथा उद्यान, खेलमैदान, कृषि क्षेत्र र हरित क्षेत्र वर्गीकरण गरी सोही अनुसारको भू-उपयोग योजना बनाउन जरुरी छ । गाउँपालिकाले आगामी दिनमा भू-उपयोग योजनाका आधारमा भवन निर्माण तथा वस्ती विकास गरिनुपर्दछ । यस पालिकामा सार्वजनिक भवनहरुको वर्तमान अवस्था निम्नानुसार रहेको छ ।

- ६ वटा वडा कार्यालय मध्ये वडा नं.१, ६ र ४ बाहेकमा वडा कार्यालयहरु निर्माण भैसकेको ।
- देबिनगर बाहेक ५ वटै वडामा नयाँ स्वास्थ्य चौकी भवनहरु निर्माण भैसकेको ।
- १५ शैया अस्पताल निर्माणाधीन अवस्थामा रहेको ।
- पालिकाको वडा नं ३ को बिर्तामा प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको छ ।
- स्थानीय बजारहरु व्यवस्थित हुदै गएका ।
- मुख्य बस्तिहरुमा सामुदायिक भवनहरु निर्माण भई प्रयोगमा ल्याइएको ।

हरेक नागरिकको आवास, सामुदायिक भवनहरु तथा सरकारी भवनहरु सुरक्षित, स्वास्थ्यकर, वातावरणमैत्री, भूकम्प प्रतिरोधी तथा किफायती हुनुपर्दछ । त्यस्तै स्थानीय भवनहरु परम्परागत शैली झल्कने पहिचान सहितको हुनु पनि महत्वपूर्ण मानिन्छ । गाउँपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्दछ । छरिएर रहेका घरवस्ती र पहिरो, नदी कटानबाट जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न उत्तिकै आवश्यक छ । भू-उपयोगको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र वस्ती स्थानान्तरण तथा वस्ती विकासको सम्भाव्यता अध्ययन गरी केन्द्र तथा प्रदेश सरकारसँगको सहकार्यमा एकीकृत वस्ती विकासको योजना कार्यक्रम अगाडि बढाउन आवश्यक देखिन्छ ।

### ५.४.२ अवसर तथा चूनौति

**अवसर**

- सरकारी भवनहरुको निर्माणमा संघ तथा प्रदेशहरुको साझेदारी रहेको ।
- राष्ट्रिय सडक सञ्जालसँग जोडिएकोले निर्माण सामाग्रीहरु ल्याउन सजिलो भएको ।
- जोखिमयुक्त वस्तीहरु बारे जनतामा सचेतता भएको ।

**चुनौती**

- सडकहरु व्यवस्थित नहुँदा आवश्यक निर्माण सामाग्री समयमै ढुवानी गर्ने ।
- छरिएर रहेको वस्तीलाई आवश्यक पूर्वाधार सहित एकीकृत बिकास गर्ने ।
- राष्ट्रिय भवन निर्माण संहिता अनुरुप भवन निर्माण मापदण्ड लागु गर्ने ।
- गरिबी र न्यून आयले गर्दा सुरक्षित र सुविधायुक्त घर बनाई आवास व्यवस्थापन गर्ने ।

- पहाडको भिरालो भू-बनोट र भौगर्भिक अवस्थाले गर्दा ठूला भवनका संरचना निमार्ण गर्ने ।

**५.४.३ सोच:** सबैको लागि सुरक्षित आवासको प्रबन्ध ;यही छ पूर्वखोलाको मूलमन्त्र ।

**५.४.४ लक्ष्य:** सुरक्षित, किफायती, वातावरणमैत्री र प्रविधियुक्त भवन तथा आवास निर्माण गर्ने ।

**५.४.५ उद्देश्य:** भवन मापदण्ड तयार गरी सुरक्षित, सुविधायुक्त र ठाँउ सुहाउदो आवास योजना तयार गर्ने ।

### ५.४.६ रणनीति र कार्यनीति

- भवन मापदण्ड स्विकृत गरी सुरक्षित आवास योजना बनाई कार्यान्वयन गर्ने ।
  - भवन निर्माण मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।
  - स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरी भवन निर्माण गरिनेछ
  - स्थानीय कामदारको दक्षता अभिवृद्धि गरिनेछ ।
  - स्थानीय भू-उपयोग योजना निर्माण गरी सोही अनुरुप आवास क्षेत्रको व्यवस्थापन गरिनेछ ।
  - जोखिमयुक्त र छरिएर रहेका घर/वस्तीहरुको पहिचान गरी एकीकृत वस्तीको लागि उपयुक्त जग्गाको व्यवस्थापन सहित सम्भाव्यता अध्ययन गरिनेछ ।
  - आधुनिक सुविधा सहितको नमूना शहर विकासका लागि संभाव्यता अध्ययन गरिनेछ ।
  - जस्ता पाताका छाना लगाइ खरका छानाहरु बिस्थापित गरिने छ ।

### ५.४.७ *नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| भू-उपयोग नीति अनुसार जग्गाको वर्गीकरण | पटक | ० | १ | १ | १ |
| भू-उपयोग योजना तर्जुमा | संख्या | ० | १ | १ | १ |
| भवन मापदण्ड/संहिता निर्माण | संख्या | ० | १ | १ | १ |
| १५ शैयाको अस्पताल निर्माण | संख्या | ० | ० | ० | १ |
| स्वास्थ्य चौकी भवन निर्माण | संख्या | ३ | ३ | ४ | ५ |
| गाउँपालिकाको प्रशासकीय भवन | संख्या | ० | १ | १ | १ |
| सामुदायिक भवन | संख्या | ५४ | ५६ | ५७ | ५८ |

### ५.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भवन तथा आवास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७३००.०० | ८००.०० | ६५००.०० | | | | | |
| २०८१/८२ | ३५००.०० | ०.०० | ३५००.०० | | | | | |
| २०८३/८४ | ४९००.०० | ४००.०० | ४५००.०० | | | | | |

### ५.४.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक, सामुदायिक तथा निजी भवन निर्माणको लागि भवन निर्माण मापदण्ड/संहिता तर्जुमा । | भवन निर्माण मापदण्ड/संहिता तर्जुमा | २०८०/८१ | ५००.०० | भवन निर्माण मापदण्ड/संहिता तर्जुमा भै कार्यान्वयनमा आएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | वडा नं.१ र ६ को वडा कार्यालयको भवन निर्माण | वडाकार्यालयहरुको भवन निर्माण गर्ने | सालबसाली | ५५००.०० | २ वटा वडा कार्यालयहरुको भवन निर्माण भै सेवा प्रवाहमा सहजता भएको हुनेछ । |
| ३ | वडा कार्यालयहरुको मर्मत सम्भार कार्यक्रम | वडाकार्यालयहरुको मर्मत सम्भार तथा घेरावार गर्ने | सालबसाली | ३०००.०० | वडा कार्यालयहरुको मर्मत सम्भार भै सेवा प्रवाहमा सहजता आएको हुनेछ । |
| ४ | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण । | सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्ने | सालबसाली | ४०००.०० | स्वास्थ्य सेवा प्रवाहमा सहजता आएको हुनेछ । |
| ५ | निर्माणकर्मीहरुको दक्षता अभिवद्धि तालिम । | निर्माणकर्मीहरुको दक्षता अभिवद्धि गर्ने । | सालबसाली | ७००.०० | स्थानीय निर्माणकर्मिहरुको दक्षतामा अभिबृद्धि भएको हुनेछ । |
| ६ | खरको छाना बिस्थापन कार्यक्रम | खरको छाना बिस्थापन गर्ने । | २०८०/८१ | २०००.०० | आ.व २०८०/८१ मा गाउँपालिका घरमा खरको छाना मुक्त भएको हुनेछ । |
| | | | जम्मा | १५७००.०० | |

### ५.४.१० जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.५ सिंचाई

### ५.५.१ पष्ठभूमि

कृषिको उत्पादकत्व र उत्पादन बढाउन सिँचाईको दीगो व्यवस्थापन गर्न जरुरी हुन्छ । कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने व्यवस्थाका लागि तीनै तहको सरकार बीच आपसी सामन्जस्यता र लगानीको खाँचो छ । सिँचाई पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाई संघीय सरकारबाट, मझौला सिँचाई प्रदेश सरकारबाट र साना सिँचाई आयोजना स्थानीय सरकारको लगानीबाट निर्माण तथा व्यवस्थित गरिनु पर्दछ ।

**दीगो एवं भरपर्दो सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान** भन्ने सोँच र लक्ष्य सहित पन्ध्रौ योजना अघि बढेको अवस्था छ । त्यसैगरी **कृषि उत्पादकत्व वृद्धिको लागि प्रयाप्त सिँचाई सुविधा भएको प्रदेश** भन्ने सोँच सहित कृषियोग्य भूमिमा भरपर्दो एवं दीगो सिँचाईको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले लिएको छ । आधुनिक र व्यवसायिक कृषिको विस्तार एवं उत्पादकत्व वृद्धिको लागि अन्य कुराको अतिरिक्त भरपर्दो सिँचाई सुविधाको आवश्यकता पर्दछ ।

पूर्वखोला गाउँपालिकाको कूल खेतीयोग्य जमिनको सिमित क्षेत्रफल करिव ३६% जमिनमा मात्र सिंचाई सुविधा उपलब्ध छ । यस पालिका भित्र सिंचाईको श्रोत भएका साना खोला तथा खोल्सीहरुमा हिउँदमा पानी सुक्दै जाने भएकोले पूर्वखोला लगायतवाट लिफ्टिङ गरेर सिंचाई सुविधा उपलब्ध गराउन सकेमा उत्पादन तथा उत्पदकत्वमा परिवर्तन गर्न सकिने देखिन्छ ।

### ५.५.२ अवसर तथा चूनौति

**अवसर**

- सिँचाईयोग्य जमिनमा सिँचाईको उपयुक्त व्यवस्थापन गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने अवस्था रहेको ।
- गाउँपालिका भित्र बाह्रै महिना बगिरहने पूर्वखोला, लगायतका खोलाहरु सिँचाईको श्रोतको रुपमा रहेको ।
- प्रशस्त कृषियोग्य जमिन विद्यमान रहेको र कृषिमा आश्रित जनसंख्याको बाहुल्यता रहेको ।

### चुनौती

- ठाडा र साना खोलाहरुमा हिउँदमा पानी कम हुँदा वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउने ।
- बसाईसराईको कारण नयाँ पिडीको बाहुल्यता नहुनाले जनसहभगितामा आधारित रही योजना सञ्चालन गर्ने
- निर्माण भइसेकका योजनाहरुको प्रभावकारी व्यवस्थापन गर्ने ।

**५.५.३ सोचः** सिँचाई प्रणालीको व्यवस्थापनवाट उत्पादन र उत्पादकत्वमा वृद्धि ।

**५.५.४ लक्ष्यः** दीगो सिँचाई व्यवस्थापन मार्फत कृषकहरुको आय स्तरमा वृद्धि गर्ने ।

**५.५.५ उद्देश्यः** कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी सिँचाई सुविधा पुऱ्याउने तथा सिँचाई प्रणालीको व्यवस्थापनलाई सुदृढ बनाउने ।

### ५.५.६ रणनीति र कार्यनीति

- खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विकास गर्दै सिँचाई प्रणालीको मर्मत सम्भार सहित दीगो व्यवस्थापन गर्ने ।
  - सिँचाईको सम्भावना भएको खेतीयोग्य जमिनमा क्रमश सिँचाई सुविधा विस्तार गरिनेछ ।
  - वैकल्पिक सिँचाई प्रणालीको सम्भाव्यता अध्ययन गरिनेछ ।
  - उपभोक्ता समितिको दक्षता अभिवृद्धि गरी जिम्मेवार बनाइनेछ ।
  - कृषि र सिँचाई कार्यक्रमलाई एकीकृत रुपमा संचालन गरिनेछ ।
  - निर्माण सम्पन्न भई सञ्चालनमा आएका सिँचाई प्रणालीलाई नियमित मर्मत, सम्भार र दीगो व्यवस्थापनका लागि समुदाय र उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

### ५.४.७ *नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| धान पकेट क्षेत्र | संख्या | २ | ३ | ३ | ३ |
| खेतियोग्य जमिनको कूल सिंचित क्षेत्रफल | प्रतिशत | ३६ | ३८ | ४० | ४२ |

### ५.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उपक्षेत्रको खर्च र स्रोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४५००.०० | ०.०० | ४५००.०० | ० | | | | |
| २०८१/८२ | ४०००.०० | ०.०० | ४०००.०० | ० | | | | |
| २०८३/८४ | ४५००.०० | ०.०० | ४५००.०० | ० | | | | |

### ५.४.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई योजनाहरुको निर्माण पुर्ननिर्माण कार्यक्रम | सिंचाईको सुबिधा वृद्धि गर्ने । | सालबसाली | ६०००.०० | नया निर्माण तथा पुर्ननिर्माण बाट सिंचाई क्षेत्रमा बृद्धि भएको हुनेछ । |
| २ | बिद्यमान अवस्थामा चालु रहेका कूलोहरुको मर्मत सम्भार । | संचालनमा रहेका कूलोहरुको मर्मत सम्भार गर्ने । | सालबसाली | ३०००.०० | संचालनमा रहेका कूलोहरुको मर्मत सम्भार भै सिंचाईमा बृद्धि भएको हुनेछ । |
| ३ | पूर्वखोला उभार कार्यक्रम ( पक्की चेक ड्याम निर्माण समेत) | पूर्वखोलालाई उभार गर्ने कार्य । | सालबसाली | ३०००.०० | पूर्वखोलामा पक्की चेक ड्याम निर्माण गरी खोलोको सतहलाई उभार गरिएको हुनेछ । |
| ४ | वैकल्पिक सिँचाई प्रणालीको अध्ययन । | बैकल्पिक सिंचाई प्रणाली सम्वन्धी | २०८०/८१ | १०००.०० | बैकल्पिक सिंचाई प्रणाली सम्वन्धी अध्ययन भई कार्यान्वयनका लागि |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | अध्ययन गर्ने । | | | प्रदेश तथा केन्द्र सरकारका अनुरोध गरिएको हुनेछ । |
| | | | जम्मा | १३०००.०० | |

### ५.४.१० जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.६. नदी तथा पहिरो नियन्त्रण

### ५.६.१ पष्ठभूमि

पूर्वखोला गाउँपालिका भित्रका अधिकांस गाउँवस्तीहरु भिरालो भू-बनोटमा अवस्थित छन् । हरेक वर्षको बर्षायाममा पहिरो गई भौतिक सम्पत्ति तथा भौतिक संरचनाहरुमा क्षती पुग्ने गरेको छ । सडक संरचनाहरुमा पानी निकासको उचित व्यवस्थापन नहुँदा ठूलो क्षती हुने गरेको छ । पालिकाको बिच भागबाट बग्ने पूर्वखोला, वाम्दी खोला, सपाहा तथा लाम्दी खोला लगायतका खोलाहरुले दायाँ बायाको जमिन कटान गर्री बर्षेनी खेतियोग्य जमिनमा ह्रास हुदै गएको र अत्यधिक बर्षका कारण भूक्षय भई माटोको उर्वराशक्ति समेत ह्रास हुदै गएको अवस्था छ ।

बाढी, पहिरो तथा नदी कटान समेतबाट हुने विपद्मा उद्धार तथा राहतका लागि पालिका स्तरमा र प्रत्येक वडामा विपद् व्यवस्थापन कोष स्थापना गरीएको छ । कुनै बिपद सम्वन्धी घटना भएमा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट उद्धार, राहत तथा पुनर्संस्थापना सम्बन्धी कार्यमा स्थानीयबासी सँग समन्वय गरी राहत उपलब्ध गराउने व्यवस्था मिलाईएको छ । नदी नियन्त्रण तथा पहिरो नियन्त्रण सम्बन्धी कार्यमा आवश्यक योजना सहित उल्लेख्य श्रोतको आवश्यकता पर्ने हुन्छ । अतः नदी नियन्त्रणका लागि गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँग समेत समन्वयात्मक भूमिका निर्वाह गरी यस सम्बन्धी कार्यहरुलाई अगाडि बढाउन आवश्यक छ । नदी तथा पहिरो नियन्त्रण सम्बन्धी कार्य गर्दा प्रभावित परिवारलाई प्रतिस्थापन गर्ने र रोकथामको लागि वृक्षारोपण तथा वायो इन्जिनियरिङ्ग, ग्याभियन जाली तथा मेसिनरी पर्खाल निर्माण, तटबन्ध निर्माण जस्ता कार्यहरु गरिनु पर्दछ ।

### ५.६.२ अवसर तथा चूनौति

**अवसर**

- योजना तर्जुमाको समयमा बाढी पहिरो तथा नदि नियन्त्रण जस्ता कयाकलापहरुले प्राथमिकता पाउने गरेको
- जनतामा बातावरणमैत्री संरचना बनाई प्रकृतिलाई बचाउनु पर्छ भन्ने सोँचको विकास हुँदै गएको ।
- पालिका तहमा बिपद व्यवस्थापन कोषको स्थापना भएको ।

**चुनौती**

- नदी तथा पहिरो नियन्त्रण संरचना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने ।
- विपद् व्यवस्थापनलाई प्राथमिकतामा नराख्ने प्रवृत्ति रहेको ।
- बिना अध्ययन नदीजन्य पदार्थको उत्खनन् र ओसार पसारलाई नियन्त्रण गर्ने ।
- भिरालो एवं कमजोर भू-भागमा सडकहरु निर्माण कार्य ।

**५.६.३ सोचः** पूर्वखोलाको अभियान; पहिरो तथा नदी कटानको उचित व्यवस्थापन ।

**५.६.४ लक्ष्यः** पहिरो र कटानको जोखिम कम गरी जनधनको क्षती न्यूनीकरण गर्ने ।

**५.६.५ उद्देश्यः** जल उत्पन्न विपद्को समुचित व्यवस्थापन गर्ने ।

### ५.६.६ रणनीति र कार्यनीति

- जल उत्पन्नवाट हुने प्रकोपको रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
  - प्रत्येक वर्ष वडामा विपद् न्यूनीकरण बारे सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
  - भू-उपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान तथा जोखिममा रहेको वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण सम्बन्धी योजना निर्माण गरिनेछ ।
  - नदि नियन्त्रण सम्बन्धित निकाय तथा संस्थाहरु सँगको समन्वय र सहकार्यमा तत् सम्वन्धी कार्यहरु गरिनेछ ।

- विपद्को पूर्वानुमान सम्बन्धी सूचना प्रणालीको विकास तथा प्रचार प्रसार सम्वन्धी व्यवस्था मिलाइने छ
- विद्यालय तहको स्थानीय पाठ्यक्रममा प्राकृतिक तथा मानव सिर्जित विपद विषय समावेश गरी बिद्यार्थिहरुलाई सचेत बनाइनेछ ।
- नदि किनार तथा सडक छेउछाउका स्थानहरुमा बृक्षारोपण गरी संरक्षण गरिनेछ ।

### ५.६.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पहिरो नियन्त्रण | संख्या | ० | २ | २ | २ |
| नदी नियन्त्रण कार्य | मीटर | NA | २०० | ३०० | ५०० |

### ५.६.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नदी तथा पहिरो नियन्त्रण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रीवर्षीय अनुमान तयार देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४२००.०० | ७००.०० | ३५००.०० | ० | | | | |
| २०८१/८२ | ३९००.०० | ४००.०० | ३५००.०० | ० | | | | |
| २०८३/८४ | ३७००.०० | २००.०० | ३५००.०० | ० | | | | |

### ५.६.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नदी नियन्त्रण (तटवन्ध) कार्यक्रम | नदी नियन्त्रण गर्ने । | सालबसाली | ६०००.०० | नदी नियन्त्रण (तटवन्ध) सम्वन्धी कार्यक्रमहरु संचालन भएको हुनेछ । |
| २ | पहिरो नियन्त्रण कार्यक्रम | पहिरो नियन्त्रण गर्ने | सालबसाली | ४५००.०० | पहिरो नियन्त्रण सम्वन्धी कार्यहरु संचालन भै पहिरो नियन्त्रण भएको हुनेछ । |
| ३ | नदि किनार तथा सडक छेउछाउँका स्थानहरुमा बक्षारोपण | नदि किनार तथा सडक छेउछाउँका स्थानहरुमा बक्षारोपग गर्ने । | सालबसाली | ३००.०० | नदि किनार तथा सडक छेउछाउँका स्थानहरुमा बक्षारोपण गरी हरियाली प्रवर्द्धन भएको हुनेछ । |
| ४ | जोखिम बस्तिहरुको पहिचान तथा स्थानान्तरण सम्वन्धी अध्ययन । | जोखिम बस्तिहरुको पहिचान गर्ने । | ०८०/८१ | ५००.०० | जोखिम बस्तिहरुको पहिचान भई स्थानान्तरण सम्वन्धी कार्ययोजना तयार भएको हुनेछ । |
| ५ | प्राकृतिक तथा मानव सिर्जित विपद सम्वन्धी सचेतनामूलक कार्यक्रम । | सचेतनामूलक कार्यक्रम संचालन गर्ने | सालबसाली | ३००.०० | सचेतनामुलक कार्यक्रमहरु संचालन भएका हुनेछन् । |
| ६ | स्थानीय पाठ्यक्रममा प्राकृतिक प्रकोप सम्वन्धी विषय समावेश । | स्थानीय पाठ्यक्रममा प्राकृतिक प्रकोप सम्वन्धी विषय समावेश गर्ने । | ०८१/८२ | २००.०० | स्थानीय पाठ्यक्रममा प्राकृतिक प्रकोप सम्वन्धी विषय समावेश गरी अध्यापन गरिएको हुनेछ । |
| | | | जम्मा | ११८००.०० | |

### ५.६.१० जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## परिच्छेद ६

## वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेदमा वन तथा वातावरण संरक्षण, जैविक विविधता, भूसंरक्षण र जलाधार व्यवस्थापन, तथा विपद व्यवस्थापन जस्ता क्षेत्रको मध्यमकालीन खर्च संरचना समावेश गरिएको छ ।

## ६.१ वन विकास

### ६.१.१ पृष्ठभूमि

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने वन क्षेत्र हाम्रो महत्वपूर्ण प्राकृतिक सम्पदा हो । काठ, दाउरा, जडिबुटी, हरित उद्यम तथा पर्या-पर्यटन समृद्धिको आधार भएकोले यस्तो महत्वपूर्ण प्राकृतिक श्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता, पहूँच र न्यायोचित वितरण आजका आवश्यकता हुन् ।

पन्ध्रौ योजनाले **वन क्षेत्रको दीगो व्यवस्थापन र उद्यमशीलताबाट समृद्धि र सुखमा योगदान** भ न्ने सौंच सहित वन क्षेत्रको दीगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दीगो विकास कायम राख्ने लक्ष्य किटान गरेको छ । त्यसैगरी **रोजगारी र आय आर्जन हुने गरी वनको दीगो व्यवस्थापन** भन्ने सौंच र वन पैदावारहरुको समुचित प्रयोगबाट रोजगारी र आय आर्जनमा वृद्धि गर्ने लक्ष्य लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले लिएको छ । वन अत्यन्त महत्वपूर्ण प्राकृतिक श्रोत हो । आजसम्म पनि वनबाट उपलब्ध उर्जाले सम्पूर्ण खपत उर्जाको ७५% स्थान ओगटेको छ । कृषि, पशुपालन, सिँचाई र कैयन वनमा आधारित उद्योगहरुका लागि वनको विकास, संरक्षण र प्रवर्द्धन अपरिहार्य छ । वनको विकासमा उचित व्यवस्थापन गर्न सके पर्या-पर्यटनमा टेवा पुगी आय आर्जन गर्न सकिन्छ ।

नेपालले वन विकास र यसको संरक्षण र प्रवर्द्धनका लागि सन् २०१५ लाई आधार वर्ष मानेर सन् २०३० सम्म ३% जंगल क्षेत्र वृद्धि गर्ने प्रतिबद्धता गर्दै संयुक्त राष्ट्र संघ सामु हस्ताक्षर गरेको छ । वन क्षेत्रको उचित व्यवस्थापन र वितरण सम्बन्धी नीतिगत/कानूनी समस्याले गर्दा हाल नेपालमा मलेसिया, इन्डोनेसिया, वर्मा, भियतनाम, न्यूजीलैंड, डेनमार्क, अफ्रिका र अष्ट्रेलियाबाट अरबौंका काठहरु आयात भइरहेकोले राष्ट्रको धन विदेशिएको अवस्था छ ।

पूर्वखोला गाउँपालिकाको कूल भू-भागको ५०.०१ प्रतिशत जमिन वन क्षेत्रले ढाकिएको छ । ४४.०७ प्रतिशत जमिन खेतियोग्य रहेको छ । पोखरी, नदी, खोला क्षेत्र ०.४१ प्रतिशत, आवादी क्षेत्र ०.२० प्रतिशत, अन्य (झाडी, घासे मैदान र चट्टान क्षेत्र ५.३१ प्रतिशत रहेको छ । यस गाउँपालिकाको ६ वटा वडाहरुमा ३८ वटा सामुदायिक वन तथा बडा नं २ जल्पामा चुलिडाँडामा एक कबुलियति बन रहेको छ ।

### ६.१.२ अवसर तथा चुनौती

**अवसर**

- गाउँपालिका क्षेत्रमा हाल ३८ वटा सामुदायिक वन तथा एक कबुलियति बन रहेको ।
- गैरकाष्ट वन पैदावार जस्तो अमृसो, तेजपात, टिमुर, लप्सी खेती विकास र उद्यम विकास गर्न सकिने ।
- पर्यापर्यटन प्रवर्धन तथा होमस्टेहरुको प्रवर्द्धन गर्न सकिने ।।
- वनजन्य उत्पादनमा आधारीत उद्यम स्थापना गरी रोजगारी र आय आर्जन गर्न सकिने ।
- पत्करको व्यवस्थापनबाट कम्पोस्ट मल उत्पादन गर्न सकिने ।
- कवुलियति वन व्यवस्थापन मार्फत विपन्न वर्गको आय आर्जनमा बृद्धि गर्न सकिने ।
- वन विकासको माध्यमबाट बाढी, पहिरो, भू-क्षय रोकथाम गरी वातावरणलाई संरक्षण गर्न सकिने ।
- जडिबुटी खेति, प्रशोधन तथा बजारीकरण गर्न सकिने ।
- यस पालिकाको ५.३१ % क्षेत्र झाडी तथा घासे मैदान भएकोले उक्त भू-भागमा वृक्षारोपण गरी १५ औं योजनाले परिलक्षित गरे अनुसार रुखहरु हुर्काउन सकिने ।

**चुनौती**

- चोरी सिकारी, वन्यजन्य वस्तुको अवैध निकासी नियन्त्रण गर्ने ।
- वन्यजन्तुबाट हुने बालिनाली क्षतिको रोकथाम गर्ने ।
- डडेलो तथा आगलागी नियन्त्रण गर्ने ।
- महत्वपूर्ण जडिबुटीको पहिचान र संरक्षण गर्ने ।
- डोजरको अत्यधिक प्रयोगबाट वन क्षेत्रमा हुने क्षति नियन्त्रण गर्ने ।

**६.१.३ सोचः** **हरियो वन; पूर्वखोलाको धन**

**६.१.४लक्ष्यः** वन क्षेत्रको संरक्षण र प्रवर्द्धन गरी आय आर्जनको दीगो श्रोत बनाउने ।

**६.१.५उद्देश्यः** वन क्षेत्रलाई आय आर्जनको प्रमुख श्रोतको रुपमा विकास गर्ने ।

### ६.१.६ रणनीति तथा कार्यनीतिहरु

- सार्वजनिक खाली जग्गामा वृक्षारोपण गन
- वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने
  - प्रत्येक वडामा सार्वजनिक खाली जग्गा वृक्षारोपण गरी वन र हरियाली क्षेत्र विस्तार गरिनेछ ।

- सडक तथा कुलोको दायाँबायाा, खोला किनार, विद्यालय, स्वास्थ्य तथा अन्य सार्वजनिक स्थानमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।
- स्थानीय स्तरमा नर्सरी स्थापना व्यवस्थापन गरी खाली सार्वजनिक तथा निजी जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।
- वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशहरुको कार्यान्वयन गरी संरचना निर्माणमा वातावरणीय पक्षको सुनिश्चिता गरिनेछ ।
- वन, हरियाली र वनमा आधारित उद्यम प्रवर्द्धन र विकासका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित कार्यालयसँग समन्वय र सहकार्यमा अभिबृद्धि गरिनेछ ।

### ६.१.७ मध्यमकालीन नतिजा सूचक तथा लक्ष्य

वन विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| खुल्ला चउर, बुट्यान, नदी किनार र चरन क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने | हेक्टर | २० | २१ | २२ | २३ |
| सन्तुलित तथा दीगो विकासमा जनचेतना स्तर अभिवृद्धि | प्रतिशत | ५० | ५५ | ६० | ७० |
| सामुदायिक वन | संख्या | ३८ | ३८ | ३९ | ४० |
| वनमा आधारित स्थानीय फर्निचर उद्योग | संख्या | ६ | ७ | ८ | ९ |

### ६.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

वन बिकास उपक्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७.५: वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खर्च तथा स्रोत (रकम रु. हजारमा)

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु. हजारमा) | | | | खर्चको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १७५०.०० | ३५०.०० | १४००.०० | ० | | | | ० |
| २०८१/८२ | १२५०.०० | ३५०.०० | ९००.०० | ० | | | | ० |
| २०८३/८४ | २३५०.०० | ३५०.०० | २०००.०० | ० | | | | ० |

### ६.१.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

बन बिकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कुल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | आयोजना तथा कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जडिबुटी प्रवर्द्धन कार्यक्रम (सामुदायिक वनहरुमा) | जडिबुटी प्रवर्द्धन कार्यक्रम संचालन गर्ने । | सालबसाली | ७००.०० | जडिबुटी प्रवर्द्धन सम्वन्धी कार्यक्रम संचालन भएकोहुने । |
| २ | डढेलो नियन्त्रण सम्वन्धी जनचेतना कार्यक्रम | डढेलो नियन्त्रण सम्वन्धी जनचेतना अभिबृद्धि गर्ने । | सालबसाली | ६००.०० | डढेलो नियन्त्रण सम्वन्धी जनचेतना अभिबृद्धि भएको हुने |
| ३ | नर्सरी निर्माण कार्यक्रम | प्रत्येक वडामा एक एक नर्सरी स्थापना गर्ने । | सालबसाली | ३००.०० | पहिलो ३ बर्षमा ३ वटा नर्सरी स्थापना भएको हुनेछन् । |
| ४ | महत्वपूर्ण जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखीकरण कार्यक्रम । | पालिकामा पाइने जडिबुटीको अध्ययन, अनुसन्धान र अभिलेखीकरण गर्ने | आ.व २०८२/८३ | ५००.०० | जडिबुटी सम्वन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने कार्य सम्पन्न भएको हुनेछ । |
| ५ | सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास | सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास | सालबसाली | ४५०.०० | क्षमता विकास तालिम संचालन भई उपभौक्तम |

| | | | | | |
|---|---|---|---|---|---|
| | तालिम । | तालिम संचालन गर्ने । | | | समितिहरुको क्षमता अभिबृद्धि भएको हुनेछ । |
| ६ | निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम । | निजी जग्गामा समेत बृक्षारोपण गर्ने । | सालबसाली | ३००.०० | निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समुहलाई प्रोत्सीत गरिएको हुनेछ । |
| ७ | नाँगा डाँडा, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रम । | नाँगा डाँडा, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण गर्ने । | सालबसाली | ६००.०० | नाँगा डाँडा, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण भएको हुनेछ । |
| ८ | एक वडा एक रिचार्ज पोखरी निर्माण । | रिचार्ज पोखरी निर्माण गर्ने । | सालबसाली | ९००.०० | ३ वटा वडाहरुमा एक एक रिचार्ज पोखरी निर्माण भ्उका हुनेछन् । |
| ९ | वन क्षेत्रहरुमा आवश्यक फड्के निर्माण | पैदल यात्राको लागि सामुदायिक बनमा फड्के निर्माण गर्ने । | आ.व २०८०/८१ र २०८२/८३ | १०००.०० | दल यात्राको लागि सामुदायिक बनमा फड्के निर्माण भएका हुनेछन् । |
| | | | | **जम्मा** ५३५०.०० | |

### ६.१.१० जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, खहरे खोलाको जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।

## ६.२ वातावरण संरक्षण

### ६.३.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक संविधानमा व्यवस्थित रहेको छ । वातावरण संरक्षण गर्ने कार्य तीनै तहका सरकारको जिम्मेवारी भित्र पर्ने भएकोले यसको उचित व्यवस्थापन पनि प्राथमिकताका साथ गरिनु पर्दछ । वातावरण संरक्षणमा जनचेतना अभिवृद्धि, फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन गर्ने कार्यका लागि विशेष योजना सहित व्यापक जनपरिचालनको त्यतिकै आवश्यकता हुन्छ । वातावरण व्यवस्थापन बहु-आयामिक विषय भएकोले यसमा विभिन्न क्षेत्रको सहयोग र सहकार्य जरुरी हुन्छ । पन्ध्रौ योजनाले **सफा, स्वच्छ र हरित वातावरण** भन्ने सोँच र प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने लक्ष्य किटान गरेको छ ।

त्यसैगरी भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्ने प्रमुख उद्देश्य सहित हरियाली प्रवर्द्धन गर्ने, नदी तटको उचित व्यवस्थापन गर्ने, नाङ्गा डाँडाहरुमा वृक्षारोपण गर्ने, डढेलो नियन्त्रणका लागि अग्नी रेखा निर्माण गर्ने, चरन क्षेत्रको संरक्षण गर्ने जस्ता कार्यनीतिहरु लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनामा निर्दिष्ट गरिएका छन् ।

दीगो विकास लक्ष्य नं.६ ले सबै नागरिकलाई सफा र स्वच्छ पिउने पानी उपलब्ध गराउने र लक्ष्य नं.१५ ले वनको दीगो व्यवस्थापन गर्ने, मरुभूमिकरणको विरुद्ध संघर्ष गर्ने र जैविक विविधतामा हानी हुन नदिने विषयहरुलाई प्राथमिकीकरण गरेको छ ।

वातावरण संरक्षणको मूल आधार वन विकास हो । पानीको श्रोत वन हो । वनको संरक्षण गर्न नसक्दा भू-स्खलन हुने, पानीको मूलहरु सुक्ने, जैविक विविधतामा ह्रास हुने गर्दछ । वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन अन्योन्याश्रित छन् । फोहरमैलाको उचित व्यवस्थापनबाट प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सड्ने र नसड्ने फोहरलाई श्रोतमै वर्गीकरण गरी सड्ने फोहरलाई प्राङ्गारिक मलको रुपमा कृषि कार्यमा पुनःप्रयोग गर्न सकिन्छ भने नसड्ने फोहरलाई पुनचक्रीय विधिबाट पुनर्प्रयोग गर्न सकिन्छ । फोहरमैलाको उचित व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै व्यापक रुपमा जनपरिचालन गर्न अपरिहार्य छ । स्वच्छ, स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकलाई प्रत्याभूत गर्न साझा

प्रतिबद्धता, मानव वस्तीबाट निस्कने फोहरको उचित व्यवस्थापन, प्लाष्टिकजन्य फोहरको नियन्त्रण र व्यवस्थापन, प्रदुषण गर्नेबाट उचित दायित्व बहन जस्ता पक्षहरुमा ध्यान जान जरुरी छ ।

**सफा स्वच्छ वातावरण** भन्ने सोँच र फोहरमैला व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने भन्ने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

स्वच्छ, सफा वातावरण कायम गरी जनताको जीवन स्वस्थ बनाई सक्रीय, क्रियाशील र सिर्जनशील नागरिक तयार गर्न ग्रामीण क्षेत्र, साना बजार क्षेत्र र शहर उन्मुख क्षेत्रहरुमा पनि फोहरमैला व्यवस्थापन गर्न जरुरी छ । सङक्रामक महामारी हुन नदिन ठोस तथा तरल फोहरलाई व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

पूर्वखोला गाउँपालिकाको ५०.०१ प्रतिशत जमिन कृषि र आवादी क्षेत्रले ढाकेको छ भने बाँकी क्षेत्रमा वन, घाँसे मैदान, पोखरी, खोला नाला र नाङ्गा डाँडाहरु छन् । यस पालिकाको कूल जनसंख्या १६०५२ रहेको छ । गाउँपालिकामा रहेका ३८ वटा सामुदायिक वनहरु तथा एउटा कबुलियती बन गाउँवस्तीको नजिक रहेका र समुदायस्तरबाट नै यी वनहरुको संरक्षण गरिएकोले वर्तमान अवस्थामा वातावरण संरक्षणमा सकारात्मक प्रभाव देखिन्छ, तर गाउँवस्तीका बीच र डाँडा पखेराहरुबाट बनाइएका कच्ची बाटाहरु तथा बर्षेनी लाग्ने/लगाइने डढेलोको कारणले भू-क्षय तथा वायु प्रदुषण भै वातावरणमा निश्चित रुपमा असर परेको छ ।

वर्तमान अवस्थामा पूर्वखोला गाउँपालिकाको फोहरमैलाको प्रदुषण त्यति ठूलो चुनौतीको रुपमा त छैन, तैपनि घनावस्ती र स-साना बजार क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन तथा ढल निकासको व्यवस्थित विकास हुन सकेको छैन । बजार क्षेत्र तथा मनोरञ्जन क्षेत्र, विभिन्न मठ-मन्दिर तथा साँस्कृतिक स्थलहरुमा फ्याकिने सीशा र प्लास्टिकका बोतलहरु र अन्य थुप्रै प्लाष्टिकजन्य वस्तुहरुको व्यवस्थापन गर्न र नियमन गर्न सकिएको छैन । मेला लाग्ने स्थलहरु र मानिसको भेला हुने अन्य सार्वजनिक स्थानमा आवश्यकता अनुसार सार्वजनिक शौचालयहरु पनि व्यवस्थापन गर्न सकिएको छैन । बजार केन्द्रहरुको विस्तार र विभिन्न आर्थिक गतिविधिहरुको विस्तारबाट उत्सर्जन हुने फोहरमैलाको उचित व्यवस्थापनका लागि उपयुक्त स्थानमा लैण्डफिल्ड साइट तोकी व्यवस्थापन हुन आवश्यक छ । स्वस्थ, स्वच्छ वातावरण सहितको सभ्य, सुसंस्कृत पूर्वखोलाका जनताको परिचय दिन पनि वातावरण संरक्षण र फोहरमैलाको उचित व्यवस्थापन गरिनु पर्दछ ।

### ६.२.२ समस्या तथा चुनौति

**अवसर**

- ३८ वटा सामुदायिक वन क्षेत्रबाट हरियाली प्रवर्द्धन गरी वातावरण संरक्षणमा सघाउ पुगेको ।
- सबै सामुदायिक वन उपभोक्ता समितिहरु वन वातावरण संरक्षणमा परिचालित भइरहेको ।
- वन जंगल क्षेत्रमा डढेलो नियन्त्रण गर्ने संयन्त्र निर्माण गरी व्यवस्थापन गर्न सकिने ।
- नाङ्गा डाँडाहरु र सडक, बाटोको छेउँमा वृक्षारोपण गर्दा प्रदुषण कम भै स्वच्छ वातावरण कायम राख्न सकिने
- आयोजना सञ्चालन गर्नुपूर्व वातावरणीय प्रभावको मूल्यांकन गरी त्यसको प्रतिवेदन कार्यान्वयनबाट वातावरण सन्तुलनको दीगो व्यवस्थापन हुन सक्ने ।
- सड्ने खालका फोहरबाट अर्गानिक मल उत्पादन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाउन सकिने ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल बनाउन सकिने ।

**चुनौती**

- डोजर प्रयोग गरी अव्यवस्थित बाटो निर्माण गर्ने कार्यलाई व्यवस्थित गर्ने ।
- वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनमा जनचेतनाको विकास गर्ने ।
- प्लाष्टिकजन्य पदार्थको अत्याधिक प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।

**६.२.३ सोचः** **"पूर्वखोलाको सान; स्वच्छ, सफा तथा बातावरण मैत्री विकासको अभियान"**

**६.२.४ लक्ष्यः** पूर्वखोलावाासीको स्वच्छ, स्वास्थ र सुरक्षित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने

**६.२.५ उद्देश्य** वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने

### ६.२.६ रणनीति तथा कार्यनीतिहरु

- वातावरण संरक्षण मापदण्ड बमोजिम प्रदुषण न्यूनीकरण गरी स्वस्थ नागरिक मार्फत आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिणाम प्राप्त गर्ने ।
- दीगो रुपमा फोहरमैलाको व्यवस्थापनबाट स्वच्छ, सफा वातावरण निर्माण गर्ने ।

### ६.२.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| वातावरण संरक्षण सम्बन्धी कानून निर्माण | संख्या | ३ | ४ | ४ | ४ |
| पक्की शौचालय भएका घरघुरी | संख्या | ९२.८७ | ९४.०० | ९४.५ | ९५.०० |
| पक्की शौचालय भएका विद्यालय | संख्या | ३८ | ३८ | ३८ | ३८ |
| बालमैत्री शौचालय भएका बिद्यालयहरु | प्रतिशत | ५० | ६० | ७० | ८० |
| वडा तहमा फोहोर संकलन केन्द | संख्या | ० | ० | २ | ४ |
| बालमैत्री शौचालय भएका बिद्यालयहरु | प्रतिशत | ५० | ६० | ७० | ८० |

### ६.२.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **वातावरण संरक्षण** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६५०.०० | ६५०.०० | ०.०० | ० | | | | |
| २०८१/८२ | ८५०.०० | ६५०.०० | २००.०० | ० | | | | |
| २०८२/८३ | १३५०.०० | ११५०.०० | २००.०० | ० | | | | |

### ६.२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्लास्टिकजन्य वस्तुहरूको प्रयोग न्यूनीकरण कार्यक्रम | प्लास्टिकजन्य वस्तुहरूको प्रयोगमा न्युनिकरण गर्ने । | सालवसाली | ४५०.०० | प्लास्टिकजन्य वस्तुहरूको प्रयोगमा कम भएको हुनेर्छ । |
| २ | डढेलो नियन्त्रणका लागि जनशक्ति निर्माण कार्यक्रम | डढेलो नियन्त्रणका लागि जनशक्ति तयार गर्ने । | सालवसाली | ३००.०० | डढेलो नियन्त्रणका लागि जनशक्ति तयार भएको हुनेछ । |
| ३ | वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रम । | वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने । | सालवसाली | ६००.०० | वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रम संचालन भएका हुनेछन् । |
| ४ | फोहरमैला संकलन केन्द्र स्थापना र व्यवस्थापन कार्यक्रम । | वडा तहमा फोहरमैला संकलन केन्द्र स्थापना गर्ने | सालवसाली | ४००.०० | वडा तहमा फोहरमैला संकलन केन्द्र स्थापना भई संकलन कार्य सुरु भएको हुनेछ । |
| ५ | ल्याण्ड फिल्ड साइट अध्ययन | ल्याण्ड फिल्ड साइट अध्ययन गर्ने । | २०८२/८३ | ५००.०० | पालिका तहमा ल्याण्ड फिल्ड साइटको अध्ययन भएको हुनेछ |
| ६ | निरन्तर सरसफाई अभियान कार्यक्रम | निरन्तर सरसफाई अभियान संचालन गर्ने । | सालवसाली | ६००.०० | निरन्तर सरसफाई अभियान संचालन भएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | जम्मा | २८५०.०० | |

### ६.२.१० जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ जैबिक बिबिधता

### ६.३.१ पृष्ठभूमि

जैविक विविधताको दृष्टिले हाम्रो देश सम्पन्न छ। विभिन्न संरक्षित क्षेत्र, बिबिध महत्वका सीमसार क्षेत्र, सामुदायिक वन क्षेत्र र निजी खेतवारीमा रहेका लाखौ वन तथा कृषि वन क्षेत्रबाट जैविक विविधताको संरक्षण भैरहेको छ। पन्ध्रौ योजनाले जैविक विविधताको दीगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन तथा पर्या-पर्यटनको विकास गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदानको वृद्धि गर्ने लक्ष्य राखेको छ भने लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले जैविक विविधताको दीगो व्यवस्थापन गरी पर्या-पर्यटन प्रवर्द्धन गर्ने र जैविक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने कार्यनीति लिएको देखिन्छ।

पूर्वखोला गाउँपालिकाको वडा नं ३ मा रहेको सपाह क्षेत्र जैविक विविधता युक्त क्षेत्रको रुपमा रहेको छ। यस गाउँपालिकाको आधाभन्दा धेरै क्षेत्रमा वनक्षेत्रले ढाकेको र यहां विविध प्रजातीका जनावर, चराचुरुङ्गी तथा वनस्पतीहरु पाइने हुनाले यो पालिका जैविक विविधतामा धनी छ। यहाँ मृग, चितुवा, स्याल, वदेल, लंगुर, बाँदर, स्याल, खरायो, दुम्सी आदि जस्ता जंगली जनावरहरुका साथै धेरै प्रजातीका चराचुरुङ्गीहरु पाइन्छन्। वनस्पती तथा औषधीजन्य जडिबुटी तर्फसल्लो, अल्लो, पाखनवेत, हडचुर, खिरम्ला, लालीगुराँस, टिमुर, बिभिन्न प्रकारका च्याउहरु जस्ता महत्वपूर्ण वनस्पति र जडिबुटीहरु यहाँ उपलब्ध छन्।

### ६.३.२ अवसर तथा चुनौति

**अवसर**

- पूर्वखोलाको सामुदायिक वन क्षेत्र तथा यही क्षेत्रसँग सामिप्यता राख्ने विभिन्न सामुदायिक वनहरुमा वन्यजन्तु र चराचुरुङ्गीहरु, विभिन्न प्रजातीका वन वनस्पती एवं औषधीजन्य जडिबुटीको संरक्षण र प्रवर्द्धन गरी लाभ प्राप्त गर्न सकिने।
- जैविक विविधताको संरक्षणबाट वातावरण संरक्षण तथा आय आर्जनमा सहयोग पुग्ने।
- पर्या-पर्यटनलाई प्रवर्द्धन गरी आयआर्जन गर्न सकिने।

**चुनौती**

- अवैध चोरी सिकारी र वन्यजन्य वस्तु तथा जडिबुटीहरुको अवैध निकासी रोक्ने।
- जलाधार क्षेत्रको योजनाबद्ध संरक्षण र प्रवर्द्धन गर्ने।
- सुक्दै गरेका मूलहरुको पुर्नस्थापना गर्ने।
- वन्यजन्तुबाट हुने बालीनालीको नोक्सानी नियन्त्रण तथा वन्यजन्तुहरु उपर मानवीय पक्षबाट हुने हानी नोक्सानी नियन्त्रण गर्ने।

**६.३.३ सोचः** **वातावरण सन्तुलनका लागि जैविक विविधताको संरक्षण तथा संवर्द्धन।**

**६.३.४ लक्ष्यः** जैविक विविधिताको संरक्षण गरी वातावरण सन्तुलन कायम गर्ने।

**६.३.५ उद्देश्य** जैविक विविधताको संरक्षण र प्रवर्द्धनबाट पूर्वखोलावासीहरुलाई समुचित लाभ पुर्‍याउने। **६.२.६ ६.३.६ रणनीति तथा कार्यनीतिहरु**

- वन क्षेत्रहरुलाई विभिन्न वनस्पति, जडिबुटी, विभिन्न प्रजातीका चराचुरुङ्गी तथा वन्यजन्तुको सुरक्षित आश्रय स्थल बनाउने र संरक्षण गर्ने। जैविक विविधता झल्काउने वनस्पती उद्यानको निर्माण गरिनेछ।

- विभिन्न सामुदायिक वनहरुमा पोखरीहरु निर्माण गरी पशुपंक्षीमैत्री तथा हरियाली वन प्रवर्द्धन गरिनेछ ।
- जैविक विविधताको संरक्षण गर्न जनचेतना अभिवृद्धि गरिनेछ ।
- जैविक विविधताको संरक्षण गर्न नीति, कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
- कृषिबाली तथा घरपालुवा जनावरहरुको बीमाको लागि प्रोत्साहन गरिनेछ ।

### ६.३.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| जैविक विविधता सम्बन्धी स्थानीय नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| पोखरी, जलाशयको निर्माण तथा संरक्षण | संख्या | १० | १२ | १३ | १४ |
| वन्यजन्तु, चराचुरुङ्गी र जडिबुटीको तथ्यांक संकलन र अभिलेखीकरण | संख्या | ० | ० | ० | १ |
| वनमा आधारित स्थानीय फर्निचर उद्योग | संख्या | ६ | ७ | ८ | ९ |
| इकोलोजिकल कार्ययोजना निर्माण र कार्यान्वयन | संख्या | ० | ० | ० | १ |

### ६.३.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **जैबिक बिबिधता** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६००.०० | १००.०० | ५००.०० | ० | | | | ० |
| २०८१/८२ | १३००.०० | ३००.०० | १०००.०० | ० | | | | ० |
| २०८२/८३ | १३००.०० | २००.०० | ११००.०० | ० | | | | ० |

### ६.३.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | *विद्यमान पोखरी तथा मूल संरक्षण कार्यक्रम* | *पानीका मुलहरुको संरक्षण गर्ने ।* | *सालवसाली* | *१६००.००* | पानीका मुलहरुको संरक्षण भएको हुनेछ । |
| २ | *जैविक विविधता संरक्षण सम्वन्धी कार्यविधि निर्माण* | *कार्यविधि निर्माण गर्ने ।* | *२०८१/८२* | *२००.००* | जैविक विविधता संरक्षण सम्वन्धी कार्यविधि निर्माण भएको हुनेछ । |
| ३ | *जैविक विविधता झल्काउने वनस्पति उद्यान निर्माण कार्यक्रम,* | *जैविक विविधता झल्काउने वनस्पति उद्यान निर्माण गर्ने ।* | *सालबसाली* | *१०००.००* | जैविक विविधता झल्काउने वनस्पति उद्यान निर्माण भएका हुनेछन् । |
| ४ | *जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि जनचेतना कार्यक्रम ।* | *जैविक विविधता संरक्षण र प्रवर्द्धन सम्वन्धी जनचेतना कार्यक्रम गर्ने ।* | *सालबसाली* | *४००.००* | जैविक विविधता संरक्षण र प्रवर्द्धन सम्वन्धी जनचेतना कार्यक्रम संचालन भएका हुनेछन् । |
| | | | जम्मा | ३२००.०० | |

### ६.३.१० जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.४ पार्क तथा खुल्ला क्षेत्र

### ६.४.१ पृष्ठभूमि

पोखरी, चौतारी, खुला चउर, पार्क तथा पिकनीक स्थल बालबालिका, युवा तथा जेष्ठ नागरिकका लागि खाली समय व्यतित गर्ने, मनोरञ्जन गर्ने सामाजिक मिलन केन्द्रहरु हुन् । पार्क तथा यस्ता खुला क्षेत्रहरु आकर्षक बनाउन सके वातावरण सन्तुलनमा सघाउ पुग्नुका साथै पर्यटकहरुको मनोरञ्जन गर्ने स्थल भई उनीहरुको यस तर्फ आकर्षण हुन सक्दछ । यसको अतिरिक्त प्राकृतिक प्रकोपको बेला यस्ता क्षेत्रहरु तत्कालका लागि मानवीय आश्रय स्थलको रुपमा प्रयोगमा ल्याइने सकिने हुँदा योजनामा यस्ता क्षेत्रको महत्व हुनु स्वभाविकै हो ।

यस गाउँपालिकाको कूल भू-भागको ५.३१ % घासे मैदान तथा बुट्यान क्षेत्र रहेकोले उक्त क्षेत्रको उपयुक्त स्थानमा पोखरी, चौतारी, पार्क र पिकनिक स्थलहरु निर्माण गर्दा बालबालिका, युवा, जेष्ठ नागरिक र पर्यटकहरुका लागि यस्ता स्थानहरु मनोरञ्जनका केन्द्र हुन सक्दछन् । यसका साथै यस्ता पार्कहरु र खुला क्षेत्र प्रकोपको बेला मानवीय क्षति हुनबाट बचाउने आश्रय स्थलमा प्रयोग हुनुका साथै वातावरण सन्तुलनमा समेत कामयावी हुन सक्दछन् ।

### ६.४.२ अवसर तथा चुनौति

**अवसर**

- खाली चउर/भू-भागमा पार्क तथा मनोरञ्जन क्षेत्र/केन्द्र निर्माण गर्न सकिने ।
- विपद्को समयमा आश्रय स्थल बनाउन सकिने ।
- पर्यटन प्रवर्द्धन गर्न सकिने ।

**चुनौती**

- खुल्ला क्षेत्र अतिक्रमणलाई नियन्त्रण गर्ने ।
- व्यवस्थित पार्क निर्माणका लागि आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

**६.४.३ सोचः** आकर्षक पार्क; मनोरञ्जन तथा पर्यटनको पूर्वाधार ।

**६.४.४ लक्ष्यः** सुन्दर पार्क तथा खुला मैदानको व्यवस्थापनबाट मनोरम वातावरण कायम गर्ने ।

**६.४.५ उद्देश्य** पूर्वखोलालाई वातावरण मैत्री मनोरम केन्द्रको रुपमा विकास गर्ने ।

### ६.४.६ रणनीति तथा कार्यनीतिहरु

- पार्क तथा खुला क्षेत्रको निर्माण तथा व्यवस्थापन गरी वस्तीलाई मनोरम बनाउने र आपत्कालीन अवस्थामा आश्रय केन्द्रको रुपमा स्थापित गर्ने ॥
    - प्रत्येक वडामा कम्तिमा एक वडा एक पार्क निर्माणको नीति लिइनेछ ।
    - हाल संचालनमा रहेका पिकनिक स्थलहरुको उचित व्यवस्थापन तथा थप पिकनिक स्थलहरुको छनौट गरी निर्माण तथा व्यवस्थापन गरिनेछ ।
    - सुन्दर पार्क र पिकनिक स्थलहरुमा फोहर तथा प्रदुषण हुन नदिन युवा क्लब तथा आमा समूहहरु परिचालन गरिनेछ ।
    - प्राकृतिक प्रकोपको बेला मानवीय क्षति कम गराउन र तत्काल उद्धारको लागि खुला चउर व्यवस्थित गरी उपयोगमा ल्याइने छ ।
    - खुला क्षेत्रको संरक्षण गर्न जग्गा संरक्षण नीति/कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
    - पुराना चौतारीहरुको संरक्षण गर्दै नयाँ चौतारी निर्माण गरी सीतल छहारी दिने वर, पिपल र स्वामी जस्ता वृक्षहरु रोपण गर्न सामुदायिक संघ संस्थाहरु परिचालन गरिनेछ ।

### ६.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **जैबिक बिबिधता** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १६००.०० | ००.०० | १६००.०० | ० | | | | ० |
| २०८१/८२ | १६००.०० | ००.०० | १६००.०० | ० | | | | ० |
| २०८२/८३ | १५००.०० | ००.०० | १५००.०० | ० | | | | ० |

### ६.४.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक वडा एक पार्क निर्माण कार्यक्रम | एक वडा एक पार्क निर्माण गर्ने । | सालबसाली | १५००.०० | एक वडामा कम्तीमा एक पार्क निर्माण भएको हुने । |
| २ | मन्दिर परिसरमा आकर्षक उद्धान निर्माण | मन्दिर परिसरमा उद्धान निर्माण गर्ने । | सालबसाली | ९००.०० | मन्दिर परिसरमा आकर्षक उद्धान निर्माण भइका हुने । |
| ३ | संचालनमा रहेका पार्क तथा पिकनिक स्थलहरुको व्यवस्थापन | संचालनमा रहेका पार्क तथा पिकनिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने | सालबसाली | १२००.०० | संचालनमा रहेका पार्क तथा पिकनिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन भएको हुने । |
| ४ | खुला चउर व्यवस्थापन कार्यक्रम । | खुला चउरहरुको आवश्यकता अनुसार व्यवस्थापन गर्ने । | सालबसाली | ५००.०० | खुला चउरहरुको आवश्यकता अनुसार व्यवस्थापन भएका हुनेछन् । |
| ५ | पुराना चौतारीहरुको संरक्षण तथा स्तरोन्नती कार्यक्रम । | पुराना चौतारीहरुको संरक्षण गर्ने । | सालबसाली | ६००.०० | पुराना चौतारीहरुको संरक्षण तथा स्तरोन्नती भएको हुनेछ । |
| | | | जम्मा | ४७००.०० | |

### ६.४.१० जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.५ सीमसार तथा जलाधार क्षेत्र

### ६.५.१ पृष्ठभूमि

जैविक विविधता कायम गर्न र वातावरण सन्तुलित बनाउन सीमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्नुपर्दछ । हाम्रो देशमा सीमसार संरक्षण, नदी किनार संरक्षण, क्षतिग्रस्त भूमिको पुनर्स्थापन, पानीको मुहान संरक्षण जस्ता कार्यहरु मार्फत जलाधार व्यवस्थापनमा टेवा पुगिरहेको अवस्था छ । यस क्षेत्रको संरक्षण र प्रवर्द्धनबाट वातावरण सन्तुलनका साथै पर्या-पर्यटनमा समेत टेवा पुग्दछ । पूर्वखोला गाउँपालिकाको हावा पानीको विविधताले यहाँ पानीका श्रोतहरु प्रयाप्त रहेका छन् । यिनै श्रोतहरुबाट यस गाउँपालिकाका स्थानीय जनतालाई पिउने पानी, पशुपालन र सिंचाईको सुविधा उपलब्ध भएको छ । त्यसैले यहाँका सीमसार तथा जलाधार क्षेत्रको उचित संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

पूर्वखोला गाउँपालिकामा रहेका जलाधार क्षेत्रहरुमा पूर्वखोला जलाधार क्षेत्र, हात्तिलेकको काखमा रहेको सपाहा खोला, यसैगरी मस्याडी खोला, मंगला खोला, मन्टुसा खोला, गरंगा खोला, वाङ्दी खोला जस्ता बिभिन्न जलाधार क्षेत्रहरुवाट वगेर आउने गर्दछन् । यस गाउँपालिकामा संरक्षित जलाधार क्षेत्र वडा नं १ मा रहेको लोस्दी खोला जलाधार क्षेत्र हो । पूर्वखोला गाउँपालिका र संधीय तथा प्रदेश कार्यालयहरु सहकार्यमा पूर्वखोला जलाधार, निस्दी जलाधार क्षेत्र संगै अन्य जलाधार

क्षेत्रमा संरक्षणका कामहरु भएका छन् । पालिका भित्र भएका खानेपानीका मुहान, कुवाहरु संरक्षण गर्न र मुहान संरक्षणको लागि घेरवार गर्ने विरुवा रोप्न कार्यहरु संचालनमा रहेता पनि पर्याप्त भने छैन ।

### ६.५.२ अवसर तथा चुनौति

**अवसर**

- उल्लेख्य मात्रामा वनजंगल हुँदा सीमसार/जलाधार क्षेत्रलाई टेवा पुगेको
- सीमसार तथा पोखरीको संरक्षणबाट थुप्रै प्रजातीका जीवजन्तुको बसाइसराई र लुप्तता रोक्न सकिने ।
- पानीका मूल फुटाउन सहयोग पुऱ्याउने प्रजातीका रुखहरु रोपी मूललाई प्रवर्द्धन गर्न सकिने ।
- पर्यावरणीय सन्तुनल कायम गर्न सकिने ।

**चुनौती**

- सडक निर्माणबाट जलाधार क्षेत्र/सीमसार क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्ने ।
- जलवायु परिवर्तनमा अनुकूलन कायम गर्ने ।
- सीमसार/जलाधार क्षेत्रका सार्वजनिक क्षेत्र अतिक्रमबाट जोगाउने ।

### ६.५.३ सोचः संरक्षित मूल, सीमसार तथा जलाधार; जलवायु अनुकूलनको आधार ।

**६.५.४ लक्ष्यः** सीमसार तथा जलाधार क्षेत्रको दीगो रुपमा संरक्षण गरी वातावरण सन्तुलन कायम गर्ने ।

**६.५.५ उद्देश्य** सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको दीगो रुपमा प्रवर्द्धन गर्ने ।

### ६.५.६ रणनीति तथा कार्यनीतिहरु

- वातावरणमैत्री सीमसार र जलाधार क्षेत्र संरक्षण गरी पारिस्थितिक प्रणाली ९भअय(कथकतझ० मा सन्तुलन कायम गर्दै यस्ता श्रोतको समुचित उपयोग गर्ने ।
    - जलाधार र सीमसार क्षेत्र संरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
    - विद्यमान जलाधार तथा सीमसार क्षेत्रमा पानीका मूल संरक्षण गर्न वृक्षारोपण गरिनेछ ।
    - विकास निर्माणको काम गर्दा वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
    - भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी भौतिक विकास र संरचना निर्माणको कार्य संचालन गरिनेछ ।
    - सडक तथा कुलोको दायाँबायाँ, खोला किनारमा बायोइञ्जिनियरिङ्ग प्रविधि प्रवर्द्धन गरी सडक, पुल, कुलो र बाँधको दिगो संरक्षणको व्यवस्था गरिनेछ ।
    - भूसंरक्षण, हरियाली तथा जलश्रोत व्यवस्थापन बारे समुदायमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
    - विभिन्न वनहरुमा आफ्नो वासस्थान बनाएका विभिन्न प्रजातीका जीवजन्तु र चराचुरुङ्गीहरुलाई प्रयाप्त पानी पुग्ने गरी पोखरीहरु निर्माण गरिनेछ ।
    - सीमसार तथा जलाधार क्षेत्रको संरक्षणमा सामुदायिक वन तथा संघ संस्थाहरु परिचालन गरिनेछ ।

### ६.५.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| जैविक विविधता सम्बन्धी स्थानीय नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| पोखरी, जलाशयको निर्माण तथा संरक्षण | संख्या | १० | १२ | १३ | १४ |
| वन्यजन्तु, चराचुरुङ्गी र जडिबुटीको तथ्यांक संकलन र अभिलेखीकरण | संख्या | ० | ० | ० | १ |
| वनमा आधारित स्थानीय फर्निचर उद्योग | संख्या | ६ | ७ | ८ | ९ |

### ६.५.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सीमसार तथा जलाधार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४००.०० | ०.०० | ४००.०० | ० | | | | ० |
| २०८१/८२ | ४००.०० | ०.०० | ४००.०० | ० | | | | ० |
| २०८२/८३ | ४००.०० | ०.०० | ४००.०० | ० | | | | ० |

### ६.५.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलाधार/सीमसार क्षेत्र संरक्षण कार्यक्रम | जलाधार/सीमसार क्षेत्रहरुको संरक्षण गर्ने । | सालवसाली | ९००.०० | जलाधार/सीमसार क्षेत्रहरुको संरक्षण भएको हुनेछ । |
| २ | पानीका मूल भएको स्थानमा वृक्षारोपण-सबै वडा | पानीका मूल भएको स्थानमा वृक्षारोपण गर्ने । | सालबसाली | ३००.०० | पानीका मूल भएको स्थानमा वृक्षारोपण भएका हुनेछ । |
| | | | जम्मा | १२००.०० | |

### ६.५.१० जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.६ जलवायु परिवर्तन तथा अनुकूलन रणनीति

### ६.६.१ पृष्ठभूमि

जलवायु परिवर्तन विश्वव्यापी रुपमा देखा परेको एउटा गम्भीर समस्या हो । जलवायु परिवर्तन नीति, २०६७ कार्यान्वयनका लागि राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ र स्थानीय अनुकूलन योजना २०६८ अनुरुप स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । विभिन्न सरोकारवाला बीच प्रभावकारी समन्वयबाट मात्र जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न सकिने भएकाले अनुकूलनका कार्यक्रम तर्जुमा र कार्यान्वयन आजको आवश्यकता हो । वन अतिक्रमण गरी काठको चोरी निकासी, चुरे बन विनास, जैविक विविधताको विनास, प्राकृतिक प्रकोप, वजारीकरण, औद्योगीकरण तथा जलाधार क्षेत्रको संरक्षण नहुनाले जलवायु परिर्वतन र अनुकूलनमा प्रभाव पारी अतिवृष्टि, अनावृष्टि हुने, तापक्रम बढ्ने, मौसम परिवर्तन हुने, हावापानी प्राणी र वनस्पतीको जीवनमैत्री नहुने हुन्छ । हावापानी अनुकूलन नभए प्राणी, वनस्पती, कृषि उत्पादनलाई असर गर्छ ।

पूर्वखोला गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव स्पष्ट रुपमा देखा नपरे पनि यसका केही संकेतहरु देखा पर्न थालेका छन् । तापक्रम र वर्षामा आएको भिन्नता, नयाँ-नयाँ किटाणुहरुको उत्पत्ति, लामखुट्टेको उत्पत्ति, पानीका श्रोतहरुमा कमि, रैथाने जातको विउहरुबाट खेती नहुनु आदि जलवायु परिवर्तनका सूचकहरु हुन् । यसैगरी वर्षाको नियमितता नहुनु, विरुवाका फूलहरु वेसिजनमा फूल्नु लगायतका लक्षण देखिनु पक्कै पनि मौसम परिवर्तनको लक्षण हो । जलवायु परिवर्तनका यी सूचकहरुले कृषि, वन, वन्यजन्तु तथा चराचुरुङ्गी, मानव वस्ती तथा अन्य क्षेत्रमा पारेको प्रभाव वारे अध्ययन, अनुसन्धान गरी जलवायु अनुकूलन रणनीतिलाई कार्यान्वयन गर्न जरुरी छ ।

### ६.६.२ अवसर तथा चुनौति

- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरी जैविक विविधता तथा जलाधार क्षेत्रलाई प्रवर्द्धन गर्न सकिने ।
- जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्न सकिने ।

**चुनौती**

- जलवायु परिवर्तनबाट प्राणी, वनस्पती र मानव जातिलाई पर्ने असरका बारेमा अध्ययन गरी वास्तविक स्थिति उजागर गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी तथ्यांक एवं अवस्थाको विश्लेषण गरी अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**६.६.३ सोचः जलवायु अनुकूलन; स्वच्छ वातावरणमा दीगो विकास व्यवस्थापन ।**

**६.६.४ लक्ष्यः** दीगो र वातावरणमैत्री विकासद्धारा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकूलन बनाउने ।

**६.६.५ उद्देश्य** जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न हरियाली प्रवर्द्धन सहित जैविक विविधताको संरक्षणबाट अनुकूलनमा टेवा पुऱ्याउने ।

**६.६.६ रणनीति तथा कार्यनीतिहरु**

- जलवायु परिवर्तनमा अनुकूलनता प्रवर्द्धन गरी वातावरणमैत्री पालिका बनाउने ।
  - जलवायु अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ
  - जलवायु प्रतिकूलताबाट श्रृजित प्रकोप व्यवस्थापन गर्न पूर्व तयारी र सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
  - जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण गरी भू-मण्डलीय तापक्रमको प्रभाव न्यूनीकरणमा सहयोग गरिनेछ ।
  - जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी तथ्यांक संकलन गरी कृषि, वन तथा वन्यजन्तु र मानव वस्तीमा परेको प्रभाव सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।
  - जैविक विविधता, जलाधार क्षेत्र, पानीका मूल र सीमसार क्षेत्रको संरक्षण गरिनेछ ।
  - जलवायु अनुकूलन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**६.६.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| जैविक विविधता सम्बन्धी स्थानीय नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| पोखरी, जलाशयको निर्माण तथा संरक्षण | संख्या | १० | १२ | १३ | १४ |
| वन्यजन्तु, चराचुरुङ्गी र जडिबुटीको तथ्यांक संकलन र अभिलेखीकरण | संख्या | ० | ० | ० | १ |
| वनमा आधारित स्थानीय फर्निचर उद्योग | संख्या | ६ | ७ | ८ | ९ |

**६.६.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलवायु परिवर्तन तथा अनुकूलन रणनीति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६००.०० | ३००.०० | ३००.०० | ० | | | | |
| २०८१/८२ | ४००.०० | १००.०० | ३००.०० | ० | | | | |
| २०८२/८३ | ४००.०० | १००.०० | ३००.०० | ० | | | | |

**६.६.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम | जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने | सालवसाली | ३००.०० | जलाधार/सीमसार क्षेत्रहरुको संरक्षण भएको हुनेछ । |
| २ | जलवायु अनुकूलन हुने गरी पूर्वाधार निर्माण मापदण्ड तर्जुमा । | जलवायु अनुकूलन हुने गरी पूर्वाधार निर्माण मापदण्ड तर्जुमा गर्ने । | २०८०/८१ | २००.०० | जलवायु अनुकूलन हुने गरी पूर्वाधार निर्माण मापदण्ड तर्जुमा भएको हुनेछ । |
| ३ | जलाधार क्षेत्र संरक्षण कार्यक्रम | जलाधार क्षेत्रको संरक्षण गर्ने। | सालबसाली | ९००.०० | जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन भएको हुनेछ । |
| | | | | **जम्मा** | १४००.०० | |

### ६.६.१० जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.७ बिपद व्यवस्थापन

### ६.७.१ पृष्ठभूमि

कमजोर भू-बनौट तथा भू-धरातल, मौसमी विषमता तथा जलवायु परिवर्तन, अव्यवस्थित पूर्वाधार विकास एवं निर्माण, पटक पटक दोहरिने बहु-प्रकोपका घटनाहरु जस्ता प्राकृतिक एवं गैर प्राकृतिक विपद्बाट नेपाल अत्यधिक जोखिम अवस्थामा छ । भूकम्पीय जोखिमको दृष्टिले ११ औं तथा बाढी पहिरोमा ३० औं अति जोखिम मुलुकको रुपमा हाम्रो देश रहेको अवस्थाले हामी संवेदनशील क्षेत्रमा छौ भन्ने आंकलन हुन्छ ।

दीगो पूर्वाधार विकास, व्यवस्थित शहरीकरण र सुरक्षित आवास, प्राकृतिक श्रोत साधनको समुचित व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण गर्ने उद्देश्यले समेत नेपाल सरकारले भू-उपयोग नीति-२०७२ जारी गरेको छ । सो अनुसार प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई विभिन्न क्षेत्रमा वर्गिकरण गरी सो अनुसारको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसैअनुसार पूर्वखोला गाउँपालिकाको भू-बर्गिकरण सम्वन्धी कार्य करिव अन्तिम चरणमा पुगेको छ ।

घर गोठ भत्किने, वनजंगलमा डढेलो लाग्ने, घर गोठमा आगलागि हुने, सडक दुर्घटना, पहिरो, भूकम्प, चट्याङ, महामारी जस्ता घटनाहरुबाट पूर्वखोलाका प्रमुख विपदका घटनाहरु हुन् । यसको लागि विपद् व्यवस्थापन योजना तर्जुमा गरी विपद् प्रतिकार्य तर्फ योजनाबद्ध ढङ्गले लाग्नु पर्ने हुन्छ। विपद्को समयमा तत्काल मानवीय उद्धारका लागि केही सुरक्षित स्थानको जरुरी हुन्छ । यस्ता स्थानमा विपद् पीडित व्यक्तिहरुलाई तत्कालै स्थानान्तरण गरी जीवन बचाउन विशेष प्रथमिकता दिनुपर्दछ। यही पृष्ठभूमिमा विपद् व्यवस्थापन सम्बन्धी सोँच, लक्ष्य, उद्देश्य सहित विभिन्न कार्यक्रमहरु सिफारिश गरिएको छ ।

### ६.७.२ अवसर तथा चूनौति

**अवसर**

- विपद् व्यवस्थापनमा सबै पक्षको सक्रीय सहभागिताको उपयोग गर्न सकिने ।
- विपद् व्यवस्थापन योजना तथा प्रतिकार्य योजना कार्यान्वयन गरी विपद् न्यूनीकरण गर्न सकिने ।
- आपतकालीन समयमा पीडित पक्षलाई सहयोग गर्ने संस्कृति विद्यमान रहेको ।

**चुनौती**

- एम्बुलेन्स, विपद् सूचना केन्द्र, विपद् पूर्व सूचना प्रणाली सम्बन्धी यन्त्र/साधनहरुको व्यवस्थापन गर्ने ।
- मानव सिर्जित कारणबाट हुने विपद्का घटनालाई व्यवस्थापन गर्ने ।
- भिरालो पाखामा रहेका वस्तीहरुमा हुन सक्ने विपद्मा तत्काल उद्धार कार्यमा आउने चुनौती ।
- भूकम्प, चट्याङ जस्ता विपद्का घटना घट्दा अपनाउनुपर्ने सर्तकता बारे जनचेतना अभिवृद्धि गर्ने ।

**६.७.३ दीर्घकालीन सोँच :-** विपद् व्यवस्थापनमा पालिकाको प्रतिबद्धता; यसैमा रहनेछ पूर्वखोलाबासीको सहभागिता ।

**६.७.४ लक्ष्य :-** विभिन्न विपद्जन्य घटनाबाट हुने क्षतिहरुको न्यूनीकरण गर्ने ।

**६.७.५ उद्देश्य :-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढीकरण गर्ने ।

**६.७.६ रणनीतिहरु:**

- विपद् जोखिम तथा क्षति न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने ।
- अति जोखिमयुक्त प्रकोपहरुलाई न्यूनीकरण गर्न समन्वयात्मक रुपमा साधन श्रोतको परिचालन गर्ने ।

**६.७.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| वडा स्तरमा विपद् व्यवस्थापन कोषको स्थापना | संख्या | ० | २ | ४ | ६ |
| वन्यजन्तुबाट बालीनाली क्षति | हेक्टर | १०० | ९० | ८० | ७० |
| विपद् व्यवस्थापन समिति | संख्या | १ | १ | १ | १ |
| विपद् व्यवस्थापन योजना तर्जुमा | संख्या | ० | १ | १ | १ |
| वडागत विपद् प्रतिकार्य योजना | संख्या | ० | ६ | ६ | ६ |
| खोला/ठाडा खोलामा तटबन्ध निर्माण | कि.मी. | १ | १.४ | १.७ | २ |
| सम्भावित विपद् क्षेत्र नक्सांकन | पटक | ० | १ | १ | १ |

**६.७.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४००.०० | ३००.०० | ११००.०० | ० | | | | |
| २०८१/८२ | १०००.०० | ३००.०० | ७००.०० | ० | | | | |
| २०८३/८४ | १३००.०० | ६००.०० | ७००.०० | ० | | | | |

**६.७.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन योजना अध्यावधिक | विपद् व्यवस्थापन योजना अध्यावधिक गर्ने । | २०८३/८४ | ३००.०० | विपद् व्यवस्थापन योजना अध्यावधिक भएको हुनेछ । |
| २ | पालिका तथा वडामा विपद् व्यवस्थापन कोषको स्थापना | व्यवस्थापन कोषको स्थापना भई रकमको सुनिश्चितता गर्ने । | सालवसाली | १२००.०० | व्यवस्थापन कोषको स्थापना भई रकमको सुनिश्चितता भएको हुनेछ । |
| ३ | तालिमयुक्त जनशक्ति तयारी र जनचेतना कार्यक्रम | तालिमयुक्त जनशक्ति तयार गर्ने । | सालवसाली | ६००.०० | तालिमयुक्त जनशक्ति तयारी र जनचेतना कार्यक्रम संचालन भएका हुनेछन् । |
| ४ | आपतकालिन सेवा केन्द्रको स्थापना तथा परिचालन | आपतकालिन सेवा केन्द्रको स्थापना गर्ने । | सालवसाली | ७००.०० | आपतकालिन सेवा केन्द्रको स्थापना भई परिचालन भएको हुनेछ । |
| ५ | बिपदको समयमा उद्धारका लागि हेलिप्याड निर्माण | वडाहरुमा हेलीप्याड निर्माण गर्ने । | सालवसाली | ६००.०० | वडाहरुमा बिपदको समयमा उद्धारका लागि हेलिप्याड निर्माण भएका हुनेछन् । |
| ६ | विपद सम्वन्धी जनचेतना कार्यक्रम | विपद सम्वन्धी जनचेतना कार्यक्रम संचालन गर्ने । | सालवसाली | ३००.०० | विपद सम्वन्धी जनचेतना कार्यक्रम संचालन भएका हुनेछन् । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | जम्मा | ३७००.०० | |

### ६.७.१० जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ।

# परिच्छेद ७
# संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

यस विषय क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ संस्थागत बिकास
### ७.१.१ पृष्ठभूमि
नेपालको संविधानमा राज्यका नीति अर्न्तगत सार्बजनिक शासनलाई स्वच्छ, सक्षम, निंपक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभगितामूलक बनाउंदै राज्यबाट प्रदान गरिने सेवा सुबिधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सशासनको प्रत्याभुति गर्ने कुरा उल्लेख छ ।

परिणाममुखी र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन भन्ने सोँच सहित जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवा प्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजामूलक बनाउने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ । लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजनाले जनताले वस्तविक रुपमै अनुभूत गर्ने गरी भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति र सदाचारयुक्त समाजको निर्माण भन्ने सोँच लिएको छ भने सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित गर्ने लक्ष्य रहेको छ । त्यसैगरी सरकारी सेवालाई जवाफदेही, जन-उत्तरदायी र पारदर्शी बनाई विधिको शासन र सुशासन कायम गर्ने उद्देश्य पनि योजनामा रहेको छ ।

गाउँपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरीयताको प्रतिबिम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ । यसका साथै कार्य सम्पादनको लागि आवश्यक बिभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधी, योजना आदिको व्यवस्था हुनु जरुरी छ । पूर्वखोला गाउँपालिकाले हाल सम्म एकल अधिकार  क्षेत्र भित्रका ३८ वटा ऐन, नियम, निर्देशिका, कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याई सकेको छ । पूर्वखोला गाउँपालिकाले नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम बिभिन्न समितिहरु गठन गरी परिचालन गरेको अवस्था छ ।

पारदर्शीता, जवाफदेहिता एवं जनउत्तरदायी सरकार सुशासनका आधारभुत सिद्धान्त हुन् । गाउँपालिकबाट सम्पादन गरिने प्रत्येक क्रियाकलापहरुको बारेमा नागरिकलाई सुसूचित गराउने जिम्मेवारी स्वयं गाउँपालिकाको हो । गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, आवधिक प्रगति समिक्षा जस्ता क्रियाकलापहरु सञ्चालन गरिएता पनि पर्याप्त भने छैनन् । गाउँपालिकाबाट सञ्चालन गरिने बिबिध गतिविधिको वारे वेवसाईट, रेडीयो, पत्रपत्रिका, कार्यालयको सूचना पाटी, बुलेटिन तथा प्रत्यक्ष जनताहरुसँग छलफलका कार्यक्रमहरु सञ्चालन गरी जनतालाई जानकारी/सुशुचित गराउने गरेकोछ । यस्ता गतिबिधिहरुलाई आगामी दिनहरुमा अझ बढी प्रविधिमैत्री तथा भरपर्दो वनाउदै लैजानु पर्ने हुन्छ ।

गाउँपालिकाले यसै आर्थिक बर्ष २०७९/८० मा मात्र आफ्नो क्षमता बिकास योजना बनाई स्विकृत गरेको अवस्था छ । संविधान र कानूनवाट क्षेत्राधिकार र जिम्मेवारी थपिए अनुसार कार्यसम्पादन गर्न कर्मचारी तथा पदाधिकारीहरुको थप शीप, ज्ञान, दक्षता आवश्यक छ । अतः गाउँपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको बर्तमान क्षमताको आकलन र आवश्यकताको पहिचान गरी क्षमता विकास योजना तर्जुमा भईसकेकोले आवश्यक श्रोतहरुको व्यवस्थापन गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ ।

आ.व २०७७/७८ तथा आ.व २०७८/७९ को स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको नतिजामा पूर्वखोला गाउँपालिकाले क्रमस ५०.७५ र ४१.२५ अंक दाबी गरेको छ । बिगत दुई बर्षको नतिजालाई हेर्दा अघिल्लो बर्षको तुलनामा पछिल्लो बर्षको अङ्कमा कमी देखिएकोले गाउँपालिकाले आगामी दिनहरुमा थप मेहनत गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा सेवा ग्राहीहरुको पहिलो प्रवेशद्वार नै वडा कार्यालयहरु भएको हुँदा त्यहाबाट हुने सेवा प्रवाहलाई प्राथमिकताकासाथ हेरिनुपर्ने हुन्छ। गाउँ कार्यपालिकाको कार्यालयबाट हाल प्रवाह हुदै आएका सेवाहरुलाई विशिष्टिकृत गरी विस्तारै वडा कार्यालयहरुलाई हस्तान्तरण गर्ने र गाउँपालिकाले नीति निर्माण, नियमन, सहजीकरण तथा समन्वय जस्ता विषयमा केन्द्रित हुने नीति लिनुपर्ने देखिन्छ। वडाहरुवाट गरिने सेवा प्रवाहका क्षेत्र, जनसंख्या, सेवाग्राहीको चाँप आदिलाई मध्यनजर गरी वडा कार्यालयको दरवन्दी स्वीकृत गर्नुपर्ने हुन्छ। वडा कार्यालयबाट प्रवाहहुने सेवाहरुलाई विश्लेषण गर्दा प्रत्येक वडामा कम्तिमा पाँचौ स्तरको वडा सचिव एक जना, पाँचौ/चौथो तहको प्राविधिक एक जना, सहायक स्तर चौथो तहको एक जना कार्यालय सहायक सहितको संगठनात्मक संरचना वनाउन आवश्यक देखिन्छ। पूर्वखोला गाउँपालिकामा कर्मचारीहरुको अभावमा अहिले केही वडामा पाँचौ तहको वडा सचिव, केही वडामा चौथो तहको वडा सचिब तथा कुनै वडाहरुमा स्वास्थ्य चौकीका कर्मचारीबाट समेत कार्य सञ्चालन गनु परेको अवस्था छ।

गाउँपूर्वखोला गाउँपालिकाले संघियता कार्यान्वयन गर्ने समयमा नेपाल सरकार बाट स्वीकृत साँगठनिक संरचनालाई पुनरावलोकन गरी नयाँ संरचना स्विकृत गरेको छ। गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयको स्वीकृत दरबन्दी अनुसार जम्मा ४० जनाको दरबन्दी रहेकोमा हाल केवल २० जना मात्र कार्यरत छन्। हाल पदपूर्ति भएका २० जना मध्ये केवल १३ जना स्थायी तथा ७ जना करारमा कार्यरत रहेको अवस्था छ। कर्मचारीहरुलाई प्रत्येक आर्थिक बर्षमा निजले सम्पादन गर्नुपर्ने कामको विस्तृत कार्य विवरण तयार गरी सोही आधारमा निजसँग बार्षिक रुपमा कार्य सम्पादन सम्झौता गर्दा सेवा प्रवाहलाई अझ बदी भरपर्दो र प्रभावकारी वनाउन सकिन्छ। पूर्वखोला गाउँपालिकाले कार्य सम्पादन नियमावली २०७४ तथा कार्य बिभाजन नियमावली २०७४ स्विकृत गरी कार्यान्वयनमा ल्याइ सकेको, प्रत्येक शाखा/इकाई मा कार्यरत कर्मचारीहरुको विस्तृत कार्य विवरण तैयार भै सकेको अवस्था छ।

वडा कार्यालयहरुको हकमा ६ मध्ये ५ वटा वडा कार्यालयहरुको आफ्नो कार्यालय भवन बनिसकेको र गाउँपालिकाको केन्द्र रहेको वडा नं ३ को कार्यालय भवन भने पुरानो गा.बि.स ले प्रयोग गरेको कार्यालयमा मुस्किलले व्यवस्थापन गरेको देखिन्छ। गाउँपालिकाको नयाँ कार्यालय भवन निर्माण पश्चात हाल पालिकाले प्रयोगमा ल्याइरहेको भवन बडा कार्यालयको रुपमा प्रयोग गर्ने सोचमा पालिका रहेको छ।

### ७.१.२ अवसर तथा चूनौति

**अबसरहरु**

- गाउँपालिकाले हाल सम्म एकल अधिकार क्षेत्र भित्रका अत्यावश्यक ३८ वटा ऐन, नियम, निर्देशिका, कार्यविधी स्विकृत गरी कार्यान्वयनमा ल्याई सकेको।
- नेपालको संबिधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम बिभिन्न समितिहरु गठन गरी परिचालन गरिएको।
- नेपाल सरकारले सेवा प्रवाह सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको तथा स्थानीय स्तरमा समेत सुशासन सम्वन्धी नीति, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सकिने अवस्था रहेको।
- गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण तथा आवधिक प्रगति समिक्षा जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने गरिएको।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाह सम्वन्धी कार्यहरुलाई प्रविधियुक्त बनाई छिटो, छरितो र पारदर्शी रुपमा सम्पदान गर्न सकिने अवस्था रहेको।
- शासन व्यवस्था प्रति जनताको पूर्ण विश्वास, निर्वाचित जनप्रतिनिधि प्रति भरोसा, विकासमा सहभागी हुन ईच्छुक जनता भएको।

**चुनौतीहरु**

- जिल्लाको दुर्गम अवस्थितिले कर्मचारीहरुलाई कार्य क्षेत्रमा टिकाई राख्ने तथा सेवा प्रवाहका आधारमा आवश्यक कर्मचारी दरबन्दी व्यवस्थापन गरी समयमै दरवन्दी अनुसारको पदपूर्ति गर्ने।
- पालिकाका हरेक गतिविधिहरुलाई पारदर्शी बनाउने कार्य र कार्यरत जनशक्तिलाई जनमुखी/सेवामुखी बनाउने
- जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्न आवश्यक ज्ञान सीप र आधुनिक प्रविधियुक्त जनशक्ति व्यवस्थापन गर्ने।

### ७.१.३ सोचः दक्ष, सहयोगी र नैतिकबान जनशक्ति; सुशासन मैत्री शासन पद्धति

**७.१.४ लक्ष्य :** सुदृढ संस्थागत संरचना मार्फत गुणस्तरीय सेवा प्रवाह भै जनतामा सुशासनको प्रत्याभुति भएको हुनेछ

**७.१.५ उद्देश्य** प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा, उत्प्रेरित जनशक्तिको विकास तथा भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गर्ने ।

### ७.१.६ रणनीति

- आवश्यकता अनुसार कानून तथा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- उत्प्रेरित जनशक्तिको व्यवस्थापन सहित कर्मचारीहरुको कार्यसम्पादनलाई सेवा प्रवाह संग आवद्ध गर्ने ।
- समृद्धिमैत्री शासन पद्धतिमा टेवा पुऱ्याउन आवश्यक भवन, फर्निचर,सवारी साधन, प्रविधि र यान्त्रिक उपकरणको व्यवस्था गर्ने ।
- सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्वन गर्दै जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउने ।

### ७.१.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छः

**तालिका ५.१० सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| सार्वजनिक लेखापरीक्षण भएका योजना | प्रतिशत | १०० | १०० | १०० | १०० |
| इन्टरनेट सुबिधा भएका वडा कार्यालयहरु | संख्या | ६ | ६ | ६ | ६ |
| न्यायिक समितिमा आएका मुद्धाहरुको फछर्यौट | प्रतिशत | ७५ | ८० | ८५ | ९० |
| वस्तुगत विवरण अद्यावधिक | पटक | ० | १ | १ | १ |
| लैससास स्थानीय रणनीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| लैङ्गिक उत्तरदायी बजेट परीक्षण (बार्षिक) | पटक | १ | १ | २ | ३ |
| निर्णय प्रक्रियामा महिला सहभागिता | प्रतिशत | ३३ | ३५ | ३७ | ३८ |

### ७.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **संस्थागत बिकास** उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८६००.०० | ५१००.०० | ३५००.०० | | | | | |
| २०८१/८२ | ५९००.०० | ४४००.०० | १५००.०० | | | | | |
| २०८३/८४ | ६४००.०० | ४९००.०० | १५००.०० | | | | | |

### ७.१.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तर्जुमा गर्न बाँकी रहेका कानून निर्माण | थप कानूनहरु निर्माण गर्ने | सालवसाली | ९००.०० | थप कानूनहरु निर्माण भएका हुनेछन् । |
| २ | सार्वजनिक सुनुवाई र प्रगति समीक्षा कार्यक्रम । | सार्वजनिक सुनुवाई र प्रगति समीक्षा कार्यक्रम संचालन गर्ने । | सालवसाली | १३००.०० | नियमानुसार सार्वजनिक सुनुवाई र प्रगति समीक्षा कार्यक्रम संचालन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | एकीकृत घुम्ती सेवा सञ्चालन। | एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने। | सालवसाली | ११००.०० | एकीकृत घुम्ती सेवा सञ्चालन भई सेवा प्रवाहमा सहजता भएको हुनेछ। |
| ४ | कर्मचारीहरुको लागि क्षमता बिकास कार्यक्रम। | कर्मचारीहरुको क्षमता बिकास तालिम संचालन गर्ने। | सालवसाली | ५३००.०० | कर्मचारीहरुको क्षमता बिकास तालिम संचालन भएका हुनेछन्। |
| ५ | जनप्रतिनिधिहरुको लागि क्षमता बिकास कार्यक्रम। | जनप्रतिनिधिहरुको क्षमता बिकास तालिम संचालन गर्ने | सालवसाली | ३६००.०० | जनप्रतिनिधिहरुको क्षमता बिकास तालिम संचालन भएका हुनेछन्। |
| ६ | भौतिक उपकरण व्यवस्थापन | कार्यालयमा भौतिक उपकरणको व्यवस्थापन गर्ने। | सालवसाली | ६५००.०० | कार्यालयमा भौतिक उपकरणको व्यवस्थापन भै सेवा प्रवाहमा सहजता भएको हुनेछ। |
| ७ | आवधिक योजनाको मध्यावधिक समिक्षा | आवधिक योजनाको मध्यावधिक समिक्षा गर्ने। | २०८३/८४ | १०००.०० | आवधिक योजनाको मध्यावधिक समिक्षा भएको हुनेछ। |
| ८ | बिभिन्न प्रकाशन सम्वन्धी कार्य तथा मिडिया मोविलाइजेसन। | बिबिध प्रकाशन गर्ने। | सालवसाली | १२००.०० | बिबिध सामाग्रीहरुको प्रकाशन भएको हुनेछ । |
| | | | जम्मा | २०९००.०० | |

### ७.१.१० जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.२ वित्तीय सुशासन

### ७.२.१ पृष्ठभूमि

वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो। वित्तीय अनुशासनलाई प्रभावकारी रुपमा आत्मसात गर्न सकेमा आर्थिक समृद्धिको लक्ष्य प्राप्ति सम्भव हुनुका साथै नागरिकले सरकारलाई हेर्ने दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउछ। कार्यान्वयनका लागि छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, समयमै बेरुजु फछ्यौंट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सावर्जनिकीकरण, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन्।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले विकास कार्यक्रमहरुमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य बनाउने रणनीति सहित विकास आयोजनाहरुमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था अनिवार्य गर्ने, प्रभावकारी अनुगमन, सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षणको व्यवस्था गर्ने, आर्थिक कारोवार हुने सरकारी कार्यालयहरुमा सिसिटिभी जडान गरी अनुगमन गर्ने जस्ता कार्यनीतिहरु तय गरेकोछ।

पूर्वखोला गाउँपालिकाले नेपालको संबिधान २०७२ मा व्यवस्था भए बमोजिमको समय सीमा भित्र राजश्व तथा व्ययको अनुमान सभामा पेश गरी स्वीकृत गर्ने गरेकोछ। गाउँपालिकाको मुख्य आय स्रोतमा संघीय तथा प्रदेश सरकारबाट वार्षिक रुपमा प्राप्त हुने बिभिन्न अनुदान, तथा राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन्। नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई विभिन्न स्रोतबाट स्थानीय स्तरमा आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व संकलन गर्न सक्ने प्रावधान रहेता पनि यथार्थमा त्यस क्षेत्रको आम्दानी न्यून रहेको छ। गाउँपालिकाले यसै आर्थिक बर्ष २०७९/८० मा मात्र आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

एकातर्फ गाउँपालिकाको आन्तरिक स्रोत कमजोर रहनु अर्को तर्फ केन्द्र तथा प्रदेश सरकारहरुबाट प्राप्त अनुदान तथा राजस्व बाँडफाँडको रकमहरु समेत समयमै खर्च गर्न नसक्नुले जनताको स्थानीय सरकार प्रतिको बिश्वास घट्दै जाने

अवस्था श्रृजना हुन सक्दछ । गाउँपालिकाले प्रत्येक बर्ष बार्षिक कार्यक्रम संचालन पूर्व नियमानुसार खरिद योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्नेमा सो हुन सकेको छैन ।

### ७.२.२ अवसर तथा चूनौति

**अवसरहरु**

- संघ र प्रदेश सरकारवाट प्राप्त हुने अनुदानका अलावा विभिन्न विकास आयोजना सञ्चालन भइरहेको ।
- सम्पूर्ण आर्थिक कारोवारलाई बिद्युतीय माध्यमबाट सञ्चालन गरी बिद्युतीय सुशासन कायम गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीलाई बित्तीय सुशासन सम्बन्धी तालिम उपलव्ध गराई कार्य क्षमतामा बृद्धि गर्ने ।

**चुनौतीहरु**

- सार्वजनिक खरिद प्रक्रिया जटिल रहेको र बेरुजु बढ्दै गएको ।
- खरिद योजना तथा खरिद प्रक्रिया नियमसंगत, व्यवस्थित र पारदर्शी बनाउने ।
- आन्तरिक स्रोत अति न्यून रहेकोले केन्द्र एवं प्रदेश सरकारबाट प्राप्त अनुदानबाट जन आवश्यकता पूरा गर्ने ।
- खर्चगर्ने क्षमतामा सुधार गर्ने ।

**७.२.३ सोच** आन्तरिक तथा बाह्य श्रोतमा वृद्धि, पूर्वखोलाको सम्बृद्धि ।

**७.२.४ लक्ष्य:** बिकास गतिविधिहरुमा आर्थिक मितब्ययीता तथा पारदशीर्ता कायम गरी जन विश्वास आर्जन गर्ने ।

**७.२.५ उद्देश्य** गाउँपालिकाका आर्थिक कृयाकलापहरुलाई पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।

### ७.२.६ रणनीति

- वित्तीय सुदृढीकरण तथा पारदर्शीतामा जोड दिने ।
- आवधिक योजनालाई मुख्य आधारको रुपमा ग्रहण गरी अन्य योजना तर्जुमा गर्ने

### ७.२.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार बित्तिय उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ:

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| आम्दानी खर्चको सार्वजनिकीकरण (चौमासिक) | पटक | १ | ३ | ६ | ९ |
| सार्वजनिक सुनुवाई (चौमासिक) | पटक | ३ | ३ | ६ | ९ |
| सामाजिक परिक्षण भएको योजना/कार्यक्रम | संख्या | ० | १ | २ | ३ |
| संगठन तथा व्यवस्थापन अध्ययन | पटक | १ | १ | १ | १ |
| करका दर र दायरा बारे बिस्तृत अध्ययन | संख्या | १ | १ | १ | २ |
| मध्यकालीन खर्च संरचना तर्जुमा | पटक | ० | १ | २ | ३ |
| आम्दानी खर्चको सार्वजनिकीकरण (चौमासिक) | पटक | १ | ३ | ६ | ९ |

### ७.२.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वित्तीय सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६००.०० | ६००.०० | ०.०० | ० | | | | |
| २०८१/८२ | ६००.०० | ६००.०० | ०.०० | ० | | | | |
| २०८३/८४ | ७००.०० | ७००.०० | ०.०० | ० | | | | |

### ७.२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | मध्यकालीन खर्च संरचना तर्जुमा (बार्षिक रुपमा) | मध्यमकालिन खर्च संरचना तर्जुम ागर्ने । | सालबसाली | १२००.०० | मध्यमकालिन खर्च संरचना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ । |
| २ | बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तर्जुमा । | बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तर्जुमा गर्ने । | सालबसाली | ७००.०० | बार्षिक खरिद योजना तथा खरिद गुरु योजना तर्जुभएको हुनेछ । |
| | | | जम्मा | १९००.०० | |

### ७.२.१० जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति, कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ न्याय प्रणाली

### ७.३.१ पृष्ठभूमि

पन्ध्रौ योजनाले स्वतन्त्र, निष्पक्ष, पहूँचयोग्य, सक्षम र विश्वसनीय न्याय प्रणाली भन्ने दीर्घकालीन सोँच र सो अनुसारको लक्ष्य लिएको छ । हिंसारहित, सुरक्षित र न्यायपूर्ण समाज निर्माण भन्ने दीर्घकालीन सोँच लिएको लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले स्थानीय तहको न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गर्ने, प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना र सहजीकरण गर्ने, सामाजिक जागरणका कार्यक्रम सञ्चालन गर्ने, सामाजिक भेद्भाव, आय असमानता र गरिबी हटाउन सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने, घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने कार्यनीतिहरु तय गरिएको छ ।

नेपालका् संबिधानको धारा २१७ मा भएको व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिकाहरुमा एक न्यायिक समिति रहने व्यवस्था गरेको छ, जसको क्षेत्राधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ अनुसार हुने व्यवस्था छ । न्याय प्रणालीको प्रस्थान विन्दु स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवं प्रणालीबद्ध बनाई प्रभावकारीता ल्याउनु अपरिहार्य छ । स्थानीय तहमा न्यायिक कार्य सम्पादन सम्बन्धी ज्ञान र सीपको अभावमा काम गर्न केही असहज भएता पनि बिस्तारै समितिका पदाधिकारी एवं कर्मचारीहरुको क्षमता अभिबृद्धि भई हाल सहज अवस्था श्रृजना भएको छ । न्यायिक समितिका काम कार्यबाहीहरुलाई व्यवस्थित गर्न कार्यपालिकाबाट न्यायिक समितिको कार्य संचालन सम्वन्धी कार्यबिधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

### ७.३.२ अवसर तथा चूनौति

**अवसरहरु**

- नेपालको संबिधानमै स्थानीय तहमा न्यायिक कार्यसम्पादनका लागि न्यायिक समितिको व्यबस्था भै स्थानीय सरकार संचालन ऐन, २०७४ मा न्यायिक समितिको क्षेत्राधिकार बारे प्रष्टरुपमा उल्लेख भएको ।
- गाउँपालिकामा न्यायिक समिति गठन भै न्यायिक कार्यसम्पादनको कार्य अगाडी बढिरहेको ।
- न्यायिक समितिबाट सम्पादित कार्यहरुबाट जनतामा सकारात्मक सन्देश प्रवाह भएको ।
- गाउँपालिकाका सबै वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्रहरु गठन भै कार्यसम्पादन भै रहेको ।

**चुनौतीहरु**

- स्थानीय तहमा न्याय सम्पादन प्रणालीलाई पद्धतिको रुपमा विकास गर्ने ।
- न्यायिक कार्य सम्पादनका लागि पर्याप्त ज्ञान तथा सीपको व्यवस्थापन गर्ने ।
- आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

**७.३.३ सोच** पूर्वखोलाको प्रतिबद्धता; निष्पक्ष न्याय सम्पादनमा अग्रसरता ।

**७.३.४ लक्ष्य :** स्वतन्त्र, निष्पक्ष तथा सहजरुपमा न्याय पाउने अवस्थाको सिर्जना गर्ने ।

**७.३.५ उद्देश्य** पूर्वखोलावासीलाई सहज रुपमा न्यायिक सेवा उपलब्ध गराउने ।

**७.३.६ रणनीति**

- न्यायिक कार्यसम्पादनका लागि संस्थागत सुदृढीकरण र क्षमता विकासमा जोड दिने ।
  - आवश्यकता अनुसार कार्यविधिमा सुधारगरी कार्यान्वयनमा ल्याइनेछ ।
  - न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिनेछ ।
  - वडाहरुमा गठन भएका सामुदायिक मेलमिलाप केन्दलाई थप सुदृढीकरण गरिने छ ।
  - स्थानीय स्तरमा सामाजिक भेद्भाव, कुरीतीहरु, लैंगिक हिंसा जस्ता बिषयमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**७.३.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार **न्याय प्रणाली** उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| न्यायिक समितिमा आएका मुद्धाहरुको फछ्यौंट | प्रतिशत | ७५ | ८० | ८५ | ९० |

**७.३.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५००.०० | ५००.०० | ०.०० | ० | | | | |
| २०८१/८२ | ५००.०० | ५००.०० | ०.०० | ० | | | | |
| २०८३/८४ | ७००.०० | ७००.०० | ०.०० | ० | | | | |

**७.३.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम । | क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्ने । | सालबसाली | १०००.०० | न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन भएको हुनेछ । |
| २ | स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन | कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | सालबसाली | ७००.०० | स्थानीय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| | | | **जम्मा** | १७००.०० | |

**७.३.१० जोखिम पक्ष तथा पूर्वानूमान**

स्थानीय नीति र कानून बमोजिम श्रोत तथा दक्ष मानव संशाधन उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

**७.४ नबिनतम प्रबिधिको प्रयोग**

### ७.४.१ पृष्ठभूमि

नवीनतम प्रविधिलाई स्थानीय विकाससँग आवद्ध गर्दै यस सम्बन्धी खोज, आविस्कार, उत्खनन् र विकासमा लगानी गर्न आवश्यक छ । स्वच्छ वातावरण, शिक्षा, स्वास्थ, पूर्वाधार, सूचना तथा सञ्चार, सेवा, लगायतको क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग गरी सुखी एवं समृद्ध राष्ट्र निर्माणमा टेवा पुऱ्याउनु अहिलेको आवश्यकता हो । पन्ध्रौ योजनाले उत्पादनसँग प्रविधि तथा नव-पर्वर्तन भन्ने सोँच र नवीनतम प्रविधिलाई उत्पादनमा आवद्ध गर्दै समृद्धि हासिल गर्ने सोँचे लिएको छ। त्यसैगरी शासकीय सुधार अन्तरगत आधुनिक प्रविधिमा आधारित विधिको शासन भन्ने सोँच सहित सार्वजनिक निकायका काम कारवाहीलाई प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासमा अभिवृद्धि गर्ने उद्देश्य उक्त योजनाले अङ्गिकार गरेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले सूचना प्रविधिको प्रयोग गरी सरकारी कामकाज छिटो छरितो ढङ्गले सम्पादन गर्ने, विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यहरुलाई सहज बनाउने, मोबाइल एप्स मार्फत जनगुनासो संकलन र व्यवस्थापन गर्ने जस्ता कार्यनीतिहरु तय गरेको छ।

पूर्वखोला गाउँपालिकाले नविनतम प्रविधिलाई प्राथमिकताका साथ प्रयोग गर्दै आएको छ। हाल पालिकामा व्यक्तिगत घटना दर्ता सम्वन्धी सफ्टवेयर, शिक्षा सम्वन्धी **EMIS**, स्वास्थ्य सम्वन्धी **HMIS**, लेखा व्यवस्थापनको लागी **SUTRA**, राजस्व सम्वन्धी **Sangrila**, योजना व्यवस्थापनमा **PAM** लगायत अन्य विभिन्न सफ्टवेयर प्रयोगमा रहेका छन् । गाउँपालिकाले आफ्नै मोवाइल एप्स तथा वेवसाइट, फेसबुक पेज समेत प्रयोगमा ल्याइसकेको छ। आगामि दिनहरुमा सेवा प्रवाहलाई अझ बढी सहज र सुलभ भरपर्दो बनाउन विभिन्न स्थानहरुमा इन्टरनेट सेवा विस्तार गरी नविनतम ज्ञानको विस्तार र गुणस्तरिय सेवा प्रवाहमा सुधार ल्याउन आवश्यक छ।

### ७.४.२ अवसर तथा चूनौति

**अवसर**

- बिभिन्न सफ्टवेयरहरु निर्माण गरी सेवा प्रवाहलाई छिटो छरितो गर्न सकिने ।
- शिक्षित युवा पिढी सूचना प्रविधिमा बढी अभ्यस्त र लालायित रहेको ।
- नयाँ प्रविधियुक्त स्मार्ट मोबाइलको उल्लेख्य विस्तार भएको ।
- भू-मण्डलीयकरणले गर्दा नविनतम प्रविधिलाई सहज रुपमा प्रयोग गर्न सकिने अवस्था रहेको ।

**चुनौती**

- नविनतम प्रविधिलाई उत्पादनसँग जोड्ने गरी विस्तार र प्रयोग गर्ने ।
- नविनतम प्रविधिको समुचित प्रयोग र व्यवस्थापन गर्ने ।

**७.४.३ सोच** **आर्थिक तथा सामाजिक समुन्नतीका लागि नबिनतम प्रविधिको प्रयोग ।**

**७.४.४ लक्ष्य :** **पालिका भित्र इन्टरनेटको सहज पहूँच पुऱ्याई प्रविधिमैत्री वातावरण कायम गर्ने ।**

**७.४.५ उद्देश्य** नबिनतम प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सहजता भएको हुनेछ ।

### ७.४.६ रणनीति

- सूचना प्रविधिको विकास र पहूँचका लागि संस्थागत व्यवस्था गरी आर्थिक, सामाजिक विकासको क्षेत्रमा व्यापक प्रयोग गर्ने ।
  - सूचना प्रविधि सम्बन्धी स्थानीय कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
  - गाउँपालिकाको काम, कारवाही र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई एकीकृत प्रणालीको रुपमा विकास गरिने छ ।
  - वडा तथा वस्तीहरुमा इन्टरनेट सुविधा पुऱ्याउन सेवा प्रदायक कम्पनीहरुलाई प्रोत्साहन गरिनेछ ।
  - सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा इन्टरनेट सेवा पुऱ्याउन प्राथमिकता दिइनेछ ।
  - जनतालाई लाभ पुऱ्याउने गरी मोबाइल एप तथा वेवसाइटको प्रयोगमा जोड दिइने छ ।

### ७.४.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार नबिनतम प्रबिधिको प्रयोग उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | ईकाइ | २०७९/८० | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|

| | | को अवस्था | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
|---|---|---|---|---|---|
| पालिका र वडा कार्यालय बीच नेटवर्किङ्ग | संख्या | ६ | ६ | ६ | ६ |
| सुविधायुक्त वडा कार्यालय | संख्या | १ | २ | ३ | ४ |
| मोवाइल प्रयोगकर्ता (परिवार) | प्रतिशत | ७३.६७ | ७५ | ८५ | ९२ |
| इन्टरनेट सेवामा पहुँच (परिवार) | प्रतिशत | ५१.५२ | ५३ | ५४ | ५५ |
| ICT ल्याब भएका विद्यालय | संख्या | १० | ११ | १२ | १३ |
| इन्टरनेट सेवा उपलब्ध विद्यालय | संख्या | १५ | १८ | २२ | २५ |

### ७.४.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार नबिनतम प्रबिधिको प्रयोग उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२००.०० | ३००.०० | ९००.०० | ० | | | | |
| २०८१/८२ | १०००.०० | ०.०० | १०००.०० | ० | | | | |
| २०८३/८४ | १४००.०० | ०.०० | १४००.०० | ० | | | | |

### ७.४.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको नबिनतम प्रबिधिको प्रयोग उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सूचना प्रविधि सम्बन्धी स्थानीय कानूनको तर्जुमा | सूचना प्रविधि सम्बन्धी स्थानीय कानूनको तर्जुम ागर्ने | २०८०/८१ | ३००.०० | सूचना प्रविधि सम्बन्धी स्थानीय कानूनको तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ। |
| २ | विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम (बिभिन्न सफ्टवयरको प्रयोग) | थप सफ्टवयरको प्रयोगमा ल्याउने। | सालबसाली | २५००.०० | विद्युतीय शासन प्रवर्द्धनका लागि थप बिभिन्न सफ्टवयरको प्रयोगमा ल्यार्य सेवा प्रवाहलार्य सहज बनाइएको हुनेछ। |
| ३ | गाउँपालिका तथा वडा कार्यालय बीच नेटवर्किङ। | गाउँपालिका तथा वडा कार्यालय बीच नेटवर्किङ गर्ने। | २०८०/८१ र २०८३/८४ | ८००.०० | सेवा प्रवाहलार्य सहज बनाउन वडा र पालिका बिचको नेटवर्किङ भरपर्दो हुनेछ। |
| | | | जम्मा | ३६००.०० | |

### ७.४.१० जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति र कानून बमोजिम श्रोत तथा दक्ष मानव संशाधन उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ७.५ शान्ति सुरक्षा

### ७.५.१ पृष्ठभूमि

सुरक्षा चुनौतीको प्रतिरक्षा गर्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता तथा उद्यम, व्यापार व्यवसायको सुरक्षाको प्रभावकारी प्रबन्ध गर्नु राज्यको संवैधानिक दायित्व हुन्छ। शान्ति र सु-व्यवस्था सुशासन र विकासका लागि अपरिहार्य शर्त हो, स्थीरता र विकासको आधार समेत हो।

पन्ध्रौ योजनाले **मानवीय सुरक्षा सहितको विकास र समृद्धिका लागि शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति र सम्वर्द्धन गर्ने** लक्ष्य लिएको छ। लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले **शान्त, सम्यमित, हिंसारहित र न्यायपूर्ण समाज** भन्ने सोँच सहित प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति गराउने लक्ष्य र अमन चयन कायम गर्ने उद्देश्य लिएको छ।

समृद्ध पूर्वखोलाको परिकल्पनालाई सार्थक वनाउन नागरिक सुरक्षा सहितको शान्तिपूर्ण बातावरण आवश्यक पर्दछ । कुनै पनि आर्थिक गतिविधि संचालनका लागि पहिलो शर्तका रुपमा स्थानीय स्तरको शान्तिपूर्ण वातावरण नै प्रमुख रहन्छ । समाजमा घट्ने हत्या, हिंसा, बलत्कार, अपहरण, मानव बेचविखन, चोरी डकैती जस्ता अपराधिक गतिविधिहरु नियन्त्रण गरी शान्ति स्थापना गर्नु सरकारको कर्तव्य हुन आउछ । यद्यपि सवै तहको शान्ति स्थापना गर्ने कार्य केन्द्रीय सरकारको भएता पनि स्थानीय सरकारको भूमिका समेत महत्वपुर्ण रहन्छ । गाउँपालिकामा शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिताका साथै स्थानीय स्तरमा संचालन हुने विकास निर्माणका गतिविधिहरुलाई सुचारु गराउने दायित्व समेत स्थानीय सरकारको हुने हुँदा पूर्वखोला गाउँपालिकाले शान्ति सुरक्षा स्थापनाका लागि पालिकामा स्थापना भएका तथा अन्य पालिकाबाट सेवा प्रवाह गर्ने प्रहरी चौकीहरुसँगको सहयोग र समन्वयमा शान्ति सुरक्षा सम्बन्धी कार्यलाई सुझबुझका साथ अगाडी बढाइरहेको अवस्था छ यस कार्यमा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुले समेत अहं भूमिका निर्वाह गरिरहेको अवस्था छ ।

### ७.५२ अवसर तथा चूनौति

**अवसर**

- गाउँपालिकाको रिङ्नेरहमा प्रहरी चौकी स्थापना भै वडा नं १-४ को शान्ती सुव्यवस्था कायम राख्न कृयाशील रहेको तथा वटा नं ५ र ६ हेर्ने गरी रम्भाको .......मा रहेको प्रहरी चौकीलाई तोकीएको ।
- वडा स्तरमा गठन गरिएका सामाजिक संघ संस्थाहरुको भूमिका सकारात्मक रहेको ।
- स्थानीयवासीहरु आपसी मेलमिलाप र सद्भाव कायम गरी गाउँ समाजमा शान्ति कायम गर्न सदिऔं देखि अभ्यस्त रहेको ।

**चुनौतीहरु**

- गाउँपालिकाको भूगोल ठूलो रहेकोले मौजुदा संगठन र जनशक्तिबाट शान्ति सुरक्षा कायम गर्ने ।
- नयाँ स्वरुपमा देखा परेका अपराधिक गतिविधिलाई नियन्त्रण गर्ने ।

**७.५३ सोच** शान्त र सुरक्षित पूर्वखोला ।

**७.५.४ लक्ष्य :** स्थानीय जनतालाई महसूस हुने गरी शान्ति सुव्यवस्था कायम गर्ने ।

**७.५.५ उद्देश्य** शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने

### ७.५.६ रणनीति

- गाउँपालिकामा शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गरी बिधिको शासन स्थापना गर्ने ।
  - पालिकामा अवस्थित प्रहरी कार्यालयहरुमा आवश्यक स्रोत, साधनको व्यस्थापन गरिनेछ ।
  - रिङ्नेरहमा अवस्थित इलाका प्रहरी प्रहरी कार्यालयको भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ
  - गाउँपालिकामा रहेका विभिन्न महत्वपूर्ण भौतिक, साँस्कृतिक, पूरातात्विक वस्तु, भवन, पूर्वाधार आदिमा सुरक्षा प्रवन्ध मिलाइनेछ ।
  - शान्ति सुरक्षा तथा सु-व्यवस्थामा स्थानीय स्तरमा गठन भएका सामुदायिक संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।
  - स्थानीयबासी तथा प्रहरी बिचको सम्वन्धलाई अझ बढी सुदृढ गर्न सामुदायिक प्रहरी कार्यक्रम संचालन गरिनेछ ।

### ७.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार शान्ति सुरक्षा उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८००.०० | ५००.०० | ३००.०० | ० | | | | |
| २०८१/८२ | ७००.०० | ५००.०० | २००.०० | ० | | | | |
| २०८३/८४ | ८००.०० | ६००.०० | २००.०० | ० | | | | |

### ७.५.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको शान्ति सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउन आवश्यक सहयोग । | सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाउने । | सालबसाली | ७००.०० | स्थानीय सुरक्षा प्रशासनलाई प्रविधियुक्त बनाइएको हुनेछ । |
| २ | सामुदायिक प्रहरी कार्यक्रम | सामुदायिक प्रहरी कार्यक्रम संचालन गर्ने । | सालबसाली | ९००.०० | सामुदायिक प्रहरी कार्यक्रम संचालन भई सान्ती सुरुषा स्थापना गर्न सहज भएको हुनेछ |
| ३ | लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण तथा सचेतना कार्यक्रम । | लागु पदार्थ दुर्व्यसन सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने । | सालबसाली | ७००.०० | सचेतनामूलक कार्यक्रम बाट लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण गर्न सहज भएको हुनेछ । |
| | | | जम्मा | २३००.०० | |

### ७.५.१० जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति र कानून बमोजिम श्रोत तथा दक्ष मानव संशाधन उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.६ अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार

### ७.६.१ पृष्ठभूमि

विकास प्रक्रियालाई नतिजा मूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ । विकास आयोजनाहरुको व्यवस्थित अनुगमन तथा मूल्यांकनका लागि राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ र प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ समेत कार्यान्वयनमा छन्

अनुगमन तथा मूल्यांकन आन्तरिक तथा तेश्रो पक्ष मार्फत गरिन्छ, जसबाट योजना तथा कार्यक्रमको असर र प्रभावको जानकारी हुनुका साथै आवश्यक पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । अनुगमन तथा मूल्यांकन पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीन प्रविधिको प्रयोग हुन आवश्यक छ । स्थानीय तहमा सञ्चालन हुने बिबिध विकास निर्माणका गतिविधिमा अनुगमन तथा मूल्यांकन पद्धतिलाई संस्थागत गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा एक अनुगमन समितिको व्यवस्था गरिएको छ । उक्त समितिले गाउँपालिका अन्तरगत सञ्चालन गरिने विकास निर्माणका गतिविधिहरुको अनुगमन गरी तत्काल सुधारका लागि राय सुझाव दिने तथा गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । अनुगमन तथा मूल्यांकन पद्धतिलाई विश्वसनीय तथा भरपर्दो गराउन अनुगमन तथा मूल्यांकनका बस्तुगत सूचकहरु विकास गरी सो को आधारमा अनुगमन कार्य गर्न सकिएको छैन । अनुगमन तथा मूल्यांकन पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउन नवीनतम प्रविधिको समेत प्रयोग हुने गरेकोमा आगामी दिनहरुमा यसलाई अझ ब्यापकता दिनुपर्ने हुन्छ ।

### ७.६२ अवसर तथा चूनौति

**अवसर**

- नेपालको संविधानमै अनुगमन तथा मूल्यांकन सम्वन्धी प्रष्ट व्यवस्था गरिएको ।
- हालको अनुगमन तथा मूल्यांकन पद्तितिलाई सुदृढ तथा प्रभावकारी बनाउने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिमा प्रबिधिको प्रयोग गर्ने ।
- बौद्धिक ब्यक्तित्व र स्थानीय स्तरमा क्रियाशील संघ संस्थाहरुको सहयोग लिने ।

**चुनौतीहरु**

- अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित गर्ने ।
- अनुगमन तथा मूल्यांकन पद्धतिलाई सूचना मैत्री बनाउने ।
- अनुगमन तथा मूल्यांकन सम्वन्धी संरचनागत व्यवस्थालाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

**७.६.३ सोच** **गुणस्तरमा सुनिश्चितता; अनुगमन तथा मूल्यांकनको प्रभावकारीता ।**

**७.६.४ लक्ष्य :** बिकास निर्माण कार्यमा गुणस्तर कायम गरी जनताप्रतिको जवाफदेहितालाई सुनिश्चित गर्ने ।

**७.६.५ उद्देश्य** अनुगमन तथा मूल्यांकन प्रणालीमा प्रभावकारिता ल्याई बिकास निर्माणमा गुणस्तर कायम गर्ने ।

### ७.६.६ रणनीति

- अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतीजामा आधारित गराई प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिने ।
  - वार्षिक कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।
  - कार्यक्रम कार्यान्वयनको क्रममा आउने जनगुनासाहरु तथा प्रविधिक कठिनाईहरुलाई तत्काल सम्वोधन गर्ने व्यवस्था मिलाइनेछ ।
  - अनुगमन तथा मूल्यांकनबाट प्राप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिई सुधार गर्दै लगिनेछ ।
  - नतिजा मा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिका सूचकहरुको विकास गरी कार्यान्वयनमा ल्याइनेछ
  - अनुगमन तथा मूल्यांकन संग सम्वद्ध व्यक्तिलाई नतीजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धति बारे प्रशिक्षण गरी परिचालन गरिने छ ।

### ७.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०००.०० | १०००.०० | ०.०० | ० | | | | |
| २०८१/८२ | ५००.०० | ५००.०० | ०.०० | ० | | | | |
| २०८३/८४ | ६००.०० | ६००.०० | ०.०० | ० | | | | |

### ७.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नतीजामा आधारित अनुगमन तथा मूल्यांकन कार्यविधि तर्जुमा । | नतीजामा आधारित अनुगमन तथा मूल्यांकन कार्यविधि तर्जुमा गर्ने । | २०८०/८१ | ५००.०० | नतीजामा आधारित अनुगमन तथा मूल्यांकन कार्यविधि तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ । |
| २ | कार्यक्रमहरुको अनुगमन कार्यक्रम | विकास निर्माण कार्यहरुको अनुगमन गर्ने । | सालबसाली | १६००.०० | नतीजामा आधारित अनुगमन तथा मूल्यांकन कार्यविधि अनुसार विकास निर्माण कार्यहरुको अनुगमन भएको हुनेछ । |
| | | | जम्मा | २१००.०० | |

### ७.६.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय नीति र कानून बमोजिम श्रोत साधनको उपलब्धता भएमा अपेक्षित नतिजा प्राप्त हुनेछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.७ तथ्यांक प्रणाली

### ७.७.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार तीनै तहका सरकारहरुले आ-आफ्नो विषयगत कार्यक्षेत्र अन्तरगतका तथ्यांक उत्पादन र आपूर्ति गर्दछन् । यस्ता तथ्यांकहरु विकास र समृद्धिको लागि सरकारका नीति, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनका लागि र विभिन्न कार्यक्रमहरुको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न वस्तुगत आधार हुन सक्दछन् । नीति निर्माण तथा योजना तर्जुमाका लागि भरपर्दो तथा विश्वसनीय तथ्यांकको आवश्यकता पर्दछ । भरपर्दो तथ्यांकको अभावमा विद्यमान स्थितिको यथार्थ विश्लेषण गर्न सकिदैन । पूर्वखोला गाउँपालिकाले २०७५ मा सेवा प्रदायक संस्था मार्फत तथ्यांक संकलन

तथा प्रशोधन गरी वस्तुस्थिति विवरण तयार गरेको भएता हाल यो उपलब्ध छैन । पूर्वखोला गाउँपालिका सूचना प्रविधिको प्रयोगमा बामे सर्दैछ । सूचना प्रविधिको प्रयोगका लागि सोही अनुसारको जनशक्ति पनि आवश्यक हुन्छ । त्यसैले गाउँपालिकाले कर्मचारीहरुलाई प्रविधिको प्रयोग सम्वन्धी ज्ञान र सीप हस्तान्तरण गर्नु आवश्यक छ । यसका लागि कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरी विश्वसनीय तथ्यांक उत्पादन र वितरणमा सुनिश्चितता ल्याउन जरुरी छ ।

### ७.७.२ अवसर तथा चूनौति

**अवसरहरु**

- गाउँपालिकाका विभिन्न शाखा र वडा कार्यालयहरुमा आवश्यक तथ्यांक संकलन गरी अद्यावधिक गर्ने ।
- उपलब्ध जनशक्ति र प्रविधिको प्रयोगद्धारा तथ्यांक संकलन र विश्लेषण गर्न सकिने अवस्था रहेको ।
- केन्द्रीय तथ्यांक कार्यालय लगायत अन्य सम्वद्ध निकायको संयोजनमा तथ्यांक अद्यावधिक गर्न सकिने ।

**चुनौतीहरु**

- दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोग गरी गाउँपालिकाले वास्तविक र भरपर्दो तथ्यांक अद्यावधिक गर्ने ।
- वास्तविक तथ्यांकहरुको आधारमा नीति निर्माण तथा विकास आयोजना छनौट तथा सञ्चालन गर्ने ।

**७.७.३ दीर्घकालीन सोँच :** पूर्वखोलाको प्रतिवद्धता, तथ्यांकमा आधारीत कार्य व्यवस्था ।

**७.७.४ लक्ष्य :** नीति निर्माण तथा योजना तर्जुमाका लागि विश्वसनीय तथा आधिकारीक तथ्यांकको व्यवस्थापन गर्ने ।

**७.७.५ उद्देश्य :** आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन तथा भण्डारणको व्यवस्थापन गर्ने ।

### ७.७.६ रणनीति

- तथ्यांक संकलन, प्रशोधन, भण्डारण र व्यवस्थापन सम्वन्धी कार्यलाई व्यवस्थित एवं परिणाममुखी बनाउने ।
  - व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।
  - सूचना संकलन, प्रशोधन तथा प्रकाशनलाई प्रविधिमैत्री बनाइनेछ ।
  - भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी क्षेत्रगत तथ्यांकहरु (Spatial Data) को व्यवस्थापन गरिनेछ ।
  - पालिकाको वस्तुस्थिति विवरण तयार गरिनेछ ।
  - गाउँपालिकाको वेबसाइट अद्यावधिक गरी वार्षिक कार्यक्रम, विविध प्रकाशन र सूचनाहरु सार्वजनिकीकरण गरिनेछ ।

### ७.७.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार तथ्यांक प्रणाली उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | ईकाइ | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८०/८१ | ०८०/८१ |
| वस्तुगत विवरण अद्यावधिक | पटक | ० | १ | १ | १ |
| सुविधायुक्त वडा कार्यालय | संख्या | १ | १ | २ | ३ |
| इन्टरनेट सेवामा पहुँच (परिवार) | प्रतिशत | ५१.५२ | ५२ | ५३ | ५४ |

### ७.७.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्यांक प्रणाली उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४५०.०० | १४५०.०० | ०.०० | ० | | | | |
| २०८१/८२ | ६५०.०० | ६५०.०० | ०.०० | ० | | | | |
| २०८३/८४ | ७००.०० | ७००.०० | ०.०० | ० | | | | |

### ७.७.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको तथ्यांक प्रणाली उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

